अदालतले भर्ने...
दर्ता नं. ....
दर्ता मिति....

# श्री काठमाडौं जिल्ला अदालतमा

## मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३२ तथा सम्पत्ति शुद्धीकरण (नियन्त्रण) ऐन, २०६४ को दफा २२ बमोजिम दायर गरिएको

**अभियोगपत्र**

**आ.व २०८३/०८४ सालको नि.नं. .......**

नेपाल बीमा प्राधिकरण, कुपण्डोल, ललितपुरको पत्र समेतले नेपाल सरकार................................. **वादी**

**विरुद्ध:**

१. धनिराम भट्टको नाति, चतुर्भुज भट्टको छोरा, बागमती प्रदेश, ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं.-२ वतन भई हाल सम्पत्ति शुद्धीकरण कसुर मुद्दाको पुर्पक्षका क्रममा कारागार कार्यालय डिल्लीबजारमा थुनामा रहेको ना.प्र.नं. १०७ कैलालीको वर्ष ४५ को **दिपक भट्ट,** सम्पर्क नम्बर (९८५११९८८०८)…………………………………………..............………१

२. रामलाल गोल्छाको नाति हुलासचन्द्र गोल्छाको छोरा, बागमती प्रदेश, काठमाडौँ जिल्ला, नागार्जुन नगरपालिका वडा नं. ८ बस्ने **हिमालयन रिइन्स्योरेन्स कम्पनी लि. को तत्कालीन अध्यक्ष** वर्ष ५९ को **शेखर गोल्छा**, राष्ट्रिय परिचय पत्र नम्बर ९७०४४१७९१२ (अनुपस्थित)………...............……१

३. तुलसीनाथ पौडेलको नातिनी, अनन्त नाथ पौडेलको छोरी बागमती प्रदेश, जिल्ला काठमाडौं साविक शेषनारायण गा.बि.स वडा नं. ८ वतन भई हाल काठमाडौ जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १४, कुलेश्वर बस्ने **हिमालयन रि-इन्स्योरेन्स लि. को प्रमुख कार्यकारी अधिकृत** वर्ष ४० की **उपासना पौडेल** (ना.प्र.नं.१२६८६, काठमाडौं) (राहदानी नं. BA0393394).......................(पक्राउ)..**१**

४. महादेवलाल मारवाडीको नाति, जगदीशप्रसाद मारवाडीको छोरा काठमाडौँ जिल्ला, काठमाडौँ महानगरपालिका वडा नं. १० वतन भएका **हिमालन रिइन्स्योरेन्स लि.मा स्वतन्त्र संचालक** वर्ष ६० को **सुभाष कुमार झुनझुनवाला** नागरिकता नम्बर ३९६३३१०९१ र सम्पर्क नम्बर ९८५१०२७८३९ (अनुपस्थित)……......................................................................................... …..१

**प्रतिवा**

५. पुष्कर प्रसाद खरेलको नातिनी,भुषण खरेलको छोरी काठमाडौँ जिल्ला, काठमाडौँ महानगरपालिका वडा नं. ३१ बतन भई **हिमालन रिइन्स्योरेन्स लि.मा सर्वसाधारण शेयरधनीहरुको तर्फबाट संचालकको** रुपमा रहेकी वर्ष ३६ को **शुभेच्छा खरेल**, नागरिकता नम्बर १५१५९०, काभ्रेपलाञ्चोक सम्पर्क नम्बर ९८४११९१६९४ (अनुपस्थित)…..……………..………...................................……१

६. बचस्पति मिश्रको नाति, दिवाकर मिश्रको छोरा देश भारत विहार लक्ष्मिसागर, युनिभर्सिटी थाना दर्वाङ मिथिला हाउजिङ २ घर भई हाल काठमाडौं, जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २९ स्थित सिल्भर सिटी अपार्टमेण्ट डी १४, कालिकास्थान, काठमाडौं बस्ने **हिमालयन रि-इन्स्योरेन्स लि. का कार्यकारी निर्देशक** वर्ष ५७ को **मनिष कुमार (राहदानी नं. Z4680844/ India)** ..... (फरार).....१

७. मुरलीधर अग्रवालको नाति,राजकुमार मोरको छोरा, काठमाडौँ जिल्ला, काठमाडौँ महानगरपालिका वडा नं. १० बस्ने वर्ष ३२ को **हिमालयन रिइन्स्योरेन्स कम्पनी लि. का बोर्ड अफ डाइरेक्टर राजिव मोर**, सम्पर्क नम्बर ९८०१११८४९९, नागरिकता नम्बर १०६०१४३९९ (अनुपस्थित) ……..१

८. मुरलीधर मोरको नाति, सतिशकुमार मोरको छोरा काठमाडौँ जिल्ला, काठमाडौँ महानगरपालिका वडा नं. १० बस्ने वर्ष ४२ को **हिमालयन रिइन्स्योरेन्स कम्पनी लि. का बोर्ड अफ डाइरेक्टर अमित मोर**, सम्पर्क नम्बर ९८०११०२९४०, नागरिकता नम्बर १५०८६ (अनुपस्थित)..... ……………..…१

९. काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.-११, बसोबास गर्ने नागरिकता नम्बर २७-०१-७१-०३०८८ को **साक्षी बंशल गुप्ता** (फरार) ……………………………………..........…..१

१०. मोरङ जिल्ला, विराटनगर महानगरपालिका वडा नं.-१७, स्थायी ठेगाना भई हाल काठमाडौं बसोबास गर्ने नागरिकता नम्बर १९३/१०८४/ मोरङ **अन्जना नेपाल** (फरार)…………………...........….१

११. मोरङ जिल्ला, विराटनगर महानगरपालिका वडा नं.-१७, स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं. २ बस्ने **प्रतिवादी दिपक भट्टको श्रीमती**, नागरिकता नम्बर ८२०२१/ मोरङ **आयुष्मा भट्ट नेपाल** (फरार) ………………………………...………...............….१

१२. सिरहा जिल्ला, साविक कल्याणपुरजब्दी गा. वि.स. वडा नं.-०९, स्थायी ठेगाना भई हाल काठमाडौं बसोबास गर्ने नागरिकता नम्बर १५९२-४५/सिरहा, **एलियण्ट ईन्स्योरेन्स ब्रोकर्स प्रा. लि. का प्रमुख कार्यकारी अधिकृत सुधिर कुमार मल्लिक** (फरार) ……………………….….............…१

१३. कुल प्रसाद सिलवालको नाति, गोपाल प्रसाद सिलवालको छोरा, पर्सा जिल्ला, बिरगंज महानगरपालिका वडा नं.-१७, अलौ वतन भई हाल काठमाडौँ जिल्ला, काठमाडौँ महानगरपालिका वडा नं.१४ कुलेश्वरमा बसोबास गर्ने **नेपाल बीमा प्राधिकरणका तत्कालीन अध्यक्ष** वर्ष ६७, नागरिकता नम्बर २६०/९९७३ को **सूर्यप्रसाद सिलवाल**, सम्पर्क मोबाइल नम्बर ९८५११०८०२३ (अनुपस्थित).१

**प्रतिवा**

१४. ईश्वरलाल अग्रवालको नाति, मुरारीलाल अग्रवालको छोरा काठमाडौँ जिल्ला, काठमाडौँ महानगरपालिका वडा नं. १ वतन भएका वर्ष ४३ को **मनोज कुमार अग्रवाल**, ना.प्र.नं. ४७३९ काठमाडौँ, सम्पर्क मोबाइल नम्बर ९८५१०३०७१५ (अनुपस्थित).........................................१

१५. प्रतिवादी अन्जना नेपाल सञ्चालक अध्यक्ष रहेको कम्पनी रजिष्ट्रार कार्यालय त्रिपुरेश्वर काठमाडौंमा दर्ता नं. २८५३८३ मा रजिष्टर्ड ठेगाना काठमाडौँ जिल्ला, काठमाडौँ महानगरपालिका वडा नं. ३० रहने गरी दर्ता भएको कानुनी व्यक्ति **एलियन्ट इन्स्योरेन्स ब्रोकर्स प्रा. लि.** ..........................१

१६. राउत मल अग्रवालको नाति, शंकरलाल अग्रवालको छोरा काठमाडौँ जिल्ला, काठमाडौँ महानगरपालिका वडा नं. ४ बस्ने वर्ष ४७ को **साहिल अग्रवाल** नागरिकता नम्बर १७५२, सम्पर्क नम्बर ९८५१०६०६११ ............................................................................१

१७. शिव प्रसाद गुप्ताको नाति, रमेश गुप्ताको छोरा, काठमाडौँ जिल्ला, काठमाडौँ महानगरपालिका वडा नं. ११ वतन भई हाल मुद्दाको पुर्पक्षका क्रममा कारागारमा थुनामा रहेका **हिमालयन रिईन्स्योरेन्सको तत्कालीन वोर्ड अफ डाइरेक्टर** वर्ष ४० को **रोहित गुप्ता**, ना.प्र.नं.१२१७८ काठमाडौँ..............१

१८. कम्पनी रजिष्ट्रार कार्यालय त्रिपुरेश्वर काठमाडौँमा प्रा.लि. द.नं. २४७७७/२०६८/६९ मा दर्ता भएको काठमाडौँ जिल्ला काठमाडौँ महानगरपालिका वडा नं. १० मा रजिष्टर्ड कार्यालय रहने गरी संस्थापित प्रतिवादी मनोज कुमार अग्रवाल सञ्चालक रहेको **फक्स टुर्स एण्ड ट्राभल्स प्रा.लि**............................................................................................१

१९. कनिराम सरियाको नातिनी, गोबिन्द सरियाको छोरी, अखिल गुप्ताको श्रीमती, कोशी प्रदेश, झापा जिल्ला भद्रपुर नगरपालिका वडा नं.१२ स्थायी वतन भई हाल काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ५ सानो गौचरण बस्ने वर्ष ३९ की **मृदुला सरिया (ना.प्र.नं.११८०५५७०, झापा)** (राहदानी नं. 10883530)**.......................................................(अनुपस्थित)..१**

२०. राजामियर पुड्कोट्टलको छोरा, देश भारत, तम्बाराम तामिलनाडु वतन भएका हिमालयन रिईन्स्योरेन्स कम्पनी लिमिटेड, महाराजगञ्ज काठमाडौंका तत्कालीन प्रमुख कार्यकारी अधिकृत वर्ष अन्दाजी ७० को **चन्द्रशेखरन रामामूर्ति**, राहदानी नं. Z4951639**...............................** (फरार)....१

**प्रतिवा**

**मुद्दाः बीमा ऐन, २०७९ अन्तर्गतको कसूर र सम्पत्ति शुद्धीकरण ।**

**मुद्दाको संक्षिप्त तथ्यः**

१. **हिमालयन रिईन्स्योरेन्स लि.को बीमा कोष अपचलन गरी बीमा ऐन अन्तर्गतको कसूरका हकमाः**

**क. हिमालयन रिईन्स्योरेन्स र पुनर्बिमा व्यवसाय सम्बन्धी परिचय**

जीवन तथा निर्जीवन बीमा व्यवसाय गर्ने बीमकको जोखिम ग्रहण गर्ने व्यवसाय गर्ने उद्देश्यले २०७८ सालमा निजी क्षेत्रको लगानीमा स्थापित भएको हिमालयन रिईन्स्योरेन्स कम्पनीले स्वदेशी तथा विदेशी पुनर्बिमा सम्बन्धी कार्य गर्दै आइरहेको छ। बीमा ऐन, २०७९ को परिभाषा खण्डमा पुनर्बिमा भन्नाले कुनै एक बीमकले

आफूले धारण गर्ने जोखिम भन्दा बढी अंशको जोखिम पुनर्बीमकले वा अर्को बीमकले व्यहोर्ने गरी त्यस्तो बीमकसँग गरेको करार सम्झनुपर्छ भनी परिभाषित गरेको देखिन्छ । सबै बीमक आफूले धारण गर्ने जोखिम धारण गरी बाँकी रहेको वा आफूले धारण गर्न नसक्ने अंशको पुनर्बिमा गराउनुपर्ने व्यवस्था रहेको देखिन्छ । यसरी पुनर्बिमा गर्दा बीमक तथा पुनर्बीमकले नियमनकारी निकायबाट तोकिएको शर्त तथा आदेश बमोजिम अन्तर्राष्ट्रिय असल अभ्यास समेतको आधारमा पर्याप्त पुनर्बिमा हुने गरी गर्नुपर्ने व्यवस्था रहेको छ ।

**ख. <u>एलियन्ट ईन्स्योरेन्स ब्रोकर्स प्रा. लि. को संक्षिप्त परिचय</u>**

आर्थिक वर्ष २०७८/७९ (मितिः २०७८/११/१८) मा कम्पनी रजिष्ट्रार कार्यालयमा द. नं. २८५३८३ मा दर्ता भएको एलियन्ट ईन्स्योरेन्स ब्रोकर्स प्रा.लि.मा प्रतिवादी अञ्जना नेपालका नाममा रहेको २,४०,००० कित्ता शेयर, मृदुला सरियाका नामको २,४०,००० कित्ता र निता अग्रवालका नामको २०,००० कित्ता समेतका शेयर प्रति कित्ता रु. १०० का दरले विक्री भएको नेपाल बीमा प्राधिकरणबाट प्राप्त प्रतिवेदनबाट खुल्न आएको देखिन्छ । मितिः २०७९/१२/३० मा मृदुला सरियाको नाममा रहेको २,४०,००० कित्ता शेयर प्रति कित्ता रु. १०० का दरले अञ्जना नेपालले खरीद गरेको देखिन्छ । उक्त शेयर कम्पनी रजिष्ट्रारको कार्यालयमा मितिः २०८०/०१/०२ अभिलेखीकरण भएको देखिन्छ । तत्पश्चात् कसुर हुँदाका बखत अञ्जना नेपाल ४ वर्षका लागि अध्यक्ष रहने गरी सञ्चालक लगत समेत कायम भएको देखिन्छ । यस कम्पनीले नेपाल बीमा प्राधिकरणबाट पुनर्बिमा दलालको लागि कारोबार गर्न इजाजत प्राप्त गरी विशेषतः हिमालयन रिईन्स्योरेन्स कम्पनी लि. सँग आवद्ध भई कारोबार गरेको देखिन आयो ।

**ग. <u>बीमा व्यवसायमा दलालको भूमिका</u>**

बीमा दलाल भन्नाले बीमा व्यवसायको सम्बन्धमा बीमा दलालको रुपमा कार्य गर्नका लागि इजाजत पत्र प्राप्त बीमा मध्यस्तकर्ता व्यक्ति वा संस्था सम्झनुपर्छ भनी बीमा ऐन, २०७९ ले परिभाषित गरेको पाइन्छ । पुनर्बिमा दलाल भन्नाले जोखिम पुनर्बिमा व्यवस्था गर्ने वा मिलान गर्ने बीमक वा पुनर्बीमक र पुनर्बीमक बीचको कार्य गर्ने मध्यस्थकर्ता सम्झनु पर्ने भनी प्राधिकरणबाट जारी बीमकको पुनर्बिमा निर्देशिका, २०८० मा परिभाषा गरेको देखिन्छ । पुनर्बिमा दलाल सम्बन्धी निर्देशन,२०७८ को दफा ९ बमोजिमको कार्य गर्ने गरी प्राधिकरणबाट इजाजत पत्र प्रदान गरिएको संगठित संस्था, जसले सोही निर्देशिकाको दफा १३ बमोजिम सुशासन कायम गरी व्यवसाय सञ्चालन गर्नु पर्ने भनी उक्त निर्देशनमा व्यवस्था भएको देखिन्छ ।

**घ. <u>नेपाल बीमा प्राधिकरणबाट प्राप्त छानविन प्रतिवेदनको व्यहोराः</u>**

नेपाल बीमा प्राधिकरणको च. नं. ७१०८ मितिः २०८३/०२/०७ पत्रसाथ प्राप्त हुन आएको मिसिल संलग्न छानविन प्रतिवेदनको निश्कर्ष तथा सुझाव खण्डमा उल्लेखित व्यहोरा अध्ययन गर्दा निम्न व्यहोरा उल्लेख भएको देखिन्छः

- बीमक हिमालयन रिइन्स्योरेन्स लिमिटेड र एलियण्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि.बीच भएको Reinsurance Brokering Service Agreement बमोजिम हिमालयन रिइन्स्योरेन्स लि.बाट Technical and Logistic Support का लागि एलियण्ट इन्स्योरेन्स ब्रोकर प्रा. लि. ले विभिन्न मितिमा लिएको पेश्की दुरुपयोग तथा व्यवसायसँग असम्बन्धित अन्य कारोबार गरी हिमालयन रिइन्स्योरेन्स लिमिटेडलाई हानी नोक्सानी पुऱ्याई एलियण्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि.का शेयरधनीलाई

लाभ पुऱ्याउने गरी कार्य गरेको देखिँदा र उक्त कार्य बीमा ऐन, २०७९ को दफा १४० अन्तर्गतको कसुरजन्य कार्य गरेको देखिन्छ।

- हिमालयन रिइन्स्योरेन्स लिमिटेडले एलिण्ट इन्स्योरेन्स ब्रोकर्स प्रा. लि. मार्फत जीवन बीमा कम्पनीहरुबाट व्यवसाय प्राप्त गरेको भनी रु. २३,९२,०५,०६४/०१ ब्रोकेज रकम खर्च लेखांकन गरेको पाइयो। यस सम्बन्धमा जीवन बीमा कम्पनीहरुले एलियन्ट इन्स्योरेन्स ब्रोकर्स प्रा. लि. सँग सम्झौता वा कारोबार नगरेको भनी जानकारी उपलव्ध गराएको हुँदा उक्त ब्रोकर कम्पनी र पुनर्बिमा कम्पनीले ब्रोकेज शीर्षकमा गरेको लेनादेना कारोबार गैर कानुनी देखिन्छ भन्ने व्यहोरा उल्लेख भएको देखिन्छ। यसरी गैरकानुनी कारोबार गरी हिमालयन रिइन्स्योरेन्स लि. लाई हानिनोक्सानी पुऱ्याई एलियण्ट इन्स्योरेन्स ब्रोकर्स प्रा. लि.लाई लाभ पुऱ्याउने गरी कार्य गरेको देखिँदा उक्त कार्यमा संलग्न हिमालयन रिइन्स्योरेन्स लि. का सञ्चालक समिति तथा उच्च व्यवस्थापनलाई र एलियण्ट इन्स्योरेन्स ब्रोकर प्रा. लि.को शेयरधनी तथा प्रमुख कार्यकारी अधिकृतलाई बीमा ऐन, २०७९ को दफा १४० बमोजिको कसुर सम्बन्धमा अनुसन्धान गर्नु पर्ने भन्ने समेतका व्यहोरा लेखी आएको देखिन्छ ।
- उक्त प्रतिवेदनमा एलियण्ट इन्स्योरेन्स ब्रोकर्स प्रा. लि. ले विभिन्न व्यक्ति तथा संस्थासँग शंकास्पद कारोबार गरेको हुँदा उक्त कम्पनी special purpose Vehicle को रुपमा प्रयोग भएको हुन सक्ने देखिएको तथा गैर कानुनी रुपमा ब्रोकेज रकम एलियन्ट इन्स्योरेन्स ब्रोकर्स प्रा. लि. को आय व्यय हिसावमा आम्दानी देखाई शेयरधनीलाई लाभांश वितरण गरेको देखिँदा एलियण्ट इन्स्योरेन्स ब्रोकर्स प्रा. लि.को शेयरधनी र प्रमुख कार्यकारी अधिकृतलाई बीमा ऐन, २०७९ को दफा १४० बमोजिम कसूर सम्बन्धमा अनुसन्धान गर्न लेखी आएको देखिन्छ ।
- नेपाल बीमा प्राधिकरणको च. नं. ७५०६ मिति २०८३/०२/११ को प्राविधिक प्रतिवेदन साथ पेश गरेको कागजात अनुसार सन् ०१/१२/२०२३ मा भौचर नं. JV7980000003195 बाट हिमालयन रिइन्स्योरेन्सले एलियण्टलाई दिएको रकममध्येको रु. १३,३४,६२,६८१।१४ भौचरको कैफियतमा Advance settlement against Brokerage exp. for life business FY 2079/80 (17.09.2022 - 16.07.2023) भन्ने व्यहोरा जनाई समायोजन गरेको देखिन्छ। सोही भौचरमा All life insurance case approved by ED Manish Kumar भन्ने समेत उल्लेख भएको देखिन्छ। यसै गरी सन् २०२४/०७/१५ मा रु. १०,५७,४२,३८२।८६ रकम समायोजन गरेको प्राप्त मिसिल संलग्न प्रतिवेदनबाट देखिन्छ।

## ङ. एलियण्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि.ले कसुरबाट रकम प्राप्त गरेको तरिका

नेपाल बीमा प्राधिकरणको च. नं. 7108 मिति २०८३/०२/०७ पत्रसाथ प्राप्त हुन आएको मिसिल संलग्न स्थलगत निरीक्षण प्रतिवेदनको निश्कर्ष तथा सुझाव खण्ड अध्ययन गर्दा निम्न व्यहोरा उल्लेख भई आएको देखिन्छः

- बीमक हिमालयन रिइन्स्योरेन्स लिमिटेड र एलियण्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि. बीच भएको Reinsurance Brokering Service Agreement बमोजिम हिमालयन रिइन्स्योरेन्स लि.बाट

Technical and Logistic Support का लागि एलियण्ट इन्स्योरेन्स ब्रोकर्स प्रा. लि.ले विभिन्न मितिमा लिएको पेश्की दुरुपयोग तथा व्यवसायसँग असम्बन्धित अन्य कारोबार गरी हिमालयन रिइन्स्योरेन्स लिमिटेडलाई हानिनोक्सानी पुऱ्याई एलियण्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि. का शेयरधनीलाई लाभ पुऱ्याउने गरी कार्य गरेको देखिन आएकोले उक्त कार्य बीमा ऐन, २०७९ को दफा १४० बमोजिमको कसूर गरी सो कसुरबाट सम्पत्ति आर्जन गरी सोबाट प्राप्त लाभ प्रतिवादी दिपक भट्ट समेतले अन्तिम हिताधिकारीको रुपमा लिएको देखिन आयो।

- हिमालयन रिइन्स्योरेन्स लिमिटेडले एलियण्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि. मार्फत जीवन बीमा कम्पनीहरुबाट व्यवसाय प्राप्त गरेको भनी रु.२३,९२,०५,०६४/०१ ब्रोकेज रकम खर्च लेखांकन गरेको देखिन्छ। यस सम्बन्धमा जीवन बीमा कम्पनीहरुले एलियन्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि.संग सम्झौता वा कारोबार नगरेको भनी जानकारी उपलव्ध गराएको हुँदा उक्त ब्रोकर कम्पनीका लागि पुनर्बिमा कम्पनीले ब्रोकेज शीर्षकमा गरेको खर्च रकम नै कसुरबाट प्राप्त रहेको देखिन आयो। यसरी गैरकानुनी कारोबार गरी हिमालयन रिइन्स्योरेन्स लि.लाई हानी नोक्सानी एवं एलियण्ट इन्स्योरेन्स ब्रोकर्स प्रा. लि.लाई लाभ पुऱ्याएको देखिँदा उक्त कार्यमा संलग्न हिमालयन रिइन्स्योरेन्स लि.का उच्च व्यवस्थापन र एलियण्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि.का मुख्य शेयरधनी तथा प्रमुख कार्यकारी अधिकृत समेतले सम्पत्ति शुद्धीकरणको कसुर गरेको तथ्य स्थापित हुन आयो।

- उक्त प्रतिवेदनको निश्कर्ष खण्डमा एलियण्ट इन्स्योरेन्स ब्रोकर प्रा.लि.ले विभिन्न व्यक्ति तथा संस्थासँग शंकास्पद कारोबार गरेको हुँदा उक्त कम्पनी Special Purpose Vehicle को रुपमा प्रयोग भएको हुन सक्ने देखिएको तथा गैर कानुनी रुपमा ब्रोकेज रकम एलियन्ट इन्स्योरेन्स ब्रोकर प्रा. लि.को आय व्यय हिसाबमा आम्दानी देखाई शेयरधनीलाई लाभांश बाँडेको देखिएकोले एलियण्ट इन्स्योरेन्स ब्रोकर प्रा.लि.को शेयरधनी र प्रमुख कार्यकारी अधिकृतलाई बीमा ऐन, २०७९ को दफा १४० बमोजिम कसूर सम्बन्धमा अनुसन्धानको लागि लेखी आएको देखिन्छ।

- नेपाल बीमा प्राधिकरणको च. नं. ७५०६ मिति २०८३/०२/११ को प्राविधिक प्रतिवेदन साथ पेश गरेको कागजात अनुसार सन् ०१/१२/२०२३ मा भौचर नं. JV79800000003195 बाट रु. १३,३४,६२,६८१।१४ समायोजन गरेको देखिन्छ। उक्त भौचरको कैफियतमा Advance Settlement Against Brokerage Exp. For Life Business FY. 2079/80 (17.09.2022 -16.07.2023) उक्त भौचरमा All Life Insurance Case Approved by ED Manish Kumar उल्लेख गरी समायोजन गरेको देखियो। त्यसैगरी सन् २०२४/०७/१५ मा रु. १०,५७,४२,३८२।८६ रकम समायोजन गरेको उल्लेख गरिएको प्रतिवेदन प्राप्त भएको छ।

- अनुसन्धानका क्रममा प्राप्त तथ्य एवं प्रमाणहरुको विश्लेषण गर्दा द.नं. २८५३८३ मा आर्थिक वर्ष २०७८/७९ मा मा दर्ता भएको एलियन्ट इन्स्योरेन्स ब्रोकर्स प्रा. लि., नेपाल बीमा प्राधिकरण (साबिकको बीमा समिति) को निर्णय अनुसार पुनर्बिमा दलालको इजाजतपत्र नं. ०६/२०७८/७९ इजाजतपत्र लिई व्यवसाय सञ्चालन भएको देखिन्छ। यस कम्पनीको कुल अधिकृत पूँजी १० करोड र चुक्ता पूँजी ५

करोड रहेको देखिन्छ। यस कम्पनीको नियमन नेपाल बीमा प्राधिकरणबाट हुने देखिन्छ। प्राधिकरणले समय समयमा जारी गरेको निर्देशन, बीमा ऐन तथा अन्य प्रचलित कानूनको व्यवस्था अनुसार सञ्चालित भई आफ्नो उद्देश्य अनुसार यस कम्पनीले काम गर्नु पर्ने देखिन्छ। उक्त कम्पनी स्थापना हुँदाका बखत अञ्जना नेपालका नाममा रहेको रु.२,४०,०००।- कित्ता शेयर प्रति कित्ता शेयर रु. १००।-, मृदुला सरियाका नामको २,४०,०००।- कित्ता प्रति कित्ता शेयर रु. १००।- र नीता अग्रवालका नामको रु.२०,०००।- कित्ता शेयर प्रति कित्ता शेयर रु. १०० ।- दरले लगानी भई कुल रु. ५ करोड चुक्ता पूँजी रहेको देखिन आयो। मितिः २०७९/१२/३० मा मृदुला सरियाका नामको २,४०,०००।- कित्ता शेयर प्रति कित्ता रु.१०० का दरले अञ्जना नेपालले खरिद गरेको देखिन्छ। सो शेयर कम्पनी रजिष्ट्रारको कार्यालयमा मितिः २०८०/०१/०२ अभिलेखीकरण भएको देखिन्छ। तत्पश्चात कसुर हुँदाका वखत अञ्जना नेपाल ४ वर्षका लागि अध्यक्ष रहने गरी सञ्चालक लगत समेत अभिलेखीकरण भएको देखिन्छ।

## च. हिमालयन रिइन्स्योरेन्स लि.ले एलिण्ट इन्स्योरेन्स ब्रोकर्स प्रा. लि. लाई दिएको पेश्की सम्बन्धमा

अनुसन्धानका क्रममा प्राप्त मिसिल संलग्न कागजात, बैंकिङ कारोबारको विवरण, लेखासँग सम्बन्धित कागजातहरु एवं अभिलेख, सम्बन्धित संस्थाको वित्तिय विवरण, नियामक निकायबाट प्राप्त छानबीन प्रतिवेदन तथा अन्य प्रमाणहरू समेत उपर समष्टिगतरुपमा विश्लेषण गरी हेर्दा बीमक हिमालयन रिइन्स्योरेन्स कम्पनी लिमिटेडबाट एलियन्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि.लाई जीवन बीमाको पुनर्बिमा ब्रोकेज कमिशन शीर्षकमा अग्रिम दिएको रकम प्रतिवादीहरुको आपसी मिलेमतोमा योजनाबद्ध तरिकाले झुठा तथ्य खडा गरी सो आधारमा कृत्रिम वित्तीय कारोबार (Artificial Financial Arrangement) भए गरेको देखिन्छ। उपरोक्त अनुसार बीमक हिमालयन रिइन्स्योरेन्स लि.ले देहाय बमोजिम विवादको एलियन्ट इन्स्योरेन्स ब्रोकर्स प्रा. लि. लाई रु. २८ करोड पेश्की दिएको देखिन्छ।

| मितिः | रकम | कारोबार स्वीकृत गर्ने |
|---|---|---|
| २०८०/०३/०४ | रु. ६ करोड | तत्कालीन कार्यकारी प्रमुख रामामूर्ती चन्द्रशेखरन |
| २०८०/०५/११ | रु. ५ करोड | |
| २०८०/०५/१२ | रु. ४ करोड | |
| २०८०/०७/१९ | रु. ७ करोड ५० लाख | |
| २०८०/०७/२० | रु. ५ करोड ५० लाख | |
| जम्मा | रु. २८ करोड | |

यसप्रकार भए गरेको उपरोक्त उल्लेखित कारोबारका हकमा अनुसन्धानका क्रममा प्रमाण बुझ्दा हिमालयन लाइफ ईन्स्योरेन्स समेतका जीवन बीमा कम्पनीहरूले आफ्नो व्यवसाय विवादको एलियन्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि. मार्फत भएको होइन भन्ने समेतका व्यहोराको पत्राचार गर्नुका साथै उक्त वीमा कम्पनीहरुका कार्यकारी प्रमुखे कागज गर्दा समेत सोही व्यहोरा खुलाई लेखाई दिएको देखिँदा उपरोक्त बमोजिमको ब्रोकेज कमिशन लेनदेन एवं प्रतिवादी दिपक भट्टको लाभका लागि **हुँदै नभएको झुठा व्यहोरा**

**खडा** गरी कमिशन अंकको रुपान्तरण लाभांश समेतमा गरी सम्पत्तिको गैरकानुनी स्रोत छल्ने एवं लुकाउने, परिवर्तन गर्ने, स्रोत र स्वरुपमा परिवर्तन ल्याई कसुरबाट प्राप्त सम्पत्तिको आधारभूत प्रकृति नै बदल्ने समेतका निषेधित कार्यहरु गरेको देखिँदा प्रतिवादीहरुले बीमा ऐन अन्तर्गतको कसुर र सम्पत्ति शुद्धीकरणको कसुर समानान्तर रुपमा गरेको देखिन्छ।

माथि तालिकामा उल्लेख भए बमोजिमको रकमको वास्तविक स्वामित्व हिमालयन रिईन्स्योरेन्स कम्पनी लिमिटेडको रहेको देखिन्छ । उक्त कम्पनीमा प्रतिवादी दिपक भट्टको एकल स्वामित्व रहेको ईन्फिनिटी होल्डिङ्गस प्रा.लि. को उल्लेख्य स्वामित्व रहेको देखिन्छ। यस पूर्व यस विभागबाट भएको अनुसन्धानका क्रममा बीमक हिमालयन रिईन्स्योरेन्सकै रकम अपचलन गरी ब्रोकर नं. ५५ मार्फत प्रतिवादी दिपक भट्टका व्यक्तिगत नाउँमा शेयर खरीद गरी सम्पत्ति शुद्धीकरणको कसुर गरेको तथ्य स्थापित भई सो अभियोगमा समेत यिनै प्रतिवादीहरुका विरुद्ध अभियोजित सम्पत्ति शुद्धीकरण कसुर मुद्दा हाल सम्मानित विशेष अदालतमा विचाराधीन अवस्थामा रहेको समेतका तथ्यगत आधार एवं कारणबाट यिनै प्रतिवादीहरुको संलग्नतामा माथि विवेचना भए अनुसार विभिन्न जीवन वीमा कम्पनीहरु र एलियण्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि. कुनै करार सम्झौता भएको एवं उल्लेखित जीवन बीमा कम्पनीहरुले एलियण्ट मार्फत कुनै जोखिमको प्लेसमेन्ट समेत गरेको नदेखिएको अवस्थामा र के कति रकमको व्यावसाय सो एलियण्ट मार्फत हिमालयन रिईन्स्योरेन्सले प्राप्त गर्ने हो भन्ने कुरालाई मापन गर्न सकिने कुनै निर्धारित विधि एवं प्रक्रिया नै नभएको अवस्थामा अनिश्चित कुरालाई आधार मानी अमुर्त रुपमा अग्रिम पेश्की जनाई रकम उपलब्ध गराई सोही रकमलाई समायोजन भनी यिनै प्रतिवादीहरुको कार्य एवं मिलेमतोमा फर्जी लेखांकन र हिसाव मिलान समेतका कार्यहरु गरी गराई वीमकको कोष दुरुपयोग गरी गरेको कसुरबाट प्राप्त रकमको वैधता स्थापना गराउनका लागि उपरोक्त बमोजिमका वित्तीय कारोबारजन्य गतिविधिहरु गरी सोही गतिविधिहरुकै नतिजास्वरुप कमिशनबाट उत्पत्ति भएको सम्पत्तिको गैरकानुनी स्रोतको रुपान्तरण लाभांशमा गरी कर समेत बुझाई अन्ततः पारिवारिक लेनदेन हुँदै सगोलको सम्पत्तिमा रुपान्तरण गरी सम्पत्ति उत्पत्तिको कसुर र सो कसुरबाट प्राप्त सम्पत्तिलाई अलग गरी प्रतिवादीहरुले सम्पत्ति शुद्धीकरणको कसुर गरेको वारदात कायम हुन आएको देखिन्छ ।

**छ. <u>हिसाव समायोजन गर्ने फर्जी लेखांकन गरेको विवरणः</u>**

माथि विवेचना भए बमोजिम हिमालयन रिइन्स्योरेन्स लि.बाट एलियन्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि.लाई दिएको अग्रिम पेश्की रकम रु. २८ करोड मध्ये रु. ४ करोड एलियन्ट इन्स्योरेन्स ब्रोकर्स प्रा. लि.बाट हिमालयन रिइन्स्योरेन्स लि.मा फिर्ता भएको देखिन्छ। सो रकममध्ये वाँकी रकम रु. २४ करोड मध्ये मितिः २०८०/३/३१ मा रु. १३,३४,६२,६८१।१४ र मितिः २०८२/३/३१ मा रु.१०,५७,४२,३८२।८६ समेत गरी रु. २३,९२,०५,०६४।१० समायोजन गरेको सम्बन्धी विवरण यसप्रकार रहेको देखिन आयो।

**ज. भौचर लेखांकन सम्बन्धी विवरण**

| लेजरमा लेखांकन मिति | भौचर नं. | रकम | लेखांकन गर्ने | कारोबार स्वीकृति र प्रणालीमा प्रविष्टि मिति | स्वीकृत गर्ने/ आदेश दिने |
|---|---|---|---|---|---|
| ७/१६/२०२३ | JV7980000003195 | १३३४६२६८१।१४ | सिताराम वाग्ले | ०९/२२/२०२३ | मनिष कुमार |

| | | | | | |
|---|---|---|---|---|---|
| ७/१५/२०२४ | JV80810000005463 | १०५७४२३८२।८६ | सिताराम वाग्ले | ०७/१०/२०२४ | मनिष कुमार |

## झ. भौचर लेखांकन विवरण

| भौचर मिति इ.सं. | भौचर मिति | खर्च स्वीकृत मिति (स्वीकृत गर्ने मनिष कुमार) | खर्च स्वीकृत मिति | प्रणालीमा प्रविष्टि मिति इ.सं. | प्रणालीमा प्रविष्टि मिति |
|---|---|---|---|---|---|
| ७/१६/२०२३ | २०८० असार ३१ | ०९/२२/२०२३ | २०८० असोज ५ | ०१/१२/२०२३ | २०८० मंसिर १५ |
| ७/१५/२०२४ | २०८१ असार ३१ | ०७/१०/२०२४ | २०८१ असोज २१ | १२/११/२०२४ | २०८१ मंसिर १६ |

यसरी हिसाव समायोजन भई पेश्की फर्छ्यौट भएको हिसाव विवरण हिमालयन रिईन्स्योरेन्सको लेखा प्रणालीमा के कुन मितिमा प्रविष्टि भएको रहेछ भन्नेतर्फ हेर्दा आर्थिक वर्ष २०७९/८० को जीवन बीमातर्फको पुनर्बिमा कमिशन खर्च जनाइएको रु. १३,३४,६२,६८१।१४ आर्थिक वर्ष समाप्त भएको ५ महिना १५ दिन पछिको अवधिमा मितिः २०८०/८/१५ मा गरेको, आर्थिक वर्ष २०८०/८१ तर्फको खर्चको लेखांकन आर्थिक वर्ष समाप्त भएको ५ महिना १६ दिन पछि अर्थात मितिः २०८१/८/१५ मा गरेको देखिन्छ। हिमालयन लाइफ ईन्स्योरेन्सका तत्कालिन प्रमुख कार्यकारी अधिकृत चन्द्रशेखन रामामूर्तिले सन् २०८०/०६/०९ देखि आफ्नो पदबाट राजीनामा दिई सेवाबाट अलग भई सकेपछि उक्त हिमालन रिईन्स्योरेन्स कम्पनी लि. का प्रमुख कार्यकारी अधिकृत उपसाना पौडेलले गरी अनियमिततामा भए गरेको देखिन्छ ।

## ञ. हिसाव समायोजनका क्रममा संलग्न पदाधिकारी र कर्मचारीको भूमिका

| | | |
|---|---|---|
| प्रमुख कार्यकारी अधिकृत | चन्द्रशेखर रामामूर्ति | २०८०/६/०९ देखि राजीनामा (पेश्की दिएको) |
| | उपसाना पौडेल | २०८०/६/०९ देखि हाल निलम्बित (कार्यालय प्रमुख रहँदा पेश्की फर्छ्यौट भएको) |
| कार्यकारी निर्देशक | मनिष कुमार | हाल निलम्बित (ब्रोकेज खर्च लेखांकन गर्न आदेश दिएको/स्वीकृत गरेको) |

यसरी बीमकको कोष दुरुपयोग गरी गरिएको खर्च हिमालयन रिइन्स्योरेन्स लि. ले अग्रिम कर कट्टी गरी भुक्तानी गरेको विवरण यस प्रकार रहेको देखिन्छः-

| मिति | भौचर नं. | ब्रोकेज खर्च भनी लेखांकन गरेको रकम रु. | अग्रिम कर कट्टी रु. |
|---|---|---|---|
| ७/१६/२०२३ | JV 7980000003195 | १३,३४,६२,६८१।१४ | २,००,१९,४०२।१७ |
| ७/१५/२०२४ | JV 80810000005463 | १०,५७,४२,३८२।८६ | १,५८,६१,३५७।४३ |
| | जम्मा | २३,९२,०५,०६४।०० | ३,५८,८०,७५९।६० |

हिमालयन रिइन्स्योरेन्स लि. को “Reinsurance Broker Commission Expense” लेखांकन गरी विमा कोष दुरुपयोग गरी फर्जी कारोबारलाई वैध देखाउन पुनर्बिमा कमिशनमा १५ प्रतिशत करलाग्ने कानूनी भन्ने

कानुनी व्यस्थाको आवरणमा अपराधजन्य कार्यबाट प्राप्त सम्पत्ति शुद्धीकरण गर्ने दुषित मनसायले नेपाल सरकारलाई करवापत रु. ३,५८,८०,७५९।६० अग्रिम कर भुक्तानी गरेको देखिन्छ। कसुरबाट प्राप्त सम्पत्तिलाई कुनै पनि बहनामा रुपान्तरण गरी कानुनी स्वरुप दिई नेपाल सरकालाई कर एवं राजश्व बुझाएपछि उक्त कार्य वैध हुने हो वा होइन भन्नेतर्फ अध्ययन गर्दा सम्पत्ति शुद्धीकरणको कसुर आफैंमा स्वतन्त्र प्रकृतिको कसुर नभई सम्बद्ध कसुरबाट आर्जित सम्पत्तिको स्रोत र स्वरुपमा नै परिवर्तन गरी उत्पत्तिको स्रोत लुकाउनका लागि गरिने प्रक्रियागत कुरा भएकाले अपराधजन्य कार्यबाट प्राप्त सम्पत्तिको प्रकृति एवं स्वरुप बदली गरी सरकारलाई कर बुझाएको कार्यबाट कसुरबाट प्राप्त सम्पत्तिको वैधता स्थापित हुँदैन। यसरी कर तिर्ने बुझाउने कार्य सम्पत्ति शुद्धीकरणको कसुरको Typology हुन आउँछ। सम्पत्तिको वैधता स्थापित गराउने आधार कर भएकाले के कस्तो कार्यमा कर लाग्ने हो वा कर प्रणालीमा के कस्तो छुट, सुविधा, सहुलियत एवं उन्मुक्ति आदि रहेको छ भन्ने कुरालाई हेक्का गरी अपराधमा संलग्न पक्षले अपराधजन्य कार्यबाट प्राप्त सम्पत्तिमा निहित रहने अपराधिक तत्वलाई लुकाउन यस्ता सुविधा र सहुलियतको दुरुपयोग गर्ने गरेको भएतापनि प्रस्तुत अनुसन्धानसँग सम्बन्धित विवादको रकम नै अपराधजन्य कार्य अर्थात बीमा ऐन अन्तर्गतको कसुरसँग सम्बन्धित रहेको देखिँदा विषाक्त वृक्षको फलको सिद्दान्त अनुसार विश्लेषण गर्दा कर तिर्ने कार्यबाट अपराधजन्य कार्यबाट प्राप्त सम्पत्तिको वैधता स्थापित हुने नभई सो त्यस्तो कसुरबाट बढे बढाएको सम्पत्ति एवं अन्य कारोबारहरु समेत स्वतः कसुरबाट प्राप्त सम्पत्ति नै हुने देखिन्छ।

जीवन बीमा तर्फको पुनःर्बिमा कमिशन भनी हिमालयन रिइन्स्योरेन्स लि.ले लेखांकन गरेको रकम यसप्रकार रहेको देखिन्छ ।

| विवरण | आ.व. २०७९/०८० | २०८०/०८१ | जम्मा रकम |
|---|---|---|---|
| Brokerage Expenses via Domestic Life | रु. १३३४६२६८१।१४ | रु. १०५७४२३८२।८६ | रु २३,९२,०५,०६४।१० |
| लेखांकन गरेको मिति र भौचर नम्बर | ७/१६/२०२३ JV7980000003195 | ७/१५/२०२४ JV 80810000005463 | |

## ट. खर्च लेखांकनका लागि झुठा दावी गरेको बीमा कम्पनीको नाम र रकम

विवादको एलियण्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि.ले निम्न बमोजिमका जीवन बीमा कम्पनीहरुको जीवन बीमा तर्फको जोखिमको प्लेसमेन्ट हिमालयन रिईन्स्योरेन्स कम्पनी लि.मा गरेकाले सोको कमिशन वापतको रकम भनी अग्रिम पेश्की दिई पछि समायोजन गरी लेखांकन गरेको रकमको विवरण यसप्रकार रहेको देखिन्छः-

| क्र.सं. | बीमकको नाम | ब्रोकेज रकम |
|---|---|---|
| १ | एशियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | 92,84,575।81 |
| २ | सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | 2,28,24,128।05 |
| ३ | गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | 6,190।17 |
| ४ | गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | 5,91,703।16 |
| ५ | आइएमई लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | 1,90,89,154।51 |
| ६ | ज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | 26,23,518।41 |
| ७ | महालक्ष्मी लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | 3,26,181।54 |

| | | |
|---|---|---|
| ८ | नेशनल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | 1,44,05,396।62 |
| ९ | नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | 7,17,09,734।52 |
| १० | प्रभु लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | 24,60,928।85 |
| ११ | प्राइम लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | 16,05,809।03 |
| १२ | राष्ट्रिय बीमा संस्थान | 14,90,833।03 |
| १३ | रिलायवल नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | 65,85,441।97 |
| १४ | रिलाइन्स लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | 13,67,889।89 |
| १५ | सानिमा लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | 13,27,721।55 |
| १६ | सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | 1,01,23,169।51 |
| १७ | सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | 3,67,39,386।82 |
| १८ | सूर्य लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | 47,53,056।75 |
| १९ | सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | 38,91,576।16 |
| २० | युनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | 2,79,98,667।75 |
| जम्मा | | **23,92,05,064/10** |

हिमालयन रिईन्स्योरेन्सको लेखा विवरण अनुसार आर्थिक वर्षः २०७९/८० मा रु.१३,३४,६२,६८१।१४ तथा आर्थिक वर्ष २०८०/०८१ मा रु.१०,५७,४२,३८२।८६ गरी जम्मा रु. २३,९२,०५,०६४।१० पुनर्बिमा ब्रोकर कमिशन खर्च लेखांकन गरेको देखिन्छ । उक्त रकम विभिन्न जीवन बीमा कम्पनीहरूको व्यवसाय एलियन्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि. मार्फत आएको भन्ने समेतका झुठा दाबी गरी लेखांकन गरेको तथ्य अनुसन्धानका क्रममा कागज गर्ने सम्बन्धित जीवन बीमा कम्पनीहरूका प्रमुख कार्यकारी अधिकृतहरूले आफ्नो कम्पनीले एलियन्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि. सँग कुनै पुनर्बिमा सम्झौता नगरेको, जीवन बीमा पुनर्बिमाका लागि कुनै ब्रोकर आवश्यक नरहेको तथा आफ्नो कम्पनीको नाम प्रयोग गरी गरिएको Brokerage लेखांकन गैरकानुनी भएको भन्ने समेतका व्यहोरा खुलाई लेखाई दिएबाट पुष्टि हुन आएको देखिन्छ । सम्बन्धित बीमा कम्पनीहरुले विभागमा गरेको पत्राचारबाट समेत प्रमुख कार्यकारी अधिकृतहरुको कागजको व्यहोरा समर्थित भइरहेको र एलियण्टले हिमालयन रिईन्स्योरेन्समा उल्लेखित कम्पनीहरुको जीवन बीमा तर्फको जोखिमको प्लेसमेन्ट गराए वापत पेश्की दिई पछि समायोजन गरिएको भन्ने दावी सहितको लेखांकन विवरण नै उपरोक्त आधार एवं प्रमाणबाट खण्डित भईरहेको देखिँदा हिमालयन रिइन्स्योरेन्सको रकम हिनामिना एवं दुरुपयोग गरी लाभ लिने मनसायले एलियण्ट नामको विवादको कम्पनी नै खडा गरी झुठा व्यहोराका कागजातहरु खडा गरी कसुर गरेको देखिन्छ । साथै, यस पूर्व समेतको अनुसन्धानबाट समेत हिमालयन रिईन्स्योरेन्सको रकम यिनै प्रतिवादी एवं हिमालयन रिईन्स्योरेन्सका पदाधिकारीहरु समेतको मिलेमतोमा प्रतिवादी दिपक भट्ट समेतको लाभका लागि ब्रोकर नं. ५५ मार्फत व्यक्तिगत शेयर खरिदमा लगानी गरी कसुर गरेको तथ्य स्थापित भएको समेतका तथ्यगत एवं कारण र प्रमाणका रोहमा बीमकको रकम दुरुपयोग गरी प्रतिवादीहरुले कसुर गरेको तथ्य स्थापित हुन आएको देखियो ।

बीमा कम्पनीहरु Asian Life Insurance, Citizen Life Insurance, IME Life Insurance, Nepal Life Insurance, Sunlife Insurance, Union Life Insurance लगायत विभिन्न जीवन बीमा कम्पनीहरूको नाम प्रयोग गरी भएको हिसावको Brokerage लेखांकन वास्तविक पुनर्बिमा कारोबारमा आधारित नभई कृत्रिम तथा काल्पनिक/झुठा वित्तीय प्रविष्टि (Fictitious Accounting Entry) को रूपमा रहेको देखिन्छ । वास्तविक Treaty Arrangement, Placement Slip, Risk Transfer Evidence, Invoice, Brokerage Agreement पुष्टि गर्ने कागजातहरु कही कतैबाट हालसम्मको अनुसन्धानका क्रममा पेश हुन सकेको छैन। जीवन बीमा तर्फको जोखिमको प्लेसमेन्ट गर्नका लागि ब्रोकर कम्पनी आवश्यक नपर्ने भन्ने व्यहोरा माथि उल्लेखित जीवन बीमा कम्पनीहरुबाट खुल्न आएको देखिन्छ । यसरी प्रतिवादी दिपक भट्टको एकल स्वामित्वमा रहेको ईन्फिनिटी होल्डिङ्गसको उल्लेख्य शेयर संख्या हिमालयन ईन्स्योरेन्समा रहेको, विवादको एलियण्ट इन्स्योरेन्स कम्पनी प्रतिवादी दिपक भट्टको सासु एवं प्रतिवादी अन्जना नेपालका नाउँमा स्थापित भएको, उक्त एलियण्टले कमिशन वापत भनी प्राप्त गरेको रकम लाभांशको रुपमा अन्जना नेपालले प्राप्त गरी अन्ततः प्रतिवादी दिपक भट्टले नै उपयोग गर्ने गरी केन्द्रीत भएको देखिएबाट उपरोक्त बमोजिमका गतिविधिहरु प्रतिवादी दिपक भट्टकै प्रभाव एवं योजना मुताविक सम्पत्ति शुद्धीकरणको कसुर गर्ने योजना सहित Underlying Criminal Activities को रुपमा प्रतिवादीहरुले गरी कसुरबाट प्राप्त रकमको वैधता स्थापना गराई सम्पत्ति शुद्धीकरणको कसुर गरिरहेको देखिन्छ।

उपरोक्त घटनाक्रमको विश्लेषणबाट विवादको एलियन्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि.को स्थापना रुपमा अन्जना नेपाल समेतका नाममा भएको देखिए तापनि उक्त कम्पनीको वास्तविक नियन्त्रण सहित अन्तिम हिताधिकारी प्रतिवादी दिपक भट्ट रहेको देखिन्छ। एलियण्ट ब्रोकर्सले हिमालयन रिइन्स्योरेन्स लिमिटेडबाट अग्रिम पेश्की लिएको रकम रु. २८ करोड फछर्यौट तथा समायोजन गर्ने उद्देश्यले योजनाबद्ध रूपमा हुँदै नभएको झुठा कारोबार खडा गरेको तथ्य माथि गरिएको विश्लेषणबाट स्थापित हुन आएको देखिन्छ। जीवन बीमा कम्पनीहरूको नाम दुरुपयोग गरी प्रतिवादीहरुको आपसी मिलेमतोमा यसरी झुठा व्यहोरा खडा गरी खर्च लेखांकन गर्दा बीमक हिमालयन रिईन्स्योरेन्सको रकम दुरुपयोग एवं हिनामिना भएको देखिन्छ । उपरोक्त अनुसार प्रतिवादी दिपक भट्टलाई आर्थिक लाभ पुऱ्याउने उद्देश्यले बीमकको रकम दुरुपयोग गरेको कार्यबाट बीमा ऐन, २०७९ को दफा ५३ बमोजिम सञ्चालक समितिमा निहित Fiduciary Duty, Risk Management, Institutional Governance तथा बीमित एवं सर्वसाधारण शेयरधनीको हित संरक्षण गर्नु पर्ने सम्बन्धी कानूनी दायित्व सञ्चालक समितिका पदाधिकारी एवं प्रतिवादीहरु स्वयंले जानीजानी बर्खिलाप गरी कसुर गरेको तथ्य स्थापित हुन आयो।

वास्तविक सेवा लिए/दिएको वा कुनै आर्थिक कारोबार नै नभएको अवस्थामा फर्जी Brokerage Income सिर्जना गरी उक्त रकमलाई कम्पनीको वैध आम्दानी दावी गरी नेपाल सरकारलाई कर बुझाउने, लाभांश वितरण गर्ने समेतका कार्य गरी त्यस्तो रकम कसुरबाट प्राप्त रकम हो भन्ने जानीजानी सोही रकमलाई वैध देखाउने कार्य प्रतिवादी दिपक भट्ट समेतले गरेको देखिन्छ। कसूरजन्य कार्यबाट प्राप्त आम्दानीबाट कर तिर्दैमा त्यस्तो रकम स्वतः वैध सम्पत्तिमा रुपान्तरण हुँदैन। कसुरबाट प्राप्त सम्पत्तिमा कर तिरे पश्चात त्यस्तो सम्पत्ति बैध सम्पत्ति भन्ने दावी लिने आधारसम्म खडा हुन्छ तथापि उत्पत्तिको स्रोत गैरकानुनी भए पश्चात कर चुक्ता गर्ने कार्य केवल कसुरबाट

प्राप्त सम्पत्तिको रुपान्तरण एवं सही प्रकृति वदल्नका लागि अपराधमा संलग्न पक्षले अवलम्बन गरेको विधिका रूपमा मात्र सीमित हुने भएकाले प्रतिवादीहरुले उच्चस्तरको बौद्धिकता र रचनात्मक दिमागको प्रयोग गरी कसुर गरेको देखिन्छ ।

**ठ. सम्बन्धित जीवन बीमा कम्पनीबाट भएको पत्रबाट खुल्न आएको व्यहोराः**

| सि.न | कम्पनीको नाम | विभागलाई गरेको पत्राचार | प्रमुख कार्यकारी अधिकृतको कागजबाट खुलेको व्यहोराः |
|---|---|---|---|
| १ | हिमालयन लाईफ इन्स्योरेन्स लि. | च.नं.HLI ४०६१/२०८२/८३ | **कपिल कुमार दाहालः** एलियन्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि.सँग कुनै सम्झौता वा कारोबार नगरेको, जीवन बीमाको व्यवसायको रिइन्स्योरेन्स गर्न यस कम्पनीलाई कुनै पनि ब्रोकेजको आवश्यकता नपर्ने भन्ने समेतको व्यहोरा उल्लेख भएको। |
| २ | नेपाल लाईफ इन्स्योरेन्स लि. | च.नं. एच २३७५ मितिः२०८३/०२/०४ बाट एलिएन्टसँग कुनै सम्झौता र कारोबार नभएको | **प्रविण रमण पराजुलीः** एलियन्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि.सँग कुनै सम्झौता वा कारोबार नगरेको, जीवन बीमाको व्यवसायको रिइन्स्योरेन्स गर्न यस कम्पनीलाई कुनै पनि ब्रोकेजको आवश्यकता नपर्ने भन्ने समेतको व्यहोरा उल्लेख भएको। |
| ३ | एसियन लाईफ इन्स्योरेन्स लि. | च.नं. ६४७९ को पत्रबाट एलिएन्टसँग कुनै सम्झौता र कारोबार नभएको | **दिनेशलाल श्रेष्ठः** एलियन्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि.सँग कुनै सम्झौता वा कारोबार नगरेको, जीवन बीमाको व्यवसायको रिइन्स्योरेन्स गर्न यस कम्पनीलाई कुनै पनि ब्रोकेजको आवश्यकता नपर्ने भन्ने समेतको व्यहोरा उल्लेख भएको। |
| ४ | सिटिजन लाईफ इन्स्योरेन्स लि. | च.नं.३९२४ मितिः २०८३/०२/०४ बाट एलिएन्टसँग कुनै सम्झौता र कारोबार नभएको | **पोषक राज पौडेल** एलियन्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि.सँग कुनै सम्झौता वा कारोबार नगरेको, जीवन बीमाको व्यवसायको रिइन्स्योरेन्स गर्न यस कम्पनीलाई कुनै पनि ब्रोकेजको आवश्यकता नपर्ने भन्ने समेतको व्यहोरा उल्लेख भएको। |
| ५ | राष्ट्रिय जीवन बीमा कम्पनी लि. | च.नं. २० मितिः २०८३/०२/०४ बाट एलिएन्टसँग कुनै सम्झौता र कारोबार नभएको | **सुन्दर पन्थी** एलियन्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि.सँग कुनै सम्झौता वा कारोबार नगरेको, जीवन बीमाको व्यवसायको रिइन्स्योरेन्स गर्न यस कम्पनीलाई कुनै पनि ब्रोकेजको आवश्यकता नपर्ने भन्ने समेतको व्यहोरा उल्लेख भएको। |

| | | | |
|---|---|---|---|
| ६ | सन लाईफ इन्स्योरेन्स लि. | च.नं. २२ मिति २०८३/०२/०४ बाट एलिएन्टसँग कुनै सम्झौता र कारोबार नभएको | **कवि फुयाँल**<br>एलियन्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि.सँग कुनै सम्झौता वा कारोबार नगरेको, जीवन बीमाको व्यवसायको रिइन्स्योरेन्स गर्न यस कम्पनीलाई कुनै पनि ब्रोकेजको आवश्यकता नपर्ने भन्ने समेतको व्यहोरा उल्लेख भएको। |
| ७ | सानिमा रिलाईन्स लाईफ इन्स्योरेन्स लि | च.नं. ८७० मितिः २०८३/०२/०४ बाट एलिएन्टसँग कुनै सम्झौता र कारोबार नभएको | **शिवनाथ पाण्डे**<br>एलियन्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि.सँग कुनै सम्झौता वा कारोबार नगरेको, जीवन बीमाको व्यवसायको रिइन्स्योरेन्स गर्न यस कम्पनीलाई कुनै पनि ब्रोकेजको आवश्यकता नपर्ने भन्ने समेतको व्यहोरा उल्लेख भएको । |
| ८ | प्रभु महालक्ष्मी लाईफ इन्स्योरेन्स लि | च.नं. ३२७८ मितिः २०८३/०२/०४ बाट एलिएन्टसँग कुनै सम्झौता र कारोबार नभएको। | **सन्तोष प्रसाई**<br>एलियन्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि.सँग कुनै सम्झौता वा कारोबार नगरेको, जीवन बीमाको व्यवसायको रिइन्स्योरेन्स गर्न यस कम्पनीलाई कुनै पनि ब्रोकेजको आवश्यकता नपर्ने भन्ने समेतको व्यहोरा उल्लेख भएको। |
| ९ | रिलायवल लाईफ इन्स्योरेन्स लि | च.नं.१८७५ मितिः २०८३/०२/०४ बाट एलिएन्टसँग कुनै सम्झौता र कारोबार नभएको | **दिपेश वाबु तिवारी (उप कार्यकारी प्रमुख)**<br>एलियन्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि.सँग कुनै सम्झौता वा कारोबार नगरेको, जीवन बीमाको व्यवसायको रिइन्स्योरेन्स गर्न यस कम्पनीलाई कुनै पनि ब्रोकेजको आवश्यकता नपर्ने भन्ने समेतको व्यहोरा उल्लेख भएको। |
| १० | गार्डियन माईक्रो लाईफ इन्स्योरेन्स लि | च.नं. २१९३ मितिः २०८३/०२/०४ बाट एलिएन्टसँग कुनै सम्झौता र कारोबार नभएको | |
| ११ | सुर्यज्योती लाईफ इन्स्योरेन्स लि. | च.नं. १७८ मितिः २०८३/०२/०४ बाट एलिएन्टसँग कुनै सम्झौता र कारोबार नभएको | **प्रकाश विक्रम खत्री**<br>एलियन्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि.सँग कुनै सम्झौता वा कारोबार नगरेको, जीवन बीमाको व्यवसायको रिइन्स्योरेन्स गर्न यस कम्पनीलाई कुनै पनि ब्रोकेजको आवश्यकता नपर्ने, भन्ने समेतको व्यहोरा उल्लेख भएको। |
| १२ | नेशनल लाईफ | च.नं. ७४१० मितिः २०८३/०२/०४ बाट एलिएन्टसँग कुनै | **सुरेश प्रसाद खत्री**<br>एलियन्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि.सँग कुनै सम्झौता वा कारोबार नगरेको, जीवन बीमाको व्यवसायको रिइन्स्योरेन्स |

| | | | |
|---|---|---|---|
| | इन्स्योरेन्स लि | सम्झौता र कारोबार नभएको | गर्न यस कम्पनीलाई कुनै पनि ब्रोकेजको आवश्यकता नपर्ने, भन्ने समेतको व्यहोरा उल्लेख भएको । |
| १३ | आइएमइ लाईफ इन्स्योरेन्सस लि | च.नं. २६०४ मितिः २०८३/०२/०४ बाट एलिएन्टसँग कुनै सम्झौता र कारोबार नभएको | **पवन कुमार खड्का**<br>एलियन्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि.सँग कुनै सम्झौता वा कारोबार नगरेको, जीवन बीमाको व्यवसायको रिइन्स्योरेन्स गर्न यस कम्पनीलाई कुनै पनि ब्रोकेजको आवश्यकता नपर्ने, भन्ने समेतको व्यहोरा उल्लेख भएको । |
| १४ | हिमालयन रिइन्स्योरेन्स लि | च.नं. ७५५ मिति २०८३/०१/०५ पठाएको जानकारीमा लाईफ इन्स्योरेन्सतर्फ एलियन्टसँग सम्झौता नभएको पत्र प्राप्त भएको | बीमकबाट लाइफ इन्स्योरेन्स कम्पनीसँग सम्झौता नभएतापनि खर्च लेखांकन भएको । |

**ङ. हिमालयन रिइन्स्योरेन्स लि.को लेजर अनुसार एलियन्ट इन्स्योरेन्स ब्रोकर्स प्रा. लि.को लेजर र यसको समिक्षाः**

**१. बीमा ऐन अन्तर्गतको कसुर गरी प्राप्त रकम लेखांकन गरेको अबस्थाः**

हिमालयन रिइन्स्योरेन्सबाट पुनर्बिमाको आम्दानी देखाई निम्न आर्थिक वर्षहरुमा निम्न बमोजिमको रकम लेखांकन गरेको देखिन्छ । एलियण्ट इन्स्योरेन्सको कुल आयमध्ये बीमा सम्बन्धी कसुर गरी प्राप्त गरेको आय रकमलाई कुल आयबाट छुट्टयाई हेर्दा देहाय बमोजिम रहेको देखिन्छ ।

**२. एलियन्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि. को वित्तीय विवरणको नाफा नोक्सान हिसाबको विवरणः**

| विवरण | आर्थिक वर्ष २०७९/८० | | आर्थिक वर्ष २०८०/८१ | |
|---|---|---|---|---|
| | आन्तरिक राजश्व कार्यालयमा पेश गरेको कुल आय (क) | बीमा कसूरबाट प्राप्त लेखांकन | आन्तरिक राजश्व कार्यालयमा पेश गरेको कुल आय (ख) | बीमा कसूरबाट प्राप्त लेखांकन |
| Revenue From brokage commission | 262837802.32 | 133462681.14 | 255902642.77 | 105742382.86 |
| Gross profit | 267101313.15 | 133462681.14 | 255902642.77 | 105742382.86 |
| Other Income | 4263510.83 | - | 2567457.13 | - |
| Administrative exp | 17914626.78 | - | 37404995.10 | - |
| Depreciation | 1550812.83 | - | 2840136.45 | - |
| Net profit before tax | 247635873.54 | 133462681.14 | 218224968.35 | 105742382.86 |
| Current Tax | 62036238.00 | - | 55787525 | |

| | | | | |
|---|---|---|---|---|
| Net profit after tax trf to Reserve & surplus | 185599635.54 | **133462681.14** | 162437443.35 | **105742382.86** |

एलियन्ट इन्स्योरेन्स ब्रोकर्स प्रा. लि.ले आन्तरिक राजस्व कार्यालयमा पेश गरेको आय विवरण अनुसार आ.व. २०७९/८० मा रु. २६,२८,३७,८०२।३२ आय देखाई रु. १८,५५,९९,६३५।५४ करपछिको आय भनी उल्लेख भएको देखिन्छ। सोमध्ये १३,३४,६२,६८१।१४ हिमालयन रिइन्स्योरेन्सको कोषको रकम दुरुपयोग गरी प्राप्त गरेको देखिन्छ। आ.व. २०८०/८१ मा आन्तरिक राजश्व कार्यालयमा पेश गरेको रु.२५,५९,०२, ६४२।७७ आय देखाई रु. १६,२४,३७,४४३ । ३५ कर पश्चातको नाफा मध्ये रु. १०,५७,४२,३८२ । ८६ हिमालयन रिइन्स्योरेन्सको रकम अपचलन गरी प्राप्त रकम समेत लेखांकन गरेको देखिन्छ। कसुरबाट प्राप्त रकमलाई एलियण्टको आयमा समावेश गरी वित्तिय विवरण तयार गरी कर निर्धारण प्रयोजनार्थ सम्बन्धित निकायमा बुझाई निर्धारण भए बमोजिमको कर समेत बुझाई भुक्तानी कसुरबाट प्राप्त रकमको स्रोत एवं प्रकृति समेत बदली वैध देखाउने समेतका कार्यहरु गरी सोही कार्यहरुबाट प्रतिवादीहरुले सम्पत्ति शुद्धीकरणको कसुर गरेको देखिन्छ।

कसुरबाट प्राप्त सम्पत्तिको वैधता स्थापित गराउनका लागि प्रतिवादी दिपक भट्ट समेतले कसुरबाट प्राप्त सम्पत्तिलाई नाफाको रुपमा दावी गरी वित्तीय विवरणमा समावेश गरी कर बुझाउने कार्य गरेको देखिन्छ। आवरणमा कर पछिको नाफा रकम देखिए तापनि उक्त रकमको उत्पत्ति बीमा ऐन अन्तर्गतको कसुरबाट भएको देखिँदा कसुरबाट प्राप्त रकम हो भन्ने जानीजानी त्यस्तो रकमलाई कसुरबाट अलग गर्न कर तिरे बुझाएको तथ्य स्थापित हुन आएको देखिँदा प्रतिवादी दिपक भट्ट समेतले सम्पत्ति शुद्धीकरणको कसुर गरेको वारदात स्थापित हुन आयो।

**३. एलियन्ट इन्स्योरेन्स ब्रोकर्स प्रा. लि.ले लांभाश घोषणा र भुक्तानी गरेको विवरण**

बीमा ऐन अन्तर्गतको कसूर गरी प्राप्त गरेको गैरकानुनी स्रोतको रकमलाई एलियन्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि.को कारोबारमा समायोजन गरी उक्त कसूरबाट प्राप्त गरेको रकमबाट माथि विवेचना भए अनुसार कर समेत भुक्तानी गरी सोही रकम लाभांश वापत प्राप्त गरेको देखाई आरोपी अञ्जना नेपालले आफ्नो व्यक्तिगत खातामा प्राप्त गरेको देखिन्छ। आर्थिक वर्ष २०७९/८० र २०८०/८१ मा कर चुक्ता गरी आर्जन गरेको देहायको रकमलाई आर्थिक वर्ष २०८०/८१ र २०८१/८२ मा लाभांश घोषणा गरी लगानीकर्ताहरु एलियन्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि.का अध्यक्ष अञ्जना नेपाल र शेयरधनी (सञ्चालक समितिमा नरहेका) निता अग्रवाललाई वितरण गरेको देखिन्छ ।

**४. लाभांश वितरणको अवस्था**

| आर्थिक वर्ष | खुद नाफा रु. | लाभांश घोषणा गरेको रकम रु. | अञ्जना नेपालले प्राप्त गरेको लाभांश रु. | नीता अग्रवालले प्राप्त गरेको लाभांश रु. |
|---|---|---|---|---|
| २०७८/७९ | ४,८७,९९९.२० | | | |
| २०७९/८० | १८,५५,९९,६३५.५४ | | | |
| २०८०/८१ | १६,२४,३७,४४३.४० | १८,५५,९९,६३५.५४ | १७,८१,५५,९११.८० | ७४,२३,१६२.९९ |
| २०८१/८२ | १०,२०,१३,८८२.० | १६,२४,३७,४४३.४० | १५,६४,२८,१६२.९० | ६५,१७,८४०.१२ |
| जम्मा | ४५,०५,३८,९६०.१० | ३४,८५,२५,०७७.८० | ३३,४५,८४,०७४.६० | १,३९,४१,००३.११ |

**५. एलियन्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि.को खुद नाफा र बिमा कसूरबाट लेखांकन गरेको आम्दानी विवरणः**

| विवरण | आर्थिक वर्ष २०७९/८० | | आर्थिक वर्ष २०८०/८१ | |
|---|---|---|---|---|
| | खुद नाफा | बीमा कसूरबाट लेखांकन गरेको आम्दानी | खुद नाफा | बीमा कसूरबाट लेखांकन गरेको आम्दानी |
| रकम रु. | 18,55,79,074.80 | 13,34,62,681.14 | 16,24,37,443.35 | 10,57,42,382.86 |

एलियण्ट इन्स्योरेन्सको करपश्चातको कुल नाफामध्ये आ.व. २०७९/८० मा रु. 13,34,62,681.14 र आ.व. २०८०/८१ मा रु. 10,57,42,382.86 खुद नाफा बीमा ऐन अन्तर्गतको कसुरबाट प्राप्त गरेको रकमसँग सम्बन्धित भएकाले उक्त रकमबाट भुक्तानी भएको लाभांशको अवस्था देहाय बमोजिम रहेको देखिन्छ ।

## ६. अञ्जना नेपाल र नीता अग्रवाललाई वितरण गरेको लाभांशको विवरण

| विवरण | आर्थिक वर्ष २०७९/८० | | आर्थिक वर्ष २०८०/८१ | | जम्मा |
|---|---|---|---|---|---|
| | कसुरबाट प्राप्त गरी लाभांश वितरण गरेको रकम रु. | हिस्सा | कसुरबाट प्राप्त गरी लाभांश वितरण गरेको रकम रु. | हिस्सा | |
| लाभांश | 13,34,62,681.14 | 100% | 10,57,42,382.86 | 100% | 23,92,05,064 |
| अञ्जना नेपालको हिस्सा | 12,81,24,173.89 | 96% | 10,15,12,687.54 | 96% | 22,96,36,861.43 |
| नीता अग्रवालको हिस्सा | 53,38,507.24 | 4% | 42,29,695.31 | 4% | 95,68,202.55 |

कम्पनी रजिष्ट्रारको कार्यालयबाट प्राप्त विवरण अनुसार विवादको एलियण्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि.को सञ्चालक लगतमा नीता अग्रवाल रहेको देखिदैन । यसरी निज सञ्चालक समितिमा रहेको नदेखिँदा निज कम्पनीको दैनिक प्रशासनिक एवं निर्णय सम्बन्धी कार्यमा संलग्न रहेको मान्न सकिने अवस्था नदेखिएको साथै निजले लाभांश वापत लिएको रकम रु.95,68,202.55 मा कर दाखिला गरेको रकम कट्टा गरी बाँकी हुन आउने रकम रु.९०,८०,९००।– एलियण्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि.का नाउँमा हिमालयन बैंक लिमिटेडमा रहेको नम्बर १२०२२१९४१३००१४ को खातामा सन् २०२६ जुन २७ मा फिर्ता गरेको देखिन्छ ।

एलियन्ट इन्स्योरेन्स प्रा. लि. को खाताबाट विभिन्न मितिमा अञ्जना नेपाल र नीता अग्रवाललाई दिएको लाभांश मध्ये बीमा कसूर गरी प्राप्त रकमलाई आयमा समावेश गरी आन्तरिक राजश्व कार्यालयमा विवरण पेश गरी प्राप्त लाभमा लाभांश वितरण गरेको देखिन्छ । उक्त कम्पनीले घोषणा गरेको लाभांश रकम नेपाल इन्भेष्टमेण्ट बैंकको खाताबाट देहाय अनुसार भुक्तानी भएको देखिन्छः-

**Account no 00101010343077 NPR**

**Name: ALLIANT INSURANCE BROKERS PVT.LTD**

| Tran Date | Particulars | Debit | Credit |
|---|---|---|---|
| 4/4/2024 | CIPS Nita Agrawal#240404-2305631#240404-2305631.1-8409519 | 25,00,000.00 | |
| 4/28/2024 | CIPS Nita Agrawal#240428-2397041#240428-2397041.1-8551370 | 45,52,004.84 | |
| 6/10/2024 | INWCLG ANJANA NEPAL- | 4,75,00,000.00 | |
| 6/16/2024 | INWCLG ANJANA NEPAL- | 2,00,00,000.00 | |
| 6/19/2024 | INWCLG ANJANA NEPAL- | 4,50,00,000.00 | |
| 6/23/2024 | INWCLG ANJANA NEPAL- | 4,90,00,000.00 | |
| 12/16/2024 | CIPS Nita Agrawal#241216-341602-10956045 | 50,00,000.00 | |
| 12/25/2024 | CIPS Nita Agrawal#241225-17995351#Dividend FY 80-81-318016462 | 12,00,000.00 | |

| | | | |
|---|---|---|---|
| 12/26/2024 | CIPS Anjana Nepal#241226-3462281#241226-34622811 D-11044732 | 5,00,00,000.00 | |

## ७. अञ्जना नेपाललाई लाभांश प्राप्त भएको विवरण

आयुष्मा भट्टको Siddhartha Bank Limited मा रहेको खाता नं. ००१२१०२५९१० मा विभिन्न मितिमा जम्मा रु. २१,१५,००,०००।- (अक्षेरेपी एक्काईस करोड पन्ध्र लाख) प्रतिवादी दिपक भट्टको सासु अञ्जना नेपालको नाममा महालक्ष्मी विकास बैंकमा रहेको नम्बर ०४२००८००२५३८७८००००००१ को खाताबाट रकम प्राप्त भएको देखिन्छ।

## ८. अञ्जना नेपालको खाताको विवरण: रकम प्राप्त गरी प्रयोग गरेको अवस्था

FROM :Nov 6, 2012 To Apr 5, 2026 :
04200800253878000001
ANJANA NEPAL

| TranDate | Desc1 | Desc2 | Desc3 | Debit | Credit |
|---|---|---|---|---|---|
| 10/06/2024 | O/W CLG CHQ REALISED | NIMB#3023122032 | | 0.00 | 4,75,00,000.00 |
| 11/06/2024 | HOME CHQ 0002867141 | AYUSHMA NEPAL BHATTA | SIDDHARTHA BANK LTD | -4,75,00,000.00 | 0.00 |
| 16/06/2024 | O/W CLG CHQ REALISED | NIMB#302312203 | | 0.00 | 2,00,00,000.00 |
| 18/06/2024 | HOME CHQ 0002867142 | AYUSHMA NEPAL | SIDDHARTHA BANK LTD | -2,00,00,000.00 | 0.00 |
| 19/06/2024 | O/W CLG CHQ REALISED | NIMB#3023122034 | SHARE DIVENDED | 0.00 | 4,50,00,000.00 |
| 20/06/2024 | HOME CHQ 0002867143 | AYUSHMA NEPAL BHATTA | SBL | -4,50,00,000.00 | 0.00 |
| 23/06/2024 | HOME CHQ 0002867144 | AYUSHMA NEPL BHATTA | SIDDHARTHA | -4,90,00,000.00 | 0.00 |
| 23/06/2024 | O/W CLG CHQ REALISED | NIMB#3023122035 | | 0.00 | 4,90,00,000.00 |
| 26/12/2024 | 0501241226IMO00B | Dividend FY 80-81/ 1st Installment | ALLIANT INSURANCE BROKERS | 0.00 | 5,00,00,000.00 |
| 29/12/2024 | HOME CHQ 0002867146 | AYUSHMA NEPAL BHATTA | SBL | -5,00,00,000.00 | 0.00 |
| 08/01/2025 | 0501250108JPY00B | Dividend FY 80/81 - 2nd Installment | ALLIANT INSURANCE BROKERS P. Ltd | 0.00 | 5,20,00,000.00 |
| | जम्मा | | | **21,15,00,000** | **21,15,00,000** |

## ९. लाभांश रकम आयुष्मा भट्टको खातामा आई दिपक भट्ट खातामा जम्मा भएको विवरण:

अञ्जना नेपालले प्राप्त गरेको लाभांश रकम निजको महालक्ष्मी बैंकको खातामा जम्मा गरी आयुष्मा नेपाल भट्टका नाममा सिद्धार्थ बैंकमा रहेको नं. ००१२१०२५९१० को खातामा देहाय अनुसार निज अञ्जना नेपालबाट प्राप्त गरी प्रतिवादी दिपक भट्टलाई दिएको देखिन्छ।

| मिति | विवरण | रकम रु. |
|---|---|---|
| 11/06/2024 | From Anjana Nepal Mahalaxmi bank to Aayushma Bhatta Shiddharth Bank | 4,75,00,000 |
| 11/06/2024 | From Aayushma Bhatta Shiddharth Bank to Deepak Bhatta Siddhartha bank | 4,75,00,000 |
| 18/06/2024 | From Anjana Nepal Mahalaxmi bank to Aayushma Bhatta Shiddharth Bank | 2,00,00,000 |
| 18/06/2024 | From Aayushma Bhatta Shiddharth Bank to Deepak Bhatta Siddhartha bank | 2,00,00,000 |
| 20/06/2024 | From Anjana Nepal Mahalaxmi bank to Aayushma Bhatta Shiddharth Bank | 4,50,00,000 |
| 20/06/2024 | From Aayushma Bhatta Shiddharth Bank to Deepak Bhatta Siddhartha bank | 4,50,00,000 |
| 23/06/2024 | From Anjana Nepal Mahalaxmi bank to Aayushma Bhatta Shiddharth Bank | 4,90,00,000 |
| 23/06/2024 | From Aayushma Bhatta Shiddharth Bank to Deepak Bhatta Siddhartha bank | 4,90,00,000 |
| 29/12/2024 | From Anjana Nepal Mahalaxmi bank to Aayushma Bhatta Shiddharth Bank | 5,00,00,000 |
| `05/01/2025 | From Aayushma Bhatta Shiddharth Bank to Deepak Bhatta Siddhartha bank | 5,00,00,000 |
| | जम्मा | 21,15,00,000 |

**१०. आयुष्मा भट्ट र अञ्जना नेपालको बैंक खाता प्रयोग गरी प्रतिवादी दिपक भट्टले रकम प्राप्त गरेको विवरण**

माथि विवेचना भए बमोजिम प्रतिवादी दिपक भट्टले एलियन्ट इन्स्योरेन्स प्रा.लि.को खाताबाट बीमकको रकम अनियमितता गरी प्राप्त गरेको रकम सम्बन्धमा निज आफ्नो सासु अञ्जना नेपालको खातामा ट्रान्सफर गरी गराई सोही रकम आफ्नो श्रीमती आयुष्मा भट्ट नेपालको खातामा लाभांश भनी ल्याई सो खाताबाट आफ्नो सिद्धार्थ बैंकको खाता नं. ००१२१०२५९१० मा प्राप्त गरेको देखिन्छ। प्रतिवादी दिपक भट्टले एलियन्ट इन्स्योरेन्स प्रा.लि.को सम्पूर्ण रकम लाभांश तथा कम्पनीको नामबाट प्राप्त गरी सम्पूर्ण आय आफ्नो खातामा केन्द्रित गर्ने कार्यबाट विवादको एलियन्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि.को वास्तविक धनी प्रतिवादी निज दिपक भट्ट हुन् भन्ने तथ्य समेत पुष्टि हुन आएको छ।

आयुष्मा भट्टको सिद्धार्थ बैंकमा रहेको नं. ००१२१०२५९१० को खाताबाट प्रतिवादी एवं निजका पति दिपक भट्टका नाममा सिद्धार्थ बैंकको नम्बर ००११५०३६८०६ को खाता समेतमा प्राप्त भई भुक्तानी भएको विवरण यसप्रकार रहेको देखिन आयो।

| मिति | विवरण | भुक्तानी रु. | प्राप्त भएको रु. |
|---|---|---|---|
| 11/06/2024 | आयुष्मा नेपालको खाताबाट प्राप्त | | 4,75,00,000 |
| 12/06/2024 | शंकरलाल अग्रवाललाई भुक्तानी | 4,75,00,000 | |
| 18/06/2024 | आयुष्मा नेपालको खाताबाट प्राप्त | | 2,00,00,000 |
| 20/06/2024 | शंकरलाल अग्रवालको कुमारी बैकको खातामा भुक्तानी | 2,00,00,000 | |
| 20/06/2024 | आयुष्मा नेपालको खाताबाट प्राप्त | | 4,50,00,000 |
| 21/06/2024 | जगदम्वा स्टिलको खातामा भुक्तानी | 4,50,00,000 | |
| 23/06/2024 | आयुष्मा नेपालको खाताबाट प्राप्त | | 4,90,00,000 |
| 23/06/2024 | जगदम्वा स्टिलको खातामा भुक्तानी | 4,90,00,000 | |
| 05/01/2025 | आयुष्मा नेपालको खाताबाट प्राप्त | | 4,75,00,000 |
| 07/01/2025 | शाहिल अग्रवाललाई भुक्तानी | 5,00,00,000 | |
| | | 21,15,00,000.00 | 20,90,00,000.00 |

**११. मितिः २०८३/१/२ गतेको बरामदी मुचुल्काः**

ललितपुर जिल्ला, ललितपुर जिल्ला महानगरपालिका वडा नं. २ सानेपा स्थित पूर्व सुरेन्द्र सागर तुलाधरको घर, पश्चिम सडक, उत्तर आफ्नै जग्गा, दक्षिण टहरो यति चारकिल्ला भित्र रहेको ईन्फिनिटी होल्डिङ्गसको कार्यालय रहेको स्थानमा खानतलासी गर्दा फक्स ट्राभल्स एण्ड टुर्सका नाउँमा दर्ता कायम रहेको BAC 9932 को MERCEDES BENZ गाडी थान-१ फेला पारी बरामद गरिएको भन्ने समेतका व्यहोराको बरामदी मुचुल्काको सक्कल प्रति यस पूर्व मितिः २०८३/२/२८ मा दायर भएको मुद्दामा सम्मानित विशेष अदालतमा अभियोग पत्र साथ पेश भई सोही मुचुल्काको छाँयाकपी प्रस्तुत मिसिलसाथ संलग्न रहेको ।

२. **प्रतिवादीहरुको बयानको संक्षिप्त व्यहोराः**

**क. प्रतिवादी दिपक भट्टको बयान (२०८३/१/३१ गतेको बयानको सारसंक्षेप)**

मैले मेरो सबै कारोबार बैंकिङ प्रणाली मार्फत कानुनी रुपमा वैध रुपमा गर्ने गरेको छु । माथि उल्लेखित सबै कारोबारहरुको बारेमा मलाई अहिले यकिन जानकारी छैन । तथापि कसुर गर्ने मनसायले उक्त कुनै पनि कारोबार भएको होईन । थप विवरण आवश्यक परेमा म पछि मेरो लेखा हेर्ने कर्मचारीसँग बुझी खुलाउने छु । Alliant Insurance Brokers Pvt. Ltd. को संचालक मेरो सासु अञ्जना नेपाल र अर्को व्यक्ति (हाल मलाई नाम याद भएन) को संयुक्त साझेदरीमा संचालन भएको हो । उक्त कम्पनीको सम्बन्धमा मेरो कुनै प्रत्यक्ष वा अप्रत्यक्ष सम्बन्ध, आर्थिक हित, लाभग्राही स्वामित्व (beneficial ownership), व्यवस्थापकीय नियन्त्रण, निर्णय प्रक्रियामा संलग्नता छैन । माथि उल्लेखित कम्पनी मार्फत Himalayan Reinsurance Limited बाट पुनर्बिमा ब्रोकर कमिशन (reinsurance brokerage commission) प्राप्त गर्ने मेरो कुनै पनि उद्देश्यले योजना पनि गरेको छैन । सवाल नं.२ को बुँदा नं.१ को सवालको सम्बन्धमा Alliant Insurance Brokers Pvt. Ltd. को वास्तविक लगानीकर्ता मेरो सासु अञ्जना नेपाल र अर्को व्यक्ति भएको र मेरो यसमा कुनै प्रत्यक्ष तथा अप्रत्यक्ष संलग्नता नरहेको हुँदा यसको बारेमा जानकारी भएन । उक्त सवालको बुँदा नं.२ को सवालको सम्बन्धमा उक्त कम्पनीको संचालनमा मेरो कुनै भुमिका छैन । माथि उल्लेखित कम्पनीको कारोबारको सम्बन्धमा मेरो प्रत्यक्ष तथा अप्रत्यक्ष संलग्नता नरहेको हुँदा योसंग सम्बन्धित कारोबारको सम्बन्धमा मलाई कुनै पनि जानकारी छैन । उक्त सवालको बुँदा नं.३ को सवालको सम्बन्धमा Himalayan Reinsurance Limited बाट प्राप्त पुनर्बिमा कमिशन रकमको बारेमा मलाई कुनै जानकारी छैन । उक्त सवालको बुँदा नं.४ को सवालको सम्बन्धमा साहिल अग्रवाल तथा निज सम्बद्ध रहेको कम्पनीमा मेरो कुनै संग्लनता छैन । उक्त सवालको बुँदा नं.५ को सवालको सम्बन्धमा Alliant Insurance Brokers Pvt. Ltd बाट मेरो खातामा कुनै पनि रकम आएको छैन । यसको विषयमा मलाई जनकारी छैन । सवाल नं.२ को ६ नं. बुदामा सोधिएको उक्त रकम भनेको मलाई थाहा भएन । सो बाहेको मेरो सासु अञ्जना नेपालले आफ्नो छोरीलाई दिएको कर तिरेको लाभंश रकम मेरो श्रीमति मार्फत मैले उपयोग गरेको हुँ । सवाल नं.२ को बुदा नं. ७ को सम्बन्धमा मैले सबै कारोबार रकम पारदर्शी रुपमा बैंकिङ प्रणाली मार्फत गरेको हुँदा मैले कुनै पनि रकम स्रोत लुकाउने, स्वरूप परिवर्तन गर्ने, विभिन्न खातामा स्थानान्तरण गर्ने तथा अन्ततः एकीकृत गरी उपयोग गर्ने कार्य गरेको पनि छैन र मैले कुनै पनि कसुरजन्य कार्य गर्ने मनसाय राखेको पनि छैन भन्ने कुरा स्पष्ट खुलाउन चाहन्छु ।

Alliant Insurance Brokers Pvt. Ltd. को सम्बन्धमा उक्त कम्पनीमा मेरो कुनै प्रत्यक्ष तथा अप्रत्यक्ष संलग्नता नरहेको हुँदा उक्त कम्पनीले गर्ने कारोबारमा मेरो कुनै पनि प्रभाव, नियन्त्रण र निर्देशन रहने गरेको छैन ।

सोको लाभ मलाई प्राप्त भएको पनि छैन। सो कम्पनीको अन्तिम हिताधिकारी व्यक्ति पनि म होईन। सवाल नं.३ को बुदा नं. १ मा सोधिएको सवालको सन्दर्भमा मलाई जानकारी भएन। बुदा नं २ को सवालको सम्बन्धमा मेरो प्रत्यक्ष तथा अप्रत्यक्ष भुमिका थिएन छैन। उक्त सवालको बुँदा नं.३ को सम्बन्धमा मलाई जानकारी छैन। उक्त सवालको बुँदा नं.४ को बारेमा मलाई थाहा भएन। उक्त सवालको बुँदा नं.५ को बारेमा यस कम्पनीको रकम मेरो बैंक खातामा आएको छैन । मेरो बैंक खातामा आएको रकम मेरो सासु अञ्जना नेपालले आफ्नो छोरीलाई कर तिरेको लाभांश रकमबाट दिएको रकम मेरो श्रीमति मार्फत आएको हो। बुँदा नं. ६ मा सोधीएको कम्पनीको नियन्त्रण, निर्णय प्रक्रिया लगायतका कार्य मैले गरेको छैन। उक्त सवालको बुँदा नं. ७ मा मेरो सासु अञ्जना नेपाल संचालक रहेको कम्पनीमा मेरो कुनै संलग्नता नियन्त्रण, प्रभाव छैन तथा लाभ पनि लिएको छैन। मैले कसुर गर्ने मनसायले कुनै पनि कारोबार गरेको छैन भन्ने समेतका व्यहोराको बयान।

**ख. दिपक भट्टको थप बयान (मितिः २०८३/२/१९)**

एलियण्ट इन्स्योरेन्स व्रोकर्स प्रा.लि. मा म लगानीकर्ताको रुपमा रहेको छैन। त्यसकारणले यस कम्पनीले हिमालयन रिईन्स्योरेन्स कम्पनीसँग कारोबार गरेको सम्बन्धमा सो कम्पनीले नै जान्ने कुरा हो। मैले मेरो श्रीमती आयुष्मा भट्ट नेपालको खाताबाट प्राप्त गरेको हो। उक्त रकम मेरो श्रीमतीको आमाले छोरीलाई दिएको हो। मेरो सासु एलियण्ट इन्स्योरेन्स व्रोकर्स प्रा.लि. मा अध्यक्षको रुपमा रहे पनि सम्पूर्ण कम्पनीको कार्य प्रमुख कार्यकारी अधिकृतले गर्ने हो। यसरी लाभांशबाट प्राप्त गरेको रकम मेरो खातामा प्राप्त गर्दैमा मैले सम्पत्ति शुद्धीकरणको कसुर गरेको भन्न मिल्दैन। कसुरबाट प्राप्त गरेको सम्पत्ति धारण गर्ने, तहगत कारोबार गर्ने, स्वामित्व लुकाउने र एकीकरण गर्ने कार्यमा म कुनै पनि हिसावमा संलग्न छैन।

**ग. प्रतिवादी मनोज कुमार अग्रवालको बयान**

मेरो दिपक भट्टसँग मेरो २०/२२ वर्षको चिनजान हो। मेरो साथीको हिसाबले चिनजान छ। उहाँसँग ट्राभल व्यापार सम्बद्ध केहि कुरा मात्र हुन्थ्यो। मेरो दीपक भट्टसँग १० वर्ष संयुक्त रुप कुनै व्यापार छैन। विदेश भ्रमणको क्रममा साथीको हिसाबले कहिले काँही घुम्न गएको हो। मेरो फक्स ट्राभल नाम रहेको मर्सिडिज वेन्ज गाडी Siddhartha Bank बाट IME Loan मा लिएको छु। उक्त IME Fox Travel बाट Pay गरेको छु। यसको Details चाहिएमा म उपलब्ध गराउन सक्छु। उक्त मर्सिडिज गाडी म आफै प्रयोग गर्थे। दिपक भट्टसँग उक्त गाडी प्रयोग सम्बन्धमा कुनै सम्झौता गरेको छैन। कहिलेकाँहि साथीको नाताले चलाउन दिएको हो भन्ने समेतका व्यहोराको बयान।

**घ. सूर्यप्रसाद सिलवालको बयान**

नेपालमा रि इन्स्योरेन्स ब्रोकरहरु नभएको र रि इन्स्योरेन्सको व्यवसाय ब्रोकरहरुमा निर्भर रहने भएकाले नेपाली रि इन्स्योरेन्स ब्रोकरहरुलाई इजाजत दिनु पर्ने कुरामा प्राधिकरण नीतिगत रुपमा सहमत भएपछि तदनुरुपका निर्देशिकाहरु जारी भए। माग भए जति सबैलाई एकनासले इजाजत दिन प्राधिकरण सहमत भएको व्यहोरा जानकारी गराउँदछु। इजाजतपत्र दिनु अघि Fit and proper test अनिवार्य रुपमा गरिन्छ। सोका लागि सम्बन्धित शाखाले सम्पूर्ण विवरण भिडाई तह, तह हुँदै इजाजत पत्र दिनको लागि पेश भएपछि निर्णय हुने हुन्छ। प्रस्तुत विषयमा इजाजत पत्र प्राप्त कर्ताको बैंक स्टेटमेन्ट र सम्बन्धित विवरण आवश्यक हुन्छ। यी सबै Screening हरु सम्बन्धित शाखाबाट सम्पन्न हुन्छ। तदनुरुपको काम सम्पन्न भई पेश भएपछि निर्णय हुन्छ।

यीनै चरणहरु पार गरी पेश भएपछि अन्तिम निर्णय भएको हो । कम्पनी दर्ता कम्पनी रजिष्टारको कार्यालयमा भएपछि मात्र कम्पनीको नाममा इजाजतपत्र जारी हुन्छ । यसर्थ यसमा इजाजतको लागि आवश्यक रकम प्राप्त भएको हेरेर शाखाबाट तहतह हुँदै निर्णयमा पुगेको हुँदा अन्यथा केही गरेको छैन। शाखाले यस सम्बन्धमा विस्तृत भन्न सक्छ । प्राधिकरणको कानुन शाखाबाट सम्पूर्ण कागजातहरु हेरी भिडान गर्ने कार्य अगाडी बढेको तथ्य श्रीमानमा अवगत गराउँदछु । यसमा अन्यथा केही भएको छैन। दिपक भट्ट र अन्जना नेपाल बीचको सम्बन्धका बारेमा कुनै जानकारी थिएन । माथि सवाल नं. १ मा उल्लेख भएको नेपालमा नेपाली रि इन्स्योरेन्स ब्रोकर नभई धेरै व्यवसाय विदेशीने अवस्था रहेकोमा नेपाल भित्रै नेपाली ब्रोकरहरु स्थापना गरी प्राप्त हुने कमिशन नेपालमै राख्ने उद्देश्यले इच्छुक सबैलाई इजाजत दिईएको हो । प्राधिकरणबाट तहगत रुपमा पेश भएका राय सहितको विषयमा निर्णय लिएको हो । यसमा मैले कसैलाई कुनै सहयोग गरेको छैन । ईच्छुक सबैलाई ईजाजत दिइएको हो । यसमा कुनै खराब नियत राखी कोहीका लागि अनियमित विधिको प्रयोग गरेको छैन ।

मैले त प्राधिकरणको विभिन्न पदाधिकारीबाट पेश भएको रायलाई स्वीकृत सम्म गरेको हुँ । गैरकानुनी कुनै कार्य गरेको छैन । सम्पत्ति शुद्धीकरण जस्तो गम्भिर विषयमा मबाट कुनै गलत काम र सहयोग भएको छैन । इजाजतपत्र दिने प्रकृयाको सम्बन्धमा मैले माथि सजाल नं. ७ मा नै उल्लेख गरेको छु । प्राधिकरणको बोर्डले ब्रोकिङ कम्पनी सम्बन्धी निर्णय र निर्देशिका नै जारी गरेकोछ । सो निर्देशिकामा सम्पूर्ण विधि र प्रक्रिया सम्बन्धमा निर्णय भई निर्देशिका जारी भइसकेको परिप्रेक्ष्यमा सोही निर्देशिका अनुसार इच्छुक सबै ब्रोकिङ कम्पनीलाई इजाजतपत्र दिन स्वीकृती दिएको हुँ । यसमा कसैलाई दिने नदिने भन्ने अवस्था नै नरहेको हुँदा विधि सम्मत (निर्देशिकाले तोके बमोजिम) रुपमा इजाजतपत्र दिन स्वीकृत दिएको व्यहोरा अनुरोध गर्दछु । यसरी इजाजतपत्र दिए पश्चातको बोर्ड बैठकमा मौखिक जानकारी गराइने गरेको व्यहोरा अनुरोध गर्दछु । इजाजतपत्र मात्र दिने विषय प्रशासनिक विषय भएको र बोर्डद्वारा जारी निर्देशिका अनुरुप काम भएको हुँदा तहगत रुपमा पेश हुन आए बमोजिम गरेको हुँ भन्ने समेतका व्यहोराको बयान ।

**ङ. सुवासकुमार झुनझुनवालाको बयान**

म बीमकको सम्पूर्ण काम, कर्तव्य तथा अधिकार सञ्चालक समितिमा निहित रहने कानुनी व्यवस्था बारे जानकार छु । कम्पनीको सञ्चालक समितिले आफ्नो शेयरधन तथा बीमितको संरक्षण गर्ने हो । हिमालयन रिईन्स्योरेन्स र एलियण्ट ब्रोकर्स प्रा.लि. र उल्लेखित विभिन्न जीवन बीमा कम्पनीले गरेका कारोबारको सन्दर्भमा सम्पूर्ण जिम्मेवारी प्रमुख कार्यकारी तथा व्यवस्थापनको हो । म सो व्यवस्थापनमा संलग्न नरहेको जानकारी गराउँछु । अन्तिम हिताधिकारी दिपक भट्ट रहने गरी स्थापित एलियण्ट इन्स्योन्स ब्रोकर्स प्रा.लि. लाई हुँदै नभएको जीवन बीमा पुनर्बिमा कम्पनीको कारोबारको कमिशन शीर्षकमा रु. २३ करोड ९२ लाख भुक्तानी गरिएको विषयमा मलाई जानकारी थिएन । सम्बन्धित बीमा कम्पनीहरुले एलियण्टसँग कुनै कारोबार तथा पुनर्बिमा सम्बन्धी कुनै कार्य नभएको भनीसकेको अवस्थामा उल्लेखित बीमा कम्पनीहरुले ब्रोकेज कमिशन दिएको तथा लेखांकन तथा भुक्तानी कुन आधारमा गरेको हो मलाई थाहा छैन । स्वतन्त्र सञ्चालकको पदमा मैले काम गरेको त्यहाँको दैनिक काममा मेरो कुनै सम्बन्ध थिएन । मैले एलियण्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि. तथा यसको अन्तिम हिताधिकारी दिपक भट्टलाई आर्थिक लाभ पुऱ्याउने उद्देश्यले कुनै काम गरेको छैन भन्ने समेतका व्यहोराको बयान ।

**च. <u>प्रतिवादी शेखर गोल्छाको बयानको सारसंक्षेपः</u>**

एलियन्ट ईन्स्योरेन्स ब्रोकर्स प्रा.लि.लाई हुँदै नभएको जीवन बीमा पुनर्बिमा कारोबारको कमिशन शीर्षकमा रु. २३ करोड ९२ लाख भुक्तानी गरिएको विषयमा मलाई जानकारी थिएन। बीमा ऐन, २०७९ को दफा ५३ मा दैनिक प्रशासनिक कार्यमा हस्तक्षेप नगर्ने कुराको प्रत्याभूति गर्नु सञ्चालक समितिको कर्तव्य हुनेछ भन्ने समेतका कानुनी व्यबस्था बमोजिम हिमालयन रिईन्स्योरेन्स लि.को प्रशासनिक गतिविधिमा सञ्चालक समितिलाई थाहा हुने विषय होइन। समग्र नीति तथा मापदण्ड तयार गर्ने र विभिन्न समिति मार्फत संस्थागत सुशासन कायम गर्ने विषय नै सञ्चालक समितिमा रहन्छ। उल्लेखित कारोबार (Transaction) भएको जानकारी मलाई छैन। उल्लेखित हिमालयन रिईन्स्योरेन्स, एलिएण्ट इन्स्योरेन्स ब्रोकर्स प्रा. लि. र उल्लेखित विभिन्न जीवन बीमा कम्पनी लि.ले गरेका कारोबारको सन्दर्भमा सम्पूर्ण जिम्मेवारी CEO तथा व्यवस्थापनको हो। म सो व्यवस्थापनमा संलग्न नरहेको जानकारी गराउँदछु भन्ने समेतको व्यहोरा।

**छ. <u>शुभेच्छा खरेलको बयानको सारसंक्षेप</u>**

एलियन्ट ईन्स्योरेन्स ब्रोकर्स प्रा.लि.लाई हुँदै नभएको जीवन बीमा पुनर्बिमा कारोबारको कमिशन शीर्षकमा रु. २३ करोड ९२ लाख भुक्तानी गरिएको विषयमा मलाई जानकारी थिएन। बीमा ऐन, २०७९ को दफा ५३ मा दैनिक प्रशासनिक कार्यमा हस्तक्षेप नगर्ने कुराको प्रत्याभूति गर्नु सञ्चालक समितिको कर्तव्य हुनेछ भन्ने समेतका कानुनी व्यबस्था बमोजिम हिमालयन रिईन्स्योरेन्स लि.को प्रशासनिक गतिविधिमा सञ्चालक समितिलाई थाहा हुने विषय होइन। समग्र नीति तथा मापदण्ड तयार गर्ने र विभिन्न समिति मार्फत संस्थागत सुशासन कायम गर्ने विषय नै सञ्चालक समितिमा रहन्छ। उल्लेखित कारोबार (Transaction) भएको जानकारी मलाई छैन। उल्लेखित हिमालयन रिईन्स्योरेन्स, एलिएण्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि. र उल्लेखित विभिन्न जीवन बीमा कम्पनी लि.ले गरेका कारोबारको सन्दर्भमा सम्पूर्ण जिम्मेवारी CEO तथा व्यवस्थापनको हो। म सो व्यवस्थापनमा संलग्न नरहेको जानकारी गराउँदछु भन्ने समेतका व्यहोराको बयान।

**ज. <u>हिमालयन रिईन्स्योरेन्सका तत्कालीन कार्यकारी प्रमुख मनिष कुमारको बयानको सार</u>**

हिमालयन रिईन्स्योरेन्सको आर्थिक प्रशासन सम्बन्धी कारोबार गर्ने चेकमा एकजना वित्त विभागको कर्मचारीको अनिवार्य दस्तखत भएको हुनु पर्ने र प्रमुख कार्यकारी अधिकृत वा कार्यकारी निर्देशक ३ जनामध्ये कोही १ जनाको दस्तखतबाट मात्र कारोबार संचालन हुने गरेको छ। को कुन कार्यकारी निर्देशकले दस्तखत गर्ने भन्ने कुरा Random process हो। जो कोहीले गर्न सक्छ भन्ने समेत व्यहोराको बयान।

**झ. <u>प्रतिवादी रोहित गुप्ताको बयान</u>**

एलियन्ट ईन्स्योरेन्स ब्रोकर्स प्रा.लि.लाई हुँदै नभएको जीवन बीमा पुनर्बिमा कारोबारको कमिशन शीर्षकमा रु. २३ करोड ९२ लाख भुक्तानी गरिएको विषयमा मलाई जानकारी थिएन। बीमा ऐन, २०७९ को दफा ५३ मा दैनिक प्रशासनिक कार्यमा हस्तक्षेप नगर्ने कुराको प्रत्याभूति गर्नु सञ्चालक समितिको कर्तव्य हुनेछ भन्ने समेतका कानुनी व्यबस्था बमोजिम हिमालयन रिईन्स्योरेन्स लि. को प्रशासनिक गतिविधिमा सञ्चालक समितिलाई थाहा हुने विषय होइन। समग्र नीति तथा मापदण्ड तयार गर्ने र विभिन्न समिति मार्फत संस्थागत सुशासन कायम गर्ने विषय नै सञ्चालक समितिमा रहन्छ। उल्लेखित कारोबार (Transection) भएको जानकारी मलाई छैन। उल्लेखित हिमालयन रिईन्स्योरेन्स, एलिएण्ट इन्स्योरेन्स ब्रोकर्स प्रा. लि. र उल्लेखित विभिन्न जीवन

बीमा कम्पनी लि.ले गरेका कारोबारको सन्दर्भमा सम्पूर्ण जिम्मेवारी CEO तथा व्यवस्थापनको हो। म सो व्यवस्थापनमा संलग्न नरहेको भन्ने समेतका व्यहोराको बयान।

३. **मौकामा बुझिएका मानिसहरुले लेखाएको घटना विवरण कागज व्यहोराः**

**क. दिप बहादुर वि.सी.को कागज**

म Citizen life insurance को 2081 बाट DCEO पदमा कार्यरत छु । Citizen life insurance ले पुर्नबीमा ब्रोकर एलियन्ट इन्स्योरेन्स ब्रोकर सँग कुनै सम्झौता वा कारोबार नगरेको व्यहोरा जानकारी गराउँदछु। उक्त जीवन विमाको व्यवसायको reinsurance गर्न यस कम्पनीलाई कुनै पनि ब्रोकेजको आवश्यकता नपर्ने व्यहोरा अनुरोध गर्दै यस कम्पनीले माथि उल्लेख गरिएको ब्रोकर कम्पनीसँग कुनै पनि सम्झौता नभएको तथा नगरिएको व्यहोरा उल्लेख गरी कम्पनीको तर्फबाट तहाँ विभाग समक्ष पत्राचार गरेको व्यहोरा जानकारी गराउँछु भन्ने समेतका व्यहोराको कागज।

**ख. पवन कुमार खड्काको कागज**

म IME life insurance को २०८१ मंसिर १३ बाट मर्ज भएपछि CEO पदमा कार्यरत छु । IME life insurance ले पुनर्बिमा ब्रोकर एलियन्ट इन्स्योरेन्स ब्रोकरसँग कुनै सम्झौता वा कारोबार नगरेको व्यहोरा जानकारी गराउँदछु। उक्त जीवन विमाको व्यवसायको reinsurance गर्न यस कम्पनीलाई कुनै पनि ब्रोकेजको आवश्यकता नपर्ने व्यहोरा अनुरोध गर्दै यस कम्पनीले माथि उल्लेख गरिएको ब्रोकर कम्पनीसँग कुनै पनि सम्झौता नभएको तथा नगरिएको व्यहोरा उल्लेख गरी कम्पनीको तर्फबाट तहाँ विभाग समक्ष पत्राचार गरेको व्यहोरा जानकारी गराउँछु भन्ने समेतका व्यहोराको कागज।

**ग. सन्तोष प्रसाईको कागज**

म Prabhu Mahalaxmi life insurance को २०७९ चैत्रबाट मर्ज (साविक Prabhu life insurance, Mahalaxmi Life Insurance) भएपछि CEO पदमा कार्यरत छु।कम्पनीको पुनर्बिमा नीतिमा नै पुनर्बिमा गर्दा कुनै ब्रोकरको प्रयोग नगर्ने स्पष्ट उल्लेख गरिएको हुँदा Prabhu Mahalaxmi life insurance (साविक Mahalaxmi Life Insurance) ले पुनर्बिमा ब्रोकर एलियन्ट इन्स्योरेन्स ब्रोकरसँग कुनै सम्झौता वा कारोबार नगरेको व्यहोरा जानकारी गराउँदछु। उक्त जीवन विमाको व्यवसायको reinsurance गर्न यस कम्पनीलाई कुनै पनि ब्रोकेजको आवश्यकता नपर्ने व्यहोरा अनुरोध गर्दै यस कम्पनीले माथि उल्लेख गरिएको ब्रोकर कम्पनीसँग कुनै पनि सम्झौता नभएको तथा नगरिएको व्यहोरा उल्लेख गरी कम्पनीको तर्फबाट तहाँ विभाग समक्ष पत्राचार गरेको व्यहोरा जानकारी गराउँछु भन्ने समेत व्यहोराको कागज।

**घ. सुरेश प्रसाद खत्रीको कागज**

म National life insurance को 2079 जेठबाट CEO पदमा कार्यरत छु । कम्पनीको पुनर्बिमा नीतिमा नै पुनर्बिमा गर्दा कुनै ब्रोकरको प्रयोग नगर्ने स्पष्ट उल्लेख गरिएको हुँदा National life insurance ले पुनर्बिमा ब्रोकर एलियन्ट इन्स्योरेन्स ब्रोकरसँग कुनै सम्झौता वा कारोबार नगरेको व्यहोरा जानकारी गराउँदछु। उक्त जीवन विमाको व्यवसायको reinsurance गर्न यस कम्पनीलाई कुनै पनि ब्रोकेजको आवश्यकता नपर्ने व्यहोरा अनुरोध गर्दै यस कम्पनीले माथि उल्लेख गरिएको ब्रोकर कम्पनीसँग कुनै पनि सम्झौता नभएको तथा

नगरिएको व्यहोरा उल्लेख गरि कम्पनीको तर्फबाट तहाँ विभाग समक्ष पत्राचार गरेको व्यहोरा जानकारी गराउँछु भन्ने समेतका व्यहोराको कागज।

**ङ. दिपेश बाबु तिवारीको कागज**

म Reliable Nepal life insurance को २०८१ कार्तिकबाट CEO पदमा कार्यरत छु। कम्पनीको पुनर्बिमा नीतिमा नै पुनर्बिमा गर्दा कुनै ब्रोकरको प्रयोग नगर्ने स्पष्ट उल्लेख गरिएको हुँदा Reliable Nepal life insuranceले पुनर्बिमा ब्रोकर एलियन्ट इन्स्योरेन्स ब्रोकरसँग कुनै सम्झौता वा कारोबार नगरेको व्यहोरा जानकारी गराउँदछु। उक्त जीवन विमाको व्यवसायको reinsurance गर्न यस कम्पनीलाई कुनै पनि ब्रोकेजको आवश्यकता नपर्ने व्यहोरा अनुरोध गर्दै यस कम्पनीले माथि उल्लेख गरिएको ब्रोकर कम्पनीसँग कुनै पनि सम्झौता नभएको तथा नगरिएको व्यहोरा उल्लेख गरी कम्पनीको तर्फबाट तहाँ विभाग समक्ष पत्राचार गरेको व्यहोरा जानकारी गराउँछु भन्ने समेत व्यहोराको कागज।

**च. कवि फुयालको कागज**

म SunNepal life insurance को २०८१ माघबाट SDCEO पदमा कार्यरत छु। कम्पनीको पुनर्बिमा नीतिमा नै पुनर्बिमा गर्दा कुनै ब्रोकरको प्रयोग नगर्ने स्पष्ट उल्लेख गरिएको हुँदा SunNepal life insurance ले पुनर्बिमा ब्रोकर एलियन्ट इन्स्योरेन्स ब्रोकरसँग कुनै सम्झौता वा कारोबार नगरेको व्यहोरा जानकारी गराउँदछु। उक्त जीवन विमाको व्यवसायको reinsurance गर्न यस कम्पनीलाई कुनै पनि ब्रोकेजको आवश्यकता नपर्ने व्यहोरा अनुरोध गर्दै यस कम्पनीले माथि उल्लेख गरिएको ब्रोकर कम्पनीसँग कुनै पनि सम्झौता नभएको तथा नगरिएको व्यहोरा उल्लेख गरी कम्पनीको तर्फबाट तहाँ विभाग समक्ष पत्राचार गरेको व्यहोरा जानकारी गराउँछु भन्ने समेत व्यहोराको कागज ।

**छ. प्रकाश विक्रम खत्रीको कागज**

म Suryajyoti life insurance (Jyoti life insurance, Surya life insurance )को २०७९ पौषबाट मर्ज भएपछि CEO पदमा कार्यरत छु। कम्पनीको पुनर्बिमा नीतिमा नै पुनर्बिमा गर्दा कुनै ब्रोकरको प्रयोग नगर्ने स्पष्ट उल्लेख गरिएको हुँदा Suryajyoti life insuranceले पुनर्बिमा ब्रोकर एलियन्ट इन्स्योरेन्स ब्रोकरसँग कुनै सम्झौता वा कारोबार नगरेको व्यहोरा जानकारी गराउँदछु । उक्त जीवन विमाको व्यवसायको reinsurance गर्न यस कम्पनीलाई कुनै पनि ब्रोकेजको आवश्यकता नपर्ने व्यहोरा अनुरोध गर्दै यस कम्पनीले माथि उल्लेख गरिएको ब्रोकर कम्पनीसँग कुनै पनि सम्झौता नभएको तथा नगरिएको व्यहोरा उल्लेख गरि कम्पनीको तर्फबाट तहाँ विभाग समक्ष पत्राचार गरेको व्यहोरा जानकारी गराउँछु भन्ने समेतका व्यहोराको कागज।

**ज. शिवनाथ पाण्डेको कागज**

म Sanima Reliance Life Insurance को २०७९ चैत्रबाट मर्ज भएपछि CEO पदमा कार्यरत छु। sanima reliance life insuranceले पुनर्बिमा ब्रोकर एलियन्ट इन्स्योरेन्स ब्रोकर्ससँग कुनै सम्झौता वा कारोबार नगरेको व्यहोरा जानकारी गराउँदछु । उक्त जीवन विमाको व्यवसायको reinsurance गर्न यस कम्पनीलाई कुनै पनि ब्रोकेजको आवश्यकता नपर्ने व्यहोरा अनुरोध गर्दै यस कम्पनीले माथि उल्लेख गरिएको

ब्रोकर कम्पनीसँग कुनै पनि सम्झौता नभएको तथा नगरिएको व्यहोरा उल्लेख गरी तहाँ विभाग समक्ष पत्राचार (sanima reliance life insurance) ले मितिः 2083-2-4 मा (च.नं.870-82/83 ) गरेको छु भन्ने समेतका व्यहोराको कागज ।

**झ. सुन्दर पन्थीको कागज**

म राष्ट्रिय जीवन विमा कम्पनी (साविक Rastriya Beema Sansthan )को २०८१ माघबाट CEO पदमा कार्यरत छु । कम्पनीको पुनर्बिमा नीतिमा नै पुनर्बिमा गर्दा कुनै ब्रोकरको प्रयोग नगर्ने स्पष्ट उल्लेख गरिएको हुँदा Rastriya Beema Sansthan ले पुनर्बिमा ब्रोकर एलियन्ट इन्स्योरेन्स ब्रोकर सँग कुनै सम्झौता वा कारोबार नगरेको व्यहोरा जानकारी गराउँदछु । उक्त जीवन विमाको व्यवसायको reinsurance गर्न यस कम्पनीलाई कुनै पनि ब्रोकेजको आवश्यकता नपर्ने व्यहोरा अनुरोध गर्दै यस कम्पनीले माथि उल्लेख गरिएको ब्रोकर कम्पनीसँग कुनै पनि सम्झौता नभएको तथा नगरिएको व्यहोरा उल्लेख गरि कम्पनीको तर्फबाट तहाँ विभाग समक्ष पत्राचार गरेको व्यहोराको कागज ।

**ञ. निता अग्रवालको कागज**

मैले एलिएण्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि.का अध्यक्ष अन्जना नेपाललाई चिनेको छैन । निजसँग मेरो कुनै नाता सम्बन्ध, लेनदेन व्यवहार, कारोबार केही छैन । मेरो एलिएण्ट इन्स्योरेन्स ब्रोकर्स प्रा. लि.मा २०,००० (बीस हजार) कित्ता मात्र साधारण शेयर रहेको र यस कम्पनीको कुनै पद वा संचालक समितिको सदस्य रहेको छैन । उक्त कम्पनीमा कस्को के/कति शेयर रहेको कस्ले बिक्री गरेको हो भन्ने जानकारी मलाई छैन । मेरो श्रीमान हिमालयन रिईन्सुरेन्स कम्पनीको स्वतन्त्र संचालक सदस्य रहेको, म साधारण शेयर धनी भएको एलिएण्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि.को कुनै आर्थिक कारोबार गर्ने पदमा नभएको हुदाँ स्वार्थको द्वन्द (conflict of interest) को अवस्था सृजना हुने देख्दिन । म यस कम्पनीको साधारण शेयर धनी मात्र रहेकी छु । हिमालन रिईन्स्योरेन्सबाट कुन मितिमा के कति रकम भुक्तानी भयो भन्ने मलाई जानकारी छैन । साधारण शेयर धनीको हैसियतले कम्पनीको के/कति रकम कृत्रिम खर्च लेखांकन गरि विमक हिमालयन रिईन्स्योरेन्सको रकम अपचलन भएको हो मलाई कुनै जानकारी भएन भन्ने समेतका व्यहोराको कागज ।

**ट. सुलभ पाण्डेको कागज**

दिपक भट्टसँग मेरो कुनै नाता सम्बन्ध लेनदेन छैन । म Alliant Insurance Broker Pvt. Ltd. मा 2079/05-01 देखि आवद्ध छु । उक्त संस्थामा म्यानेजर/एकाउन्टेन्ट/RI faculative manager पदमा कार्यरत छु । मैले Alliant join गर्नु भन्दा अघिकै मितिमा एउटा Agreement HRL र Alliant को विचमा भएको रहेछ । मैले Advance रकम बैंकमा आइ सकेपछि जानकारी पाएको र त्यस रकमलाई As an Advance income book गर्नलाई निर्देशन भएको सो बमोजिम इन्ट्री गरिएको हो । Alliant Insurance Broker Pvt. Ltd. ले Himalayan Reinsurance Ltd.लाई Advanced प्राप्त भएको भनी CEO बाट हस्ताक्षर गरी पठाएको व्यहोरा जानकारी गराउँछु । वुंदा नं 2 मा उल्लेख भएको कारोबारहरुको working model काम कसरी भएको त्यसको माग दावी कसरी भएको भन्ने जानकारी मलाई यथेस्ट नभएकोले

लेखांकन False हो वा होइन भनेर Clearly भन्न नसक्ने । आदेश अनुसार book entry गरेको हो भन्ने समेतका व्यहोराको कागज ।

**ठ. कपिल कुमार दाहालको कागज**

म Himalayan Life Insurance को २०८२ कार्तिक १३ गतेदेखि मर्ज (Prime Life Insurance, Gurans Life Insurance, Union Life Insurance) भएपछि CEO पदमा कार्यरत छु । Himalayan Life Insurance ले पुनर्बिमा ब्रोकर एलियन्ट इन्स्योरेन्स ब्रोकर्ससँग कुनै सम्झौता वा कारोबार नगरेको व्यहोरा जानकारी गराउँदछु । उक्त जीवन बीमाको व्यवसायको reinsurance गर्न यस कम्पनीलाई कुनै पनि ब्रोकेजको आवश्यकता पर्दैन । उल्लेखित कम्पनीसँग कुनै पनि सम्झौता नभएको तथा नगरिएको व्यहोरा उल्लेख गरी विभाग समक्ष Himalayan Life Insurance ले मितिः 2083-2-5 मा (च.नं.461-82/83) मा पत्राचार समेत गरेको छ भन्ने समेतका व्यहोराको कागज ।

**ड. दिनेशलाल श्रेष्ठको कागज**

म Asian Life Insurance को २०७७ माघ १ गतेबाट भएपछि CEO पदमा कार्यरत छु । Asian Life Insurance ले पुनर्बिमा ब्रोकर एलियन्ट इन्स्योरेन्स ब्रोकरसँग कुनै सम्झौता वा कारोबार नगरेको व्यहोरा जानकारी गराउँदछु । उक्त जीवन विमाको व्यवसायको reinsurance गर्न यस कम्पनीलाई कुनै पनि ब्रोकेजको आवश्यकता नपर्ने व्यहोरा अनुरोध गर्दै यस कम्पनीले माथि उल्लेख गरिएको ब्रोकर कम्पनीसँग कुनै पनि सम्झौता नभएको तथा नगरिएको व्यहोरा उल्लेख गरी तहाँ विभाग समक्ष पत्राचार गरेको छ भन्ने समेतका व्यहोराको कागज ।

**ढ. प्रविणरमण पराजुलीको कागज**

म Nepal Life Insurance को 2079 बाट भएपछि CEO पदमा कार्यरत छु । Nepal Life Insurance ले पुनर्बिमा ब्रोकर एलियन्ट इन्स्योरेन्स ब्रोकर सँग कुनै सम्झौता वा कारोबार नगरेको व्यहोरा जानकारी गराउँदछु । उक्त जीवन विमाको व्यवसायको reinsurance गर्न यस कम्पनीलाई कुनै पनि ब्रोकेजको आवश्यकता नपर्ने व्यहोरा अनुरोध गर्दै यस कम्पनीले माथि उल्लेख गरिएको ब्रोकर कम्पनीसँग कुनै पनि सम्झौता नभएको तथा नगरिएको व्यहोरा उल्लेख गरि तहाँ विभाग समक्ष पत्राचार गरेको छ भन्ने समेतका व्यहोराको कागज ।

**ण. हिमालयन रिईन्स्योरेन्सका वित्त प्रमुख सिताराम वाग्लेको कागज**

म Himalayan Reinsurance मा मितिः २०७८/०४/०१ मा लेखा प्रमुखको रुपमा नियुक्ति भई मितिः २०८२/०५/१८ सम्म कार्यरत रहेको थिएँ। मैले लेखा प्रमुखको हैसियतले गरेको काम मेरो निर्णयले हुने होइन। म लेखा प्रमुखको हैसियतमा रहँदा स्वीकृत भएका आम्दानी वा खर्चको लेखा मात्र राख्दथैँ। मलाई कर्मचारीसँग सम्बन्धित नियमित तलब भत्ता तथा अन्य कार्यालय खर्चको हकमा रु.५०००/- देखि रु. १०,०००/- सम्मको मात्र खर्च स्वीकृत गर्ने अधिकार थियो । सो भन्दा बढी रकमको सम्पूर्ण खर्च स्वीकृत गर्ने अधिकार कार्यकारी निर्देशक लगायत माथिका पदाधिकारीहरुलाई दिइएको थियो ।

म लेखा प्रमुखको रुपमा स्वीकृत भएका खर्च तथा आम्दानीहरुको लेखा राख्ने, अन्य नियमित खर्च तथा आम्दानीको लेखा राख्ने, बित्तीय विवरणहरु तयार पार्ने तथा सो प्रकाशन गर्ने जस्ता कार्यहरु सम्पादन गर्ने गर्थौं

कम्पनीसंग सम्बन्धित दैनिक कार्यहरुको सम्बन्धमा मलाई प्रदान गरिएको नियुक्ति पत्र तथा कम्पनीको बिनियमावलीको अधिनमा रही मैले कार्य सम्पादन गर्ने गर्थें। अन्य कार्यहरुको हकमा संचालक समिति, प्रमुख कार्यकारी अधिकृत, नायब प्रमुख कार्यकारी अधिकृत तथा कार्यकारी निर्देशकहरुको निर्णय बमोजिम गर्ने गर्थें । एलियन्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि.को नाममा रु.२३,९२,०५०,६४/१० बराबरको खर्च लेखांकन गरी नेपाल सरकारलाई भुक्तानी गर्नु पर्ने अग्रिम कर समेत भुक्तानी गरी हिसाब मिलान गरेको विषय मलाई जानकारी थियो । तर सो रकम दिपक भट्टलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा लाभ पुग्ने गरी गैरकानुनी कार्य गरी आर्थिक हिनामिना गरी दिपक भट्टलाई सहयोग गर्नको निम्ति फर्जी वा झुठा रहेको विषय मलाई जानकारी थिएन । म कुनै निर्णय गर्ने अधिकारिक व्यक्ति पनि थिइन र मेरो काम निर्णय भएर तोक लागेर आएका खर्चको लेखा राख्ने मात्र थियो । यदि यस बमोजिमको कारोबार फर्जी वा कृतिम भएको भए तापनि म सो रोक्न सक्ने हैसियतमा थिइन ।

कम्पनीको प्रकृति अनुसार व्यवसाय हेर्ने Marketing र Underwriting विभाग हुन्छ । यस सन्दर्भमा कम्पनीको व्यवस्थापनले मिति २०७९ श्रावण ०१ गते एलिएन्ट इन्स्योरेन्स ब्रोकर प्रा.लि.सँग "Reinsurance Broking Service Agreement" भनेर सम्झौता गरेको थियो । सो सम्झौता अनुसार कम्पनीका प्रमुख कार्यकारी अधिकृतको लिखित निर्देशनका आधारमा एलिएन्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि.लाई विभिन्न मितिमा पेश्की भुक्तानी गरिएको थियो । सो बमोजिमको अग्रिम भुक्तानीमा मेरो हस्ताक्षर छैन । आर्थिक वर्ष समाप्त भए पश्च्यात एलिएन्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि.ले व्यवसायको विवरण पेश गरी यति व्यवसाय ल्याए बापत यति-यति पुनर्बिमा ब्रोकेज भन्ने विवरण पेश गरेको थियो । व्यवसायसँग लेखा विभागको प्रत्यक्ष सम्बन्ध नहुने हुँदा जीवन पुनर्बिमा विभाग प्रमुखले सो विवरण ठीक छ र उल्लेखित विवरण अनुसार एलिएन्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि.ले व्यवसाय ल्याएको र सो व्यवसाय तथा अन्य विभिन्न सेवाहरु प्रदान गरे बापत निजलाई विवरण अनुसार भुक्तानी गर्नु पर्ने पुनर्बिमा ब्रोकरेज साँचो तथा ठीक हो भनेर लिखित सहमति जनाए पश्च्यात मात्र खर्च लेखांकन गरिएको थियो भन्ने समेत व्यहोराको कागज ।

त. <u>**एलिएण्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि.का लेखापरीक्षक प्रियंक पोखरेलको कागज**</u>

कम्पनीको कारोबारको ठीकसँग कानुन सम्वत लेखांकन गर्ने कार्य कम्पनी व्यवस्थापकहरुको जिम्मेवारीमा रहेको जानकारी गराउन चाहन्छु । कम्पनीको वित्तीय विवरण बनाउने र प्रस्तुत गर्ने जिम्मा कम्पनी व्यवस्थापकहरुको जिम्मेवारी रहेको जानकारी गराउन चाहन्छु । अडिटरको जिम्मेवारी वित्तीय विवरणमा अडिट बमोजिम राय पेश गर्ने हो । हामीले Alliant insurance broker pvt.ltd को books of Accounts मा भएको कारोबारको आधारमा Audit प्रकृया पुऱ्याएर Audit गरेका हौं । Audit process and procedures विधि पुऱ्याएर हामीले Audit गरेको र Audit प्रतिवेदन उपलब्ध गराएको हो । कुनै आर्थिक अनियमितता, झुठा लेखा प्रविष्टि (False Accounting) गलत मनसायले भएको जानकारी मलाई मेरो Audit अवधिमा जानकारी प्राप्त भएको थिएन । संस्थाबाट प्राप्त कागजात तथा रेकर्ड तथा सूचना अनुसार हामीले हाम्रो Audit कार्य गरेको हो । यस कम्पनीले गरेको कुनै पनि कारोबारमा मेरो मिलेमतो तथा प्रत्यक्ष संलग्नता नभएको जानकारी गराउँदछु । मैले Audit को कार्य मात्र गरेको हुँ । यस कम्पनीले उपलब्ध गराएको कागजात तथा सूचना अनुसार Audit process र procedures अपनाई आफ्नो राय Audit report मार्फत

व्यक्त गरेको हुँ । कसैलाई आर्थिक लाभ पुऱ्याएर उद्देश्यले कृत्रिम कारोबार गरेको सूचना Audit अवधिमा मलाई जानकारी थिएन भन्ने समेतका व्यहोराको कागज ।

**थ. मृदुला सरियाले खुलाई लेखाई दिएको व्यहोराः**

म एलियण्ट इन्स्योरेन्स व्रोकर्स प्रा.लि. स्थापना हुँदाका बखतको सञ्चालक हुँ । उक्त कम्पनीमा मेरो रु. २ करोड ४० लाख रुपैंया लगानी रहेकोमा मैंले मितिः २०७९/१२/३० मा उक्त मेरो नामको सम्पूर्ण शेयर सोही कम्पनीका अर्का शेयरधनी एवं सञ्चालक अन्जना नेपाललाई रु. २ करोड ४० लाख मा नै विक्री गरी उक्त कम्पनीबाट म अलग भएको हो । हिमालयन रिइन्स्योरेन्सबाट बीमा व्यावसायतर्फको कमिशन बापत रकम आउने गरेकोसम्म थाहा छ । के कति रकम आयो भन्ने बारेमा मलाई सबै विवरण थाहा छैन । मैले माथि खुलाए बमोजिम मितिः २०७९/१२/३० बाट कम्पनी नै छाडेकाले सबै विवरण थाहा नभएको हो । हुँदै नभएका कारोबारको कमिशन भनी रकम आएको भन्ने बारेमा मलाई थाहा छैन । उक्त रकम एलियण्टको आम्दानीको रुपमा लेखांकन गरी कर राजश्व समेत बुझाई लाभांश घोषणा गरी सो रकम अन्जना नेपाल हुँदै दिपक भट्टसम्म पुगेको भन्ने सम्बन्धमा मलाई केहि जानकारी छैन । यी सबै कारोबार मैले कम्पनी छाडेपछि भएको हुनाले मलाई कुनै जानकारी छैन । साथै म संलग्न भई कुनै अनियमित कार्य गरेको छैन । अञ्जना नेपालले लाभांश लिएको बारेमा मलाई केही थाहा छैन ।

एलियण्ट इन्स्योरेन्स व्रोकर्स प्रा.लि.बाट विभिन्न मितिमा मेरा नाउँमा अन्दाजी रु. २२ करोड भुक्तानी भएको रकम मेरा नाउँमा रहेको जग्गा कार्यालय भवन बनाउनका लागि एलियण्टले खरीद गर्ने सम्झौता भए अनुसार उक्त रकम मेरा नाउँमा आएकोमा पछि सम्झौता अनुसार जग्गा खरीद विक्री नहुने भएपछि मैले उक्त रकम फिर्ता गरिदिएको हुँ । उक्त रकम फिर्ता गरेको विवरण यसैसाथ सनाखत गरी पेश गरेको छु । मैले उक्त कम्पनीमा रु. २ करोड ४० लाख लगानी गरेकोमा मितिः २०७९/१२/३० मा प्रतिकित्ता रु.१००।– का दरले जम्मा २ करोड ४० लाखमा मैले मेरो सम्पूर्ण शेयर हिस्सा अन्जना नेपाललाई विक्री गरेको हुँ। उक्त कम्पनीबाट मैले कुनै पनि लाभ लिएको छैन । उक्त कम्पनीका वास्तविक धनी दिपक भट्ट हुन् वा होइनन् भन्ने बारेमा मलाई थाहा छैन । उक्त कम्पनीको सबै कारोबार कम्पनीका कार्यकारी प्रमुख सुधिर कुमार मल्लिकले नै गर्ने गरेका थिए । मैले मेरा नाउँमा भएको शेयर अन्जना नेपाललाई विक्री गर्दा महालक्ष्मी विकास बैंकको चेक मार्फत नै उक्त रकम लेनदेन गरी कम्पनी रजिष्ट्रार कार्यालयबाट विधिवत रुपमा लगत प्रमाणित गरी गराई नामसारी गरी विक्री गरेको हुँ । नेपाल बीमा प्राधिकरणबाट इजाजत लिनुपर्छ भन्ने बारेमा मलाई थाहा जानकारी थिएन भन्ने समेतका व्यहोराको कागज ।

४. **कसूरमा संलग्नता र भूमिका**

| व्यक्ति तथा संस्था | बीमा ऐन अन्तर्गतको कसुर गर्नमा भूमिका | सम्पत्ति शुद्धीकरणको कसुरमा भूमिका |
|---|---|---|
| दिपक भट्ट | हिमालयन रीईन्स्योरेन्स लि.को कोषलाई अपचलन गर्न योजना निर्माण गर्ने, आफ्नो अपराधिक उदेश्यलाई पूरा गर्न फर्जी र झुठ्ठा विवरणहरु हिमालयन रीईन्स्योरेन्समा पठाई | सम्पत्ति शुद्धीकरण गर्ने मनसायका साथ विमा रकम दुरुपयोग गर्न आफ्नो सासुको नाममा कम्पनी दर्ता गराई त्यसबाट गैर कानुनी ढंगले प्राप्त गरेको सम्पत्ति आफ्नो |

| | | |
|---|---|---|
| | विमकको कोषको दुरुपयोग गरेको । वास्तविक हिताधिकारी छल्न आफ्नो सासुको नाम प्रयोग गरी एलियन्ट ईन्स्योरेन्स ब्रोकर स्थापना गरी उक्त कम्पनी समेत प्रयोग गरी विमा कसूरबाट प्राप्त रकम हो भनी थाहा हुदाहुँदै त्यसको प्रकृति बदल्ने स्वरुप परिवर्तन गर्ने गरी र अपराध गरी आर्जन गरेको रकमलाई अस्पष्ट बनाउने लगायतका कार्य गरी सम्पूर्ण लाभ आफूमा केन्द्रीत गरेको । | नाममा ल्याउने गरी कानुनी रुपका हिताधिकारी अर्को देखाई सारमा लाभ प्राप्त गर्ने अन्तिम हिताधिकारी आफूमा केन्द्रित गरी तथा व्यक्तिगत लाभ लिई शुद्दीकरण प्रयोजनको लागि सो रकम वैना फिर्ताको आवरणमा जगदम्बा स्टिललाई फिर्ता गरेको देखाई कसूरबाट प्राप्त सम्पत्तिको Layering गरेको। |
| हिमालयन रिईन्स्योरेन्स लि. को सञ्चालक समितिका पदाधिकारीहरु<br>शेखर गोल्छा<br>अमित मोर<br>साहिल अग्रवाल<br>सुवास कुमार झुनझुनवाला<br>साक्षी बंशल गुप्ता<br>रोहित गुप्ता<br>राजीव मोर<br>शुभेच्छा खरेल | हिमालयन रिईन्स्योरेन्स लिमिटेडको सञ्चालकको हैसियतमा आफ्नो पदिय जिम्मेवारी पुरा नगरेको र बिमा ऐन बमोजिमको सञ्चालक समितिको काम कर्तव्य अधिकारको पालना नगरी फर्जी र झुठ्ठा विवरणहरु देखाई हिमालयन रिईन्स्योरेन्सको कोषको रकम दुरुपयोग गर्न सहयोग गरेको । | कोषको रकम दुरुपयोग गरी हुँदै नभएको कारोबारको झुठा व्यहोरा खडा गरी विवादको एलियण्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि.मा २८ करोड रकम पठाई उक्त झुठा व्यहोरालाई सद्दे बनाई फर्जी लेखांकन समेतका कार्यहरु गरी गराई तह-तह सम्पत्तिको गैरकानुनी स्रोतको रुपान्त गरी सम्पत्ति शुद्धीकरणको कसुर गरेको। |
| हिमालय रिईन्स्योरेन्स लिका कर्मचारीहरु प्रमुख कार्यकारी अधिकृत उपासना पौडेल र चन्द्रशेखरन रामामूर्ती | **चन्द्रशेखरन रामामूर्ती**- हिमालयन रिईन्स्योरेन्स कोषको रकमलाई प्रयोजन नखुल्ने हो भन्ने जान्दा जान्दै पेश्की स्वरुप अग्रिम रुपमा रु २८ करोड एलियन्ट ईन्स्योरेन्स ब्रोकर प्रा.लि.को खातामा ट्रान्सफर गर्न लगाएको ।<br><br>**उपसाना पौडेल**<br>हिमालयन रिईन्स्योरेन्स लिमिटेडको प्रमुख कार्यकारीको हैसियतमा आफ्नो पदिय जिम्मेवारी पूरा नगरेको र बिमा ऐन बमोजिमको प्रमुख कार्यकारी अधिकृतको काम कर्तव्य अधिकारको | कोषको रकम दुरुपयोग गरी हुँदै नभएको कारोबारको झुठा व्यहोरा खडा गरी विवादको एलियण्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि.मा २८ करोड रकम पठाई उक्त झुठा व्यहोरालाई सद्दे बनाई फर्जी लेखांकन समेतका कार्यहरु गरी गराई तह-तह सम्पत्तिको गैरकानुनी स्रोतको रुपान्तर गरी सम्पत्ति शुद्धीकरणको कसुर गरेको। |

| | | |
|---|---|---|
| तत्कालिन कार्यकारी निर्देशक मनिष कुमार | पालना नगरी फर्जी र झुठ्ठा विवरणहरु देखाई हिमालयन रिईन्स्योरेन्सको कोषको रकम दुरुपयोगमा प्रत्यक्ष संलग्न रहेको।<br>**मनिष कुमार**<br>हिमालयन रिईन्स्योरेन्स लिमिटेडको जीवन बीमा हेर्ने कार्यकारी निर्देशकको पदमा रही फर्जी र झुठ्ठा विवरण देखाई लेखा समायोजन गर्न निर्णय गरी पठाई हिमालयन रिईन्स्योरेन्सको कोषको रकम दुरुपयोगमा प्रत्यक्ष संलग्न रहेको। | |
| एलियन्ट ईन्स्योरेन्स व्रोकर्स प्रा.लि. | विमा कसूरबाट प्राप्त गरेको गैरकानुनी आयलाई आय विवरणमा समावेश गरी आम्दानी लेखांकन गरी खर्च समेत गरेको । गैर कानुनी कार्य गरी बिमक हिमालयन रिईन्स्योरेन्सको कोषको रकम दुरुपयोग तथा हिनामिनामा प्रत्यक्ष रुपमा संलग्न रहेको | दिपक भट्टलाई सम्पत्ति शुद्धीकरण गर्ने कार्यमा प्रत्यक्ष संलग्न रहेको। |
| एलियन्ट ईन्स्योरेन्स व्रोकर्स प्रा. लि. | विमा कसूर गर्न कानुनी व्यक्ति संलग्न भएको | दिपक भट्टलाई सम्पत्ति शुद्धीकरण गर्न कार्यको साधनको रुपमा प्रयोग भएको। |
| एलियन्ट ईन्स्योरेन्स व्रोकर्स प्रा.लि. को प्रमुख कार्यकारी अधिकृत सुधिर कुमार मल्लिक | हिमालयन रिईन्स्योरेन्स लि.को कोषलाई अपचलन गर्ने दिपक भट्टको योजना अनुसार हुँदै नभएको कार्य गरेको भनी फर्जी र झुठ्ठा विवरण हिमालयन रिईन्स्योरेन्समा पठाई विमक कोषको दुरुपयोग गरेको। वास्तविक हिताधिकारी दिपक भट्टलाई लाभ पुग्ने गरी एलियन्ट ईन्स्योरेन्स ब्रोकर स्थापना सहभागी भई कम्पनी समेत प्रयोग गरी विमा कसूरबाट प्राप्त रकम हो भनी थाहा हुदाहुँदै त्यसलाई आय विवरणमा समावेश गरी कर भुक्तानी गरी वास्तविक कारोबार भएको देखाउने र लाभांशको रुपमा अञ्जना नेपालको खातामा स्थान्तरण गरी दिपक भट्टलाई लाभ पुऱ्याएको कार्य गरेको देखिन आएको। | दिपक भट्टलाई सम्पत्ति शुद्धीकरण गर्ने कार्यमा सहयोग गरेको देखिन आएको। |
| अञ्जना नेपाल | हिमालयन रिईन्स्योरेन्स लि. को कोषको रकम हिनामिना एवं दुरुपयोग गर्ने दिपक भट्टको योजना | प्रतिवादी दिपक भट्ट वास्तविक धनी भएको एलियण्टमा सञ्चालकको रुपमा रही |

| | | |
|---|---|---|
| | अनुसार हुँदै नभएको कार्य गरेको भनी आफू सञ्चालक अध्यक्ष रहेको संस्था एलियन्ट ईन्स्योरेन्स ब्रोकर्स प्रा. लि. बाट फर्जी र झुठ्ठा विवरणहरु हिमालयन रिईन्स्योरेन्समा पठाई विमकको कोषको दुरुपयोग गरेको । वास्तविक हिताधिकारी दिपक भट्टलाई लाभ पुग्ने गरी एलियन्ट ईन्स्योरेन्स ब्रोकर स्थापना सहभागी कम्पनी समेत प्रयोग गरी विमा कसूरबाट प्राप्त रकम हो भनी थाहा हुदाहुँदै त्यसलाई आय विवरणमा समावेश गरी कर भुक्तानी गरी वास्तविक कारोबार भएको देखाउने र लाभांशको रुपमा अञ्जना नेपालको खातामा स्थान्तरण गरी दिपक भट्टलाई लाभ पुऱ्याउन प्रमुख कार्यकारी अधिकृतसँग मिलेर कसूर गरेको । | बीमक हिमालयन रिईन्स्योरेन्सको कोषको रकम हिनामिना र दुरुपयोग गरी एलियण्टमा कमिशन भनी प्राप्त भएको रकमलाई लाभांशका रुपमा रुपान्तरण गरी गैरकानूनी स्रोत लुकाई छिपाई प्रतिवादी दिपक भट्टको लाभका लागि केन्द्रीत गर्ने कार्यमा प्रत्यक्ष संलग्न रही कसुर गरेको । |
| मृदुला सरीया | प्रतिवादी अञ्जना नेपालका हकमा उल्लेख भए अनुसार । | बीमा ऐन अन्तर्गतको कसुर गरी प्राप्त रकमलाई तह-तह रुपान्तरण गरेको देखिनुका साथै आर्थिक कारोबारमा संलग्न भएको देखिएको । |
| आयुष्मा नेपाल भट्ट | | बीमक हिमालयन रिको कोषलाई दुरुपयोग गरी प्राप्त रकम सम्पत्ति शुद्धीकरण गर्न आफ्नो पति दिपक भट्टलाई सहयोग पुग्ने गरी आफ्नो बैंक खाता प्रयोग गरेको र कसूरबाट प्राप्त सम्पत्तिको प्रकृति बदल्ने स्वरुप परिवर्तन गर्ने कार्यमा संलग्न रहेको |
| मनोज कुमार अग्रवाल | | अञ्जना नेपालको तर्फबाट कम्पनी स्थापना गर्न एलियन्ट ईन्स्योरेन्स ब्रोकर प्रा.लि. मा शुरु पूँजी रकम रकम उपलव्ध गराई अञ्जना नेपालको स्रोत ढाकछोप गर्न कार्य गरी सम्पत्ति शुद्धीकरण गर्ने वातावरण बनाएको। (निजको एकल स्वामित्व रहेको फक्स ट्राभल एण्ड टुर्स प्रा.लि.को नाममा मर्सिडिज गाडी नं. वा १९ च ३४०६ दिपक भट्टले प्रयोग गरी आएको ।) |

| | | |
|---|---|---|
| सुर्य प्रसाद सिलवाल | | सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ को दफा ७फ बमोजिम नियामकको हैसियतले गर्नुपर्ने कार्य नगरेको र फिट एण्ड प्रोपर टेष्ट नगरी अञ्जना नेपालको नामबाट रकम एलियन्ट ईन्स्योरेन्स ब्रोकरमा नआए पनि आफैले बनाएको निर्देशन तथा विमा ऐन नियमावलीको प्रतिकूल कार्य गरी दिपक भट्टलाई सम्पत्ति शुद्धीकरण गर्न सहयोग गरेको। |

## ५. एलियन्ट इन्स्योरेन्स ब्रोकर्स प्रयोग गरी हिमालयन रिइन्स्योरेन्सको रकम अपचलन गरेको विवरण

नियामकीय स्वीकृति सम्बन्धी अभिलेख तथा कृत्रिम वित्तीय कारोबार (Artificial Financial Structuring) को समष्टिगत विश्लेषण गर्दा प्रतिवादी दिपक भट्टको नियत (Mens Rea) प्रारम्भदेखि नै गैरकानूनी रूपमा आर्जित रकमलाई विभिन्न वित्तीय संरचना, कम्पनी आवरण तथा नियामकीय प्रणालीको दुरुपयोगमार्फत सम्पत्ति शुद्धीकरण (Money Laundering) गर्ने रहेको देखिन्छ।

हालसम्मको अनुसन्धानका क्रममा संकलित मिसिल संलग्न कागजात एवं वित्तीय कारोबारको विश्लेषण गर्दा प्रतिवादी दिपक भट्टले हिमालयन रिइन्स्योरेन्स लिमिटेड लगायत अन्य बीमा कम्पनी एवं तिनका सहायक कम्पनीहरुको कोषको रकम योजनाबद्ध रूपमा हिनामिना एवं दुरुपयोग गरी आफूले निजी लाभ प्राप्त गर्ने उद्देश्यले अपचलन गरी कसुर गरेको देखिन्छ। बीमा कोष तथा पुनर्बिमा कोषको रकमलाई आफ्नै प्रत्यक्ष वा अप्रत्यक्ष नियन्त्रणमा रहेको साथै आर्थिक रुपले  आफै वास्तविक धनी रहेको विवादको एलियण्ट समेतका कम्पनीमार्फत कारोबार गरी गराई शेयर लगानी संरचनामार्फत परिचालन गरी प्राप्त गरेको लाभांश निज प्रतिवादी दिपक भट्टले अन्ततः आफूमा केन्द्रीत गरेको अवस्था देखिन्छ। बीमितहरूको हित संरक्षण तथा जोखिम व्यवस्थापनका लागि सुरक्षित राखिनुपर्ने रकमलाई निजी शेयर लगानी तथा समूहगत कारोबारमा प्रयोग गरेको देखिएबाट प्रतिवादीको प्रमुख उद्देश्य नै विवादको एलियण्टलाई Special Purpose and Corporate vehicle र Laundromat का रुपमा प्रयोग गरी बीमको रकम अपचलन गरी सम्बद्ध कसुर र सम्पत्ति शुद्धीकरणको कसुर समानान्तर रुपमा भइरहेको तथ्य स्थापित हुन आयो।

## ६. एलियन्ट इन्स्योरेन्स ब्रोकर्स प्रा. लि.लाई दुरुपयोग गरी सम्पत्ति शुद्धीकरणको कसुर गरेको विश्लेषण

विवादको एलियन्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि.ले जीवन बीमातर्फका विभिन्न बीमा कम्पनीहरुको पुनर्बिमा प्लेसमेन्ट (Reinsurance Placement), जोखिम हस्तान्तरण (Risk Transfer) समेतका कार्य गरी ब्रोकर सेवा प्रदान गरेको होइन भन्ने व्यहोरा सम्बन्धित बीमा कम्पनीबाट अनुसन्धानका क्रममा लेखीआएको देखिन्छ। अनुसन्धानका क्रममा सम्बन्धित बीमा कम्पनीहरुका प्रमुख कार्यकारी अधिकृतहरुले समेत सोही व्यहोराको कागज गरिदिएको देखिँदा हिमालयन रिईन्स्योरेन्स कम्पनी लि.ले विवादको एलियण्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि.लाई कमिशन रकम दिनु पर्नेसम्मको आधार, कारण र परिस्थिति नै नदेखिएको अवस्थामा प्रतिवादी दिपक भट्टको लाभका लागि  कार्य गरेको देखिएको अवस्थामा हिमालयन रिइन्स्योरेन्स लिमिटेडबाट रु. २३ करोड ९२ लाख ५ हजार ६४ रुपैयाँ १० पैसा मात्र ब्रोकर कमिशन शीर्षकमा लेखांकन तथा भुक्तानी प्राप्त गरेको देखिन्छ। सम्बन्धित जीवन बीमा कम्पनीहरूले एलियन्टसँग कुनै सम्झौता,

कारोबार वा पुनःर्बिमा ब्रोकरको आवश्यकता नै नरहेको भनी लिखित रूपमा जनाएको अवस्थाले उक्त रकम वास्तविक सेवा वापत नभई गैर कानूनी वित्तीय कारोबार (Artificial Financial Transaction) मार्फत सिर्जना गरेको देखिन्छ।

एलियन्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि.लाई अपराधजन्य आय प्राप्त गर्ने, त्यसको स्रोत लुकाउने, गैर कानूनी व्यवसायिक आम्दानी देखाउने, कर भुक्तानी गरी वैधताको आवरण सिर्जना गर्ने तथा अन्ततः लाभांश, लगानी वा अन्य वित्तीय साधन मार्फत निजी सम्पत्तिमा रूपान्तरण गर्ने प्रयोजनमा प्रयोग गरी कम्पनीलाई Corporate Laundering Vehicle, Front Company वा Special Purpose Laundering Entity को रुपमा प्रयोग गरेको देखियो। एलियन्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि. को संरचना, कारोबारको स्वरूप तथा रकमको अन्तिम लाभग्राहीको अवस्थाले उक्त कम्पनी यही प्रकृतिको सम्पत्ति शुद्धीकरणको साधन (Instrumentality of Money Laundering) को रूपमा प्रयोग भएको देखिन आयो।

तसर्थ दिपक भट्टले हिमालयन रिइन्स्योरेन्स लिमिटेडको रकम दुरुपयोग गरी सिर्जना गरिएको गैरकानुनी आर्थिक लाभलाई प्रत्यक्ष रूपमा आफ्नो नाममा ग्रहण नगरी एलियन्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि. मार्फत ग्रहण गर्ने, त्यसलाई वैध Brokerage Income को रूपमा देखाउने, लेखा तथा कर प्रणालीमा समावेश गर्ने, लाभांश तथा लगानी मार्फत पुनः आफ्नो नियन्त्रणमा रहेका व्यक्ति, कम्पनी तथा सम्पत्तिमा रूपान्तरण गर्ने कार्य गरेको देखिएकाले एलियन्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि.लाई बीमा क्षेत्रबाट अपचलन गरिएको रकमको **Placement, Layering** तथा **Integration** गर्ने संगठित सम्पत्ति शुद्धीकरणको माध्यम (Money Laundering Conduit) को रूपमा प्रयोग गरिएको तथ्य स्थापित भएको देखियो।

## ७. कसूरमा संलग्न व्यक्तिहरुको भूमिकाको विश्लेषण

एलियन्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि.का सञ्चालक अध्यक्ष अञ्जना नेपाल र कार्यकारी प्रमुख सुधिर कुमार मल्लिकले कम्पनीलाई वास्तविक बीमा ब्रोकर व्यवसायभन्दा बाहिर गई हिमालयन रिइन्स्योरेन्स लिमिटेडबाट गैर कानूनी पुनर्बिमा कमिशन शीर्षकमा प्राप्त रकम ग्रहण गर्ने तथा त्यसको लेखांकनमार्फत रकमको वास्तविक स्रोत लुकाउने संरचनाको रूपमा सञ्चालन गरेको देखिन्छ। उक्त कम्पनीलाई गैरकानुनी रूपमा प्राप्त रकमलाई वैध Brokerage Income को स्वरूप प्रदान गर्ने माध्यमका रूपमा प्रयोग गरिएको देखिएको छ।

हिमालयन रिइन्स्योरेन्स लिमिटेडका सञ्चालक अध्यक्ष शेखर गोल्छा, सञ्चालकहरू रोहित गुप्ता, अमित मोर, राजीव मोर, सुवासकुमार झुनझुनवाला, शुभेच्छा खरेल तथा साक्षी वंशल गुप्ता, कार्यकारी प्रमुख उपासना पौडेल तथा भुक्तानी स्वीकृत गर्ने मनिष कुमार समेतले कम्पनीको रकम वास्तविक व्यवसायिक औचित्य तथा सेवा नै पुष्टि नभएको अवस्थामा एलियन्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि. तर्फ प्रवाह गर्न भूमिका निर्वाह गरेको देखिन्छ। यसबाट बीमा कोषको रकम अपचलन भएको देखिएको छ।

अञ्जना नेपाल तथा आयुष्मा भट्ट नेपालले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा वास्तविक लाभग्राही (Beneficial Owner) लुकाउने, रकमको तहिकरण (Layering) तथा सम्पत्ति शुद्धीकरणको प्रक्रियामा प्रयोग भएका व्यक्ति (Nominee/Facilitator) को रूपमा भूमिका निर्वाह गरेको देखिन्छ। विशेषतः अञ्जना नेपालको नाममा रहेको कम्पनी संरचना तथा वित्तिय कारोबारबाट वास्तविक लाभग्राही दिपक भट्टको हित सुरक्षित गरिएको देखिन्छ। प्रतिवादी दिपक भट्ट सम्पूर्ण योजनाको मुख्य योजनाकार (Mastermind), वास्तविक लाभग्राही (Ultimate Beneficial Owner) तथा सम्पत्ति शुद्धीकरणको मुख्य अभियुक्तको रूपमा देखिएका छन्। बैंकिङ कसूर, बीमा रकम अपचलन, धितोपत्र बजार

प्रभावित गर्ने कृत्रिम कारोबार, फर्जी स्रोत सिर्जना गर्ने कार्य तथा विभिन्न कम्पनीहरूको प्रयोगमार्फत अपराधजन्य आयलाई वैध सम्पत्तिमा रूपान्तरण गर्ने सम्पूर्ण योजनाको प्रत्यक्ष लाभग्राही दिपक भट्ट नै रहेको देखिन्छ ।

८. **सम्पत्ति शुद्धीकरणका लागि भएका चरणबद्ध कार्यहरु**

सम्पत्ति शुद्धीकरणको अन्तर्राष्ट्रिय सिद्धान्त अनुसार कुनै सम्पत्ति वा आयको अवैध कारोबारले कमाएको आम्दानी गैरकानुनी भएपश्चात त्यसलाई पछि कर तिर्दैमा, लेखा अभिलेखमा समावेश गर्दैमा वा वित्तीय विवरणमा देखाउँदैमा उक्त सम्पत्ति स्वतः वैध (Legitimate) बन्दैन। कर भुक्तानी (Tax Payment) ले केवल राज्यलाई राजस्व प्राप्त भएको अवस्था जनाउँछ। तर सम्पत्तिको मूल स्रोतको वैधता (Legitimacy of Source) प्रमाणित गर्दैन। यही कारणले विश्वव्यापी Anti-Money Laundering (AML) सिद्धान्तले "Tax Paid Illegal Income is Still Proceeds of Crime" भन्ने आधारभूत मान्यता स्वीकार गरेको छ।

Financial Action Task Force को Recommendations तथा Interpretive Notes अनुसार गैरकानुनी आयलाई कम्पनीको आम्दानी, पूँजी वृद्धि, Brokerage Income, Capital Gain, Dividend Income वा अन्य वैध वित्तीय शीर्षकअन्तर्गत देखाई बैंकिङ तथा कर प्रणालीमार्फत वैधता दिन खोज्नु सम्पत्ति शुद्धीकरणको Integration चरणको प्रमुख विधि (ML Typology) मानिन्छ। विशेषतः FATF ले "Use of Tax Compliance to Legitimize Criminal Proceeds", "False Commercial Documentation", "Layered Corporate Structuring" तथा "Legitimization through Financial Reporting" लाई उच्च जोखिमयुक्त शुद्धीकरण विधि (High-Risk Laundering Method) को रूपमा वर्गीकृत गरेको पाइन्छ।

सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ अनुसार कसूरजन्य कार्यबाट प्राप्त सम्पत्ति लुकाउने, स्रोत परिवर्तन गर्ने, वैध देखाउने, स्वामित्व लुकाउने वा त्यस्तो सम्पत्तिको प्रकृति परिवर्तन गर्ने कार्य सम्पत्ति शुद्धीकरण मानिन्छ। ऐनले "कुनै सम्पत्ति गैरकानुनी स्रोतबाट प्राप्त भएको जानकारी हुँदाहुँदै त्यसलाई वैध सम्पत्तिको स्वरूप दिनु" लाई समेत कसूरको रूपमा स्पष्ट रूपमा परिभाषित गरेको छ। United States v. Santos लगायतका मुद्दाहरूमा अपराधबाट प्राप्त रकमलाई व्यवसायिक आय, कम्पनी आम्दानी वा वैध वित्तीय कारोबारको रूपमा देखाई कर प्रणालीमार्फत वैधता दिन खोज्नु Money Laundering को तत्व मानिएको छ। त्यसैगरी Al Capone Tax Evasion Case ले पनि कर भुक्तानी र आयको वैधता फरक विषय भएको सिद्धान्त स्थापित गरेको पाइन्छ। अपराधबाट प्राप्त रकममा कर तिरे पनि त्यसको आपराधिक चरित्र समाप्त हुँदैन भन्ने मान्यता अन्तर्राष्ट्रिय AML Jurisprudence मा स्थापित छ।

९. **बीमा ऐन अन्तर्गतको कसुर र सम्पत्ति शुद्धीकरणको कसूर गर्न अपनाईएका चरणहरु**

| कसूर | चरण | कसूरको प्रकृति | रकम |
|---|---|---|---|
| विमा कसूर Proceed of Crime | पहिलो चरण | हिमालयन रिइन्स्योरेन्स लि.बाट २८ करोड रकम पेश्की स्वरुप एलियन्ट इन्स्योरेन्स ब्रोकर्स प्रा. लि.को खातामा स्थान्तरण। | रु २८ करोड |
| | दोस्रो चरण | हिमालयन रिइन्स्योरेन्स लि.ले एलियन्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि.लाई पेश्की रकम समायोजन र फछ्र्यौट गर्न फर्जी लेखांकन गरी रकम अपचलन र आर्थिक अनियमितता गरी बीमा कसूर गरेको । | रु २३ करोड ९२ लाख |

| | | | |
|---|---|---|---|
| | तेस्रो चरण | एलियन्ट इन्स्योरेन्स ब्रोकर्स प्रा. लि.को लेजरमा जीवन बीमा कम्पनीको व्यवसाय बापत रिइन्स्योरेन्स ब्रोकेज आम्दानी भनी लेखांकन गरी पेश्की रकमसँग समायोजन। | रु २३ करोड ९२ लाख |
| Placement / Layering | चौथो चरण | एलियन्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि.को आम्दानीमा कोष दुरुपयोगको रकम समेत समावेश गरी वित्तिय विवरण तयार र लेखापरीक्षण सम्पन्न गरी कर कार्यालयमा विवरण पेश गरी कर भुक्तानी। | रु २३ करोड ९२ लाख |
| | पाँचौ चरण | एलियन्ट इन्स्योरेन्स प्रा.लि.को लाभांश घोषणा लाभांशमा कर भुक्तानी गरी शेयर धनी अञ्जना नेपालको खातामा रकम स्थानान्तरण। | रु २१ करोड १५ लाख |
| Layering | छैठौ चरण | अञ्जना नेपालको महालक्ष्मी वैकको खाताबाट आयुष्मा भट्ट नेपालको सिद्धार्थ वैकको खातामा रकम स्थानान्तरण। | रु २१ करोड १५ लाख |
| | सातौं चरण | आयुष्मा भट्टको सिद्धार्थ बैकको खाताबाट दिपक भट्टको सिद्धार्थ बैकको खातामा रकम स्थानान्तरण। | रु २१ करोड १५ लाख |
| Integration | आठौं चरण | दिपक भट्टको सिद्धार्थ बैकको खाताबाट जगदम्वा स्टील शंकरलाल अग्रवाल र शाहिल अग्रवालको खातामा रकम स्थानान्तरण । बैकिङ ऋण अपचलनको रकम भुक्तानी गर्न प्रयोग। | रु २१ करोड १५ लाख |

१०. **कसुरका चरणका आधारमा प्रतिवादीहरुको भूमिका विश्लेषण**

| चरण | कसूरका प्रकृति | संलग्न व्यक्ति |
|---|---|---|
| पहिलो चरण | हिमालयन रिइन्स्योरेन्स लि.बाट २८ करोड पेश्की रकम एलियन्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि.को खातामा स्थान्तरण गरेको देखिएको। | हिमालय रिइन्स्योरेन्स लि.को सञ्चालक र प्रमुख कार्यकारी अधिकृत। |
| दोस्रो चरण | हिमालयन रिइन्स्योरेन्स लि.ले एलियन्ट इन्स्योरेन्स ब्रोकर्स प्रा. लि.लाई प्रदान गरेको पेश्की रकम समायोजन र फछ्र्यौट गर्न फर्जी लेखांकन गरी रकम अपचलन र आर्थिक अनियमितता गरी बीमा कसूर गरेको। | हिमालय रिइन्स्योरेन्स लि.को सञ्चालक र प्रमुख कार्यकारी अधिकृत। |
| तेस्रो चरण | एलियन्ट इन्स्योरेन्स ब्रोकर्स प्रा. लि.को लेजरमा जीवन बीमा तर्फको ब्रोकेज कमिशन आम्दानी भनी लेखांकन गरी पेश्की रकमसँग समायोजन गरेको देखिएको। | एलियन्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि.को सञ्चालक अध्यक्ष र प्रमुख कार्यकारी अधिकृत। |

| | | |
|---|---|---|
| चौथो चरण | एलियन्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि.को आम्दानीमा बीमा कोष दुरुपयोगको रकमलाई कृत्रिम लेखांकन गरी वित्तिय विवरण तयार र लेखापरीक्षण सम्पन्न गरी कर कार्यालयमा विवरण पेश गरी निर्धारण भए अनुसारको कर रकम समेत तिरे बुझाएको देखिएको। | एलियन्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि.को सञ्चालक अध्यक्ष र प्रमुख कार्यकारी अधिकृत। |
| पाँचौ चरण | एलियन्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि.को लाभांश घोषणा पश्चात लाभांशमा कर भुक्तानी गरी शेयर धनी अञ्जना नेपाल र नीता अग्रवालको खातामा रकम ट्रान्सफर भएको देखिएको। | एलियन्ट इन्स्योरेन्स ब्रोकर्स प्रा. लि.को सञ्चालक अध्यक्ष र प्रमुख कार्यकारी अधिकृत |
| छैठौ चरण | एलियन्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि. ले प्रदान गरेको लाभांश रकम अञ्जना नेपालको नाउँमा महालक्ष्मी विकास बैंकमा रहेको खाताबाट आयुष्मा भट्ट नेपालको नाममा सिद्धार्थ बैंकमा रहेको खातामा ट्रान्सफर गरेको देखिएको। | आयुष्मा भट्ट/ दिपक भट्ट |
| सातौ चरण | आयुष्मा भट्ट नेपालका नाउँमा सिद्धार्थ बैंकमा रहेको खाताबाट प्रतिवादी दिपक भट्टको नाममा सिद्धार्थ बैंकमा रहेको खातामा रकम जम्मा हुन गएको देखिएको। | आयुष्मा भट्ट/ दिपक भट्ट |
| आठौ चरण | प्रतिवादी दिपक भट्टका नाउँमा सिद्धार्थ बैंकमा रहेको उक्त खाताबाट जगदम्वा स्टिल्स नाउँमा नेपाल इन्भेष्टमेन्ट मेगा बैंकमा रहेको खातामा रकम जम्मा भएको देखिएको। बैकिङ ऋण अपचलनको रकम भुक्तानी गर्न प्रयोग गरेको देखिन आएको। | दिपक भट्ट |

प्रतिवादी दिपक भट्ट समेतले हिमालयन रिइन्स्योरेन्स लिको रकम अपचलन गरी गैरकानूनी स्रोतबाट प्राप्त रकमलाई वैध देखाउने उद्देश्यले योजनाबद्ध रूपमा गरिएको बहु-चरणीय वित्तीय संरचना (Multi-layered Financial Scheme) को रूपमा सम्पत्ति शुद्धीकरण गरेको देखियो। यो वित्तिय अपराध गर्न प्रयोग गरिएको बहुआयामिक चरणमा हिमालयन रिइन्स्योरेन्सका सञ्चालक र कर्मचारीहरु, एलियन्ट इन्स्योरेन्स ब्रोकर्स प्रा लिको सञ्चालक अध्यक्ष र प्रमुख कार्यकारी अधिकृत समेतलाई सहभागी गराई दिपक भट्टले सम्पत्ति शुद्धीकरण गर्ने कार्य गरेको देखियो। सम्पत्ति शुद्धीकरण गर्ने कार्यमा एलियन्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि.को इजाजत समेतको दुरुपयोग गरेको देखियो।

पहिलो चरणमा हिमालयन रिइन्स्योरेन्स लिमिटेडबाट एलियन्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि.को खातामा रु. २८ करोड पेश्की स्वरुप स्थानान्तरण गरिएको देखिन्छ। दोस्रो चरणमा उक्त पेश्की रकमलाई फछ्यौंट तथा समायोजन देखाउन फर्जी लेखांकन (False Accounting Entries), कृत्रिम समायोजन (Artificial Adjustments) तथा वास्तविक कारोबार लुकाउने उद्देश्यले लेखा अभिलेखमा हेरफेर गरिएको देखिन्छ। यस चरणमा बीमा कम्पनीका सञ्चालक, प्रमुख कार्यकारी प्रमुखहरूले आफ्नो विश्वासजन्य जिम्मेवारी (Fiduciary Duty) उल्लङ्घन गरी वित्तीय विवरणको सत्यता नै

विकृत बनाएका देखियो । सम्पत्ति शुद्धीकरणको सैद्धान्तिक आधारमा यो "Concealment of Origin" अर्थात् अपराधजन्य सम्पत्तिको वास्तविक स्रोत लुकाउने कार्य हो।

तेस्रो चरणमा एलियन्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि.ले उक्त रकमलाई जीवन बीमा कम्पनीको पुनर्बिमा व्यवसाय Placement गरे वापत ब्रोकर कमिशन आम्दानी (Brokage Income) को रूपमा लेजरमा अभिलेखीकरण गरी पेश्की रकमसँग समायोजन गरेको देखिन्छ। यसबाट वास्तविक रूपमा प्राप्त अवैध रकमलाई वैध व्यापारिक आम्दानीको स्वरूप प्रदान गरिएको छ । यो सम्पत्ति शुद्धीकरणको "Layering" चरणलाई हो, जहाँ अवैध रकमको स्रोत र अन्तिम लाभग्राहीबीचको सम्बन्ध विच्छेद गर्न कारोबारका विभिन्न तहहरू सिर्जना गरी विवादको रकमको उत्पत्तिको गैरकानूनी स्रोत लुकाउने, छल्ने, स्वामित्व र अधिकार समेत लुकाई छली एवं परिवर्तन गरी गराई सम्पत्ति शुद्धीकरणको कसुर गरिरहेको तथ्य खम्बीर हुन आएको देखियो।

चौथो चरणमा उक्त कृत्रिम आम्दानीलाई आधार बनाई वित्तीय विवरण तयार गरिएको, लेखापरीक्षण सम्पन्न गरिएको तथा कर कार्यालयमा विवरण पेश गरी कर भुक्तानी गरिएको देखिन्छ। सम्पत्ति शुद्धीकरणका अन्तर्राष्ट्रिय मान्यता प्राप्त सिद्धान्तअनुसार कर भुक्तानी गरिएको मात्र आधारमा सम्पत्ति वैध हुँदैन । बरु अपराधबाट प्राप्त रकमलाई कर प्रणालीभित्र प्रवेश गराई वैध देखाउने प्रयासलाई "Legitimization through Tax Compliance" भनिन्छ । यस अवस्थामा लेखापरीक्षण भएको वित्तीय विवरण तथा कर भुक्तानीलाई अपराधजन्य सम्पत्तिको वैधताको प्रमाणको रूपमा प्रयोग गरिएको देखिन्छ।

पाँचौं चरणमा एलियन्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि.ले लाभांश घोषणा गरी कर कट्टा पश्चात् शेयरधनी अञ्जना नेपाल र नीता अग्रवालको खातामा रकम स्थानान्तरण गरेको देखिन्छ । कम्पनीले अवैध रूपमा सिर्जना गरिएको आम्दानीलाई लाभांशको रूपमा वितरण गरेको हुँदा अपराधजन्य सम्पत्ति /आम्दानीबाट शेयरधनीको व्यक्तिगत सम्पत्तिमा रूपान्तरण भएको अवस्था सिर्जना भएको छ। सम्पत्ति शुद्धीकरण निवारण ऐनले अपराधजन्य सम्पत्तिबाट प्राप्त प्रतिफल, लाभांश, ब्याज वा अन्य लाभलाई समेत अपराधजन्य सम्पत्तिकै विस्तार (Derivative Proceeds of Crime) मानेको छ।

छैटौं चरणमा अञ्जना नेपालको खाताबाट आयुष्मा भट्ट नेपालको खातामा रकम ट्रान्सफर गरिएको देखिन्छ। यस प्रकारका पारिवारिक वा निकट सम्बन्ध भएका व्यक्तिहरूबीचको कारोबारलाई सम्पत्ति शुद्धीकरण अनुसन्धानमा "Use of Related Parties and Nominee Accounts" को रुपमा प्रयोग गरी यस चरणको उद्देश्य वास्तविक लाभग्राही (Beneficial Owner) लाई लुकाउने तथा रकमको स्रोत पहिचान कठिन बनाउने रहेको देखिन्छ।

सातौं चरणमा आयुष्मा भट्ट नेपालको खाताबाट दिपक भट्टको खातामा रकम स्थानान्तरण गरिएको देखिन्छ। यसरी एकपछि अर्को खातामा रकम घुमाइने प्रक्रिया सम्पत्ति शुद्धीकरणको Layering चरणको प्रमुख विशेषता हो। यसबाट रकमको ट्रेल (Audit Trail) जटिल बनाई प्रारम्भिक अपराधसँगको सम्बन्ध विच्छेद गर्ने प्रयास गरिएको देखिन्छ ।

आठौं तथा अन्तिम चरणमा दिपक भट्टको खाताबाट जगदम्बा स्टीलको खातामा रकम स्थानान्तरण गरी बैंकिङ ऋण अपचलनबाट सिर्जित दायित्व भुक्तानी गर्न प्रयोग गरिएको देखिन्छ। यस अवस्थामा अपराधजन्य सम्पत्ति अन्ततः वैधानिक वित्तीय दायित्व भुक्तानी गर्न प्रयोग गरिएको हुँदा उक्त रकम आर्थिक प्रणालीमा पूर्ण रूपमा एकीकृत (Integrated) भएको अवस्था देखिन्छ । सम्पत्ति शुद्धीकरणको सिद्धान्तअनुसार यसलाई "Integration Stage"

भनिन्छ, जहाँ अपराधबाट प्राप्त सम्पत्ति अन्ततः वैध आर्थिक सम्पत्तिको रूपमा प्रयोग गरिन्छ र यसको अपराधजन्य उत्पत्ति सामान्य वित्तीय कारोबारभित्र हराउन पुग्छ।

**Placement (रकमान्तरण):**

सम्पत्ति शुद्धीकरण कसूर कायम हुनको लागि अपराधजन्य कार्यबाट प्राप्त सम्पत्तिको गैरकानूनी स्रोतको शुद्धीकरणको लागि प्रतिवादीहरूले सो सम्पत्तिको प्रवेश वित्तीय संस्थामा गराउने कार्यलाई Placement को चरण मानिन्छ र यसै चरणबाट प्रतिवादीहरुको सम्पत्ति शुद्धीकरणको मनसाय (Intension) प्रारम्भ भएको मानिन्छ भने Placement को उद्देश्यहरु निम्नानुसार रहेको देखिन्छ।

1. अवैध स्रोतलाई लुकाउने (To hide the source of illicit origin)
2. अवैध स्रोतबाट प्राप्त रकमको वीचमा दुरी कायम गर्ने (To distance the money from its illegitimate source)
3. कसूरबाट आर्जित रकमलाई वित्तीय प्रणालीमा समावेश गराउने (To introduce dirty money into the financial system)

प्रतिवादी दिपक भट्ट समेतले सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरीङ्ग) को सम्बद्ध कसुर अन्तर्गतको बीमा सम्बन्धी कसूरको सम्बद्द कसुर गरी आर्जन गरेको रकमको गैरकानूनी स्रोत लुकाउनको लागि सो रकमको Placement गर्न आफ्नो सासु अञ्जना नेपालको नाममा दर्ता रहेको एलियन्ट ईन्स्योरेन्स ब्रोकर प्रा लिको नामको खातामा प्राप्त गर्ने र आयमा समावेश गर्ने लगायतका कार्यहरु गरेको देखियो ।

**Layering (तहकिकरण):**

माथि विभिन्न प्रकरणमा विश्लेषण गरी खुलाईए अनुसार सो रकमबाट आफूले नीजि लाभ हासिल गर्ने र सो कसूरबाट प्राप्त सम्पत्ति र गैरकानूनी स्रोतका बीच दुरी कायम गरी गराई सम्पत्तिको गैर कानूनी स्रोतको शुद्धीकरण गर्ने मनसायले सो रकम एलियन्ट ईन्स्योरेन्स ब्रोकर प्रा लिको बैक खातामा प्राप्त गरेको रकमलाई ब्रोकरको आयमा समावेश गरी गैर कानूनी रुपमा प्राप्त गरेको रकमलाई वैध आय भएको देखाउन कर भुक्तानी गर्ने र लाभांश घोषणा गरी वितरण गर्ने कार्य लगायतका जटिलता सृजना गर्ने मनशायले तह-तह बनाई कारोबार गरेको पुष्टी हुन आयो ।

**Integration (एकिकरण)**

सम्पत्ति शुद्धीकरणकर्ताले यस चरणमा अवैध रकमहरु सबै बैध रकमको रुपमा एकिकृत गर्छन । प्रतिवादी दिपक भट्ट समेतले माथि विभिन्न खण्डमा विश्लेषण गरिए अनुसार बीमा सम्बन्धी कसूर गरी सोही कसुरबाट आर्जन गरेको सम्पत्ति आफ्नो र पत्नीको नाममा सिद्धार्थ बैंकहरुको खातामा कसुरवाट आर्जित रकम जम्मा गरी गर्न लगाई उक्त रकमबाट वैकिङ कसूरबाट प्राप्त गैर कानुनी रकम फिर्ता र कसूरको ढाकछोप गर्ने कार्यमा समेत प्रयोग गरेको देखियो । माथि विवेचित आधार एवम् प्रमाण तथा तत-तत् प्रतिवादीको नाममा हाल कायम Integrated (एकिकृत) सम्पत्तिहरूबाट पुष्टी हुन आयो।

समग्र घटनाक्रमको विश्लेषण गर्दा यो प्रक्रिया केवल बीमा कोषको अपचलन वा वित्तीय अनियमिततामा सीमित नभई अपराधजन्य सम्पत्ति सिर्जना गर्ने, फर्जी लेखांकन तथा कृत्रिम आम्दानीमार्फत त्यसको स्रोत लुकाउने, कर भुक्तानी तथा लेखापरीक्षणमार्फत वैधता प्रदान गर्ने, लाभांश वितरणद्वारा व्यक्तिगत खातामा रूपान्तरण गर्ने तथा सम्बन्धित

व्यक्तिहरूको खातामार्फत घुमाई अन्ततः वैधानिक आर्थिक प्रयोजनमा प्रयोग गर्ने योजनाबद्ध सम्पत्ति शुद्धीकरणको पूर्ण चक्र (Complete Money Laundering Cycle) पूरा भएको देखिन्छ।

**११. एलियन्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि.लाई हिमालयन रिइन्स्योरेन्स लि.को आर्थिक अपचलन गर्ने र दिपक भट्टको सम्पत्ति शुद्धीकरण गर्ने कम्पनीको रुपमा प्रयोग गरेको**

दिपक भट्ट र निजसँग सम्बद्ध समूहले हिमालयन रिइन्स्योरेन्सबाट रकम अपचलन गर्ने तथा उक्त रकमलाई वैध देखाई सम्पत्ति शुद्धीकरण गर्ने विशेष प्रयोजनयुक्त संरचना (Special Purpose Vehicle for Laundering Criminal Proceeds) का रूपमा प्रयोग गरेको देखिन आएको छ। वैध वित्तीय कारोबारको स्वरूप प्रदान गर्ने माध्यमको रूपमा एलियन्ट इन्सुरेनस ब्रोकर्स प्रा लि कम्पनीलाई "Laundering Vehicle", "Corporate Conduit" वा "Corporate Laundering Instrument" को रुपमा प्रयोग गरेको देखियो ।

प्रस्तुत घटनामा एलियन्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि.ले वास्तविक Brokerage Service, Risk Placement, Treaty Negotiation, Reinsurance Intermediation वा व्यवसायिक औचित्य पुष्टि गर्ने कुनै पर्याप्त आधारबिना हिमालयन रिइन्स्योरेन्स लिमिटेडबाट करोडौं रुपैयाँ प्राप्त गरेको देखिन्छ। सम्बन्धित जीवन बीमा कम्पनीहरूले नै आफूहरूको पुनर्बिमा कारोबारमा एलियन्टको कुनै भूमिका नरहेको, कुनै सम्झौता नभएको तथा कुनै Brokerage Service आवश्यक नभएको भनी लिखित रूपमा जनाएको अवस्थासमेतबाट एलियन्टले प्राप्त गरेको रकम वास्तविक व्यवसायिक प्रतिफल (Legitimate Commercial Consideration) नभई आर्थिक अपचलनबाट सिर्जित कृत्रिम आम्दानी (Artificially Created Income) भएको देखिन्छ।

एलियन्टको कानुनी शेयरधनी वा सञ्चालक अन्य व्यक्ति देखिए तापनि कम्पनीबाट प्राप्त आर्थिक लाभ, कारोबारको उद्देश्य, रकमको अन्तिम उपयोग तथा वित्तीय प्रवाहको विश्लेषण गर्दा वास्तविक धनी (Ultimate Beneficial Owner) दिपक भट्ट रहेको तथ्य पुष्टि हुन आयो। यसरी एलियन्ट इन्स्योरेन्स ब्रोकर्स प्रा. लि. लाई वास्तविक बीमा ब्रोकरको रूपमा सञ्चालन नगरी हिमालयन रिइन्स्योरेन्स लिमिटेडको रकम कृत्रिम कारोबार मार्फत बाहिर निकाल्ने, उक्त रकमलाई वैध Brokerage Income को स्वरूप दिने, वास्तविक लाभग्राही लुकाउने, नियामकीय निगरानी छल्ने तथा अन्ततः दिपक भट्टको नियन्त्रणमा रहेका व्यक्ति वा संरचनामार्फत पुनः एकीकृत (Integrate) गर्ने माध्यमका रूपमा प्रयोग गरिएको देखिन्छ। तसर्थ एलियन्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि. अपराधबाट प्राप्त सम्पत्ति ग्रहण, तहकीकरण, स्वामित्व लुकाउने तथा वैधता प्रदान गर्ने उद्देश्यले प्रयोग गरिएको Corporate Laundering Vehicle तथा Financial Conduit Company को रूपमा प्रयोग गरी सम्पत्तिको गैरकानुनी स्रोत लुकाई एवं कसुरबाट सम्पत्तिको प्रकृति एवं स्वामित्व समेत बदली सम्पत्ति शुद्धीकरणको कसुर गरेको तथ्य स्थापित हुन आयो।

१२. **गैरकानुनी स्रोतको रुपान्तरण गरेको तरिकाः**

प्रतिवादी दिपक भट्टले बयान गर्दा Alliant Insurance Brokers Pvt. Ltd. को सम्बन्धमा उक्त कम्पनीमा मेरो कुनै प्रत्यक्ष तथा अप्रत्यक्ष संलग्नता नरहेको हुँदा उक्त कम्पनीले गर्ने कारोबारमा मेरो कुनै पनि प्रभाव, नियन्त्रण र निर्देशन रहने गरेको छैन। सोको लाभ मलाई प्राप्त भएको पनि छैन। सो कम्पनीको अन्तिम हिताधिकारी व्यक्ति पनि म होइन। एलियण्ट इन्स्योरेन्स व्रोकर्स प्रा.लि.मा म लगानीकर्ताको रुपमा रहेको छैन। त्यसकारणले यस कम्पनीले हिमालयन रिईन्स्योरेन्स कम्पनीसँग कारोबार गरेको सम्बन्धमा सो कम्पनीले नै जान्ने कुरा हो। मैले मेरो श्रीमती आयुष्मा भट्ट नेपालको खाताबाट प्राप्त गरेको हो। उक्त रकम मेरो श्रीमतीको आमाले छोरीलाई दिएको हो। मेरो सासु एलियण्ट इन्स्योरेन्स व्रोकर्स

प्रा.लि. मा अध्यक्षको रुपमा रहे पनि सम्पूर्ण कम्पनीको कार्य प्रमुख कार्यकारी अधिकृतले गर्ने हो भन्ने समेतका व्यहोरा खुलाई लेखाई दिएको देखिन्छ। यदि निजको सरोकार वा संलग्नता यस कम्पनीमा हुँदैन थियो भने कम्पनीको कार्यकारी अधिकृत वा को कस्ले गर्छ भन्ने कुरा निजको जानकारीमा के कसरी रहन्छ भन्ने तर्फ पनि हेर्नु पर्ने हुन्छ। सम्पत्तिको गैरकानुनी स्रोतको रुपान्तरण एवं कसुरबाट प्राप्त सम्पत्तिको प्रकृति र स्रोत बदल्ने मनसायले सासु अन्जना नेपालले निजको छोरी आयुष्मा भट्ट नेपाललाई दिएको रकम भन्ने जिकीर लिएको देखिन आयो।

निजले बयान व्यहोरामा खुलाए अनुसार नै आफ्नो श्रीमती आयुष्मा भट्ट नेपालका नामको खाताबाट रकम प्राप्त गरेको देखिन्छ। उक्त रकम प्राप्त गर्नकै लागि एलियण्ट इन्स्योरेन्स ब्रोकर्स कम्पनी आफ्नो सासुका नाउँमा खडा गरी हिमालयन रिइन्स्योरेन्स कम्पनीसँग सम्झौता गरी गराई हुँदै नभएको पेश्की लेनादेन गरी विभिन्न जीवन बीमा कम्पनीहरुको जोखिमको प्लेसमेन्ट गराए वापतको कमिशन अंक भनी झुठा र फर्जी लेखांकनका आधारमा बीमकको रकम दुरुपयोग गरी लाभ लिएको देखिँदा यी प्रतिवादी दिपक भट्टले सम्पत्ति शुद्धीकरणको कसुर गरेको तथ्य थप स्थापित हुन आयो।

१३. **प्राधिकरणको अनुमति बेगर शेयर खरीद विक्रीः**

नेपाल बीमा प्राधिकरणको छानविन प्रतिवेदनमा उल्लेख भई आए अनुसार विवादको एलियन्ट इन्स्योरेन्स प्रा.लि. को २,४०,००० कित्ता शेयर मिति २०८०/०१/०२ मा अन्जना नेपालले मृदुला सरियासँग खरिद गर्दा नेपाल बीमा प्राधिकरणबाट जारी पुनःर्बिमा दलाल (ब्रोकर) सम्बन्धी निर्देशिका, २०७८ को निर्देशन नं. १५ अनुसार अनिवार्य रुपमा नेपाल बीमा प्राधिकरणको स्वीकृति लिनुपर्नेमा सो समेत नलिई शेयर खरीद गरेको देखिन आयो।

१४. **एलियन्ट इन्स्योरेन्स ब्रोकर्स प्रा. लि.को शेयर संरचनाः**

| शेयर धनीको नाम | मितिः२०८०/०१/२ मा प्राधिकरणको अनुमति वेगर शेयर खरिद विक्री पश्चात कसुर हुंदाका वखत कायम भएको शेयर संरचना। | | प्राधिकरणबाट अनुमति लिई कम्पनी दर्ता हुँदाका वखतको शेयर संरचना। | |
|---|---|---|---|---|
| अञ्जना नेपाल | ४,८०,०००।– कित्ता | रु.४,८०,००,०००।- | २,४०,०००।- | २,४०,००,०००।- |
| निता अग्रवाल | २०,०००।– कित्ता | रु. २०,००,०००।- | २०,०००।- | २०,००,०००।- |
| मृदुला सरिया | | | २,४०,०००।- | २,४०,००,०००।- |

बीमा तथा बीमा ब्रोकरजस्ता उच्च नियमनयुक्त क्षेत्रमा शेयर स्वामित्व, नियन्त्रण तथा लाभग्राही समेत परिवर्तन गर्दा नियामक निकायको स्वीकृति, Fit and Proper Test, Source Verification तथा Beneficial Ownership Disclosure अनिवार्य रुपमा गर्नु पर्ने व्यवस्था रहेको देखिन्छ। तथापि, प्रस्तुत कसुरको अनुसन्धानका क्रममा हेर्दा नियामकीय अनुमति बिना शेयर संरचना परिवर्तन गरेको देखिँदा प्रतिवादीहरूले कानूनी निगरानी छल्ने, वास्तविक नियन्त्रणकर्ता लुकाउने तथा गैरकानुनी रकमलाई नियमनयुक्त संस्थामार्फत वैध देखाउने उद्देश्यले संरचनागत छल (Structured Regulatory Evasion) गरेको देखिन्छ। प्रतिवादी दिपक भट्टले एलियण्ट इन्स्योरेन्स कम्पनीको नाममा बीमा ऐन अन्तर्गतको कसुर गरी प्राप्त गरेको रकम कसुरबाट प्राप्त रकम हो भन्ने जानीजानी एवं विश्वास गर्नु पर्ने मनासिव आधार हुँदाहुँदै त्यस्तो रकमलाई आफूमा मात्र लाभ केन्द्रीत गर्ने मनसायले मृदुला सरीयाका नाउँको शेयर खरिद गरी आफ्नो सासु अञ्जना नेपालको नाममा Nominee Shareholder को रुपमा राखेको देखिन्छ। अन्जना नेपालको नाममा महालक्ष्मी विकास बैंकमा रहेको नम्बर ०४२००८०००२५३८७८००००१ मा उक्त शेयर खरिद गर्न सन् २४/०७/२०२३ मा प्रतिवादी दिपक भट्टको व्यावसायिक साझेदार साहिल अग्रवालको नामबाट चेक नम्बर ०३२१३८६३७१ बाट

रु.२,४०,००,०००।– लिई सोही रकम मृदुला सरियालाई भुक्तानी गरेको देखिँदा प्रतिवादी दिपक भट्टले आफ्नो शेयर Nominee Shareholder को रुपमा अन्जना नेपालको नाममा राखेको तथ्य पुष्टि हुन आयो।

कम्पनीको दर्ता एवं कारोबारका प्रत्येक चरणमा वास्तविक धनी छल गरी प्रतिवादी दिपक भट्टमा मात्र लाभ केन्द्रित गर्ने उद्देश्य कम्पनीको रहेको देखिन्छ। उक्त एलियण्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि. ले सञ्चालकहरुलाई लाभांश वितरण गरे पश्चात सो मध्ये रु. २३ करोड भन्दा बढि रकम प्रतिवादी दिपक भट्टले पुनः आफ्नो खातामा प्राप्ति गरेको देखिँदा समेत निज वास्तविक धनी रहेको तथ्य पुष्टि हुन आयो।

१५. **विना लगानी शेयर प्राप्ति (सम्पत्ति शुद्धीकरणको आधार)**

एलियन्ट ईन्स्योरेन्स ब्रोकर्स प्रा लिको प्रत्यक्ष लाभ अन्तत दिपक भट्टमा केन्द्रीत भईरहेकोले कम्पनीको आर्थिक हित, लाभग्राही स्वामित्व (beneficial ownership), व्यवस्थापकीय नियन्त्रण, तथा कम्पनीको वित्तीय कारोबारमाथि दिपक भट्टको प्रभाव स्पष्ट खुल्न आएको देखिन्छ। दिपक भट्टले आफ्नो सासु अञ्जना नेपालको नाममा एलियन्ट ईन्स्योरेन्स ब्रोकर्स प्रा लिको ९६ प्रतिशत हित नियनत्रण रहने गरी कम्पनी स्थापना र सञ्चालन गरी उक्त कम्पनीमार्फत हिमालयन रिईन्स्योरेन्स लि बाट पुनर्बिमा ब्रोकर कमिशन (reinsurance brokerage commission) प्राप्त गर्ने उद्देश्यले योजनाबद्ध संरचना (arranged business structure) निर्माण गरेको देखिन्छ।

हिमालयन रिइन्स्योरेन्सबाट प्राप्त रकम पारिवारिक सदस्यहरूको बैंक खाताहरू प्रयोग गरी ट्रान्फर (layering and fund diversion) गर्दै अन्ततः दिपक भट्टकै नियन्त्रणमा पुगेको वित्तीय विवरण, बैंकिङ कारोबार र कम्पनी अभिलेखबाट देखिन आएको छ। राष्ट्रिय वाणिज्य बैंक तथा नेपाल बैंक लिमिटेडजस्ता सार्वजनिक लगानी रहेका संस्थाहरू र आम नागरिकको समेत लगानी रहेको हिमालयन रिईन्स्योरेन्स लिको वित्तीय स्रोतलाई निजी लाभका लागि प्रयोग गरी कम्पनीको हित विपरीत कार्य गर्ने, अनुचित आर्थिक लाभ हासिल गर्ने तथा प्राप्त रकमको वास्तविक स्रोत लुकाउन विभिन्न व्यक्ति तथा खातामार्फत रकमान्तर, धारण, रूपान्तरण र एकीकरण (placement, layering and integration) गरी सम्पत्ति शुद्धीकरणको कसुर गरेको तथ्य स्थापित हुन आएको देखिन्छ।

एलियन्ट ईन्स्योरेन्स ब्रोकर्स प्रा.लि. सम्बन्धमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट प्राप्त विवरणअनुसार उक्त कम्पनी मितिः २०७८/११/१६ मा दर्ता नं. २८५३८३ लिई स्थापना भएको देखिन्छ। त्यसपश्चात उक्त ब्रोकर कम्पनीलाई नेपाल बीमा प्राधिकरणले ले मिति २०७८/१२/२४ मा पुनर्बिमा दलाल (Reinsurance Broker) को प्रमाणपत्र जारी गरेको छ । कम्पनीको शेयर लगत तथा विवरणअनुसार प्रारम्भिक अवस्थामा मृदुला सरिया र अञ्जना नेपालको समान ४८/४८ प्रतिशत स्वामित्व तथा नीता अग्रवालको ४ प्रतिशत स्वामित्व रहेको देखिएकोमा, मितिः २०८०/०१/०२ पछि मृदुला सरियाको नाउँको शेयर खरिद गरी अञ्जना नेपालको नाममा कुल ४,८०,००० कित्ता अर्थात ९६ प्रतिशत शेयर स्वामित्व कायम भएको तथा निज कम्पनीको अध्यक्षको रूपमा कार्यरत रहेको देखिन्छ। उक्त शेयर खरिद गर्दा नेपाल बीमा प्राधिकरणबाट जारी ब्रोकर सम्बन्धी निर्देशिका, २०७८ को दफा १५ बमोजिम प्राधिकरणको अनिवार्य स्वीकृति लिनु पर्ने व्यवस्था समेत पालना भएको देखिएन।

## अभियुक्तहरु उपरको अभियोग र अभियुक्तहरुलाई हुनुपर्ने सजायः

प्रस्तुत मुद्दामा सम्पत्ति शुद्दीकरण अनुसन्धान विभागका निर्देशकको संयोजकत्वमा सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ को दफा १४क. (३) बमोजिम संयुक्त कार्यटोली गठन भई सोही कार्यटोलीबाट सम्पत्ति शुद्धीकरणको अनुसन्धान गर्ने क्रममा सम्बद्द कसूरको रुपमा बिमा सम्बन्धी कसूर गरेको देखिएबाट बिमा सम्बन्धी कसूरको अनुसन्धान

गर्ने क्षेत्राधिकार भएको नेपाल प्रहरी प्रधान कार्यालय, केन्द्रीय अनुसन्धान ब्यूरो, काठमाडौंलाई सम्बद्ध कसूरको रुपमा बिमा सम्बन्धी कसूर र सोबाट आर्जित सम्पत्ति शुद्दीकरण गरेको समेत देखिएबाट सम्बद्ध कसूर र सम्पत्ति शुद्धीकरण मुद्दा एकसाथ अभियोजन गर्नको लागि प्राप्त पञ्जिका बमोजिमको मिसिल अध्ययन गर्दा हिमालयन रिइन्स्योरेन्स लिमिटेडले एलियण्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि. मार्फत् जीवन बीमा कम्पनीहरुबाट व्यवसाय प्राप्त गरेको भनी रु.२३,९२,०५,०६४/०१ ब्रोकेज रकम खर्च लेखांकन गरेको देखिन्छ । यस सम्बन्धमा जीवन बीमा कम्पनीहरुले एलियन्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि.सँग सम्झौता वा कारोबार नगरेको भनी जानकारी उपलव्ध गराएको हुँदा उक्त ब्रोकर कम्पनीका लागि पुनर्बिमा कम्पनीले ब्रोकेज शीर्षकमा गरेको खर्च रकम हिमालयन रिईन्स्योरेन्स कम्पनीको कोषको रकम दुरुपयोग गरी दिनु तिर्नु नै नपर्ने रकम एलियण्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि.लाई उपलब्ध गराएको देखिएकोमा सोबाट बिमकको रकमको दुरुपयोग भई बिमा सम्बन्धी कसूर र सो कसूरबाट प्राप्त उल्लिखित रकम एलियण्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि. हुँदै अन्तिम हिताधिकारीको रुपमा रहेका प्रतिवादी दिपक भट्टको बैंकिङ कसूरको रकम मिलानको लागि जगदम्बा सिमेन्टलाई भुक्तानी गरेको अवस्था देखिएबाट कसूरबाट आर्जित रकमलाई प्लेसमेन्ट, लेयरिङ गर्दै तथा देवानी कानूनको आडसमेत लिई प्रतिवादीहरु दिपक भट्ट समेतले बिमा सम्बन्धी कसूर र सम्पत्ति शुद्दीकरण कसुर गरेको तथ्य स्थापित हुन आयो ।

अव यस बिमा सम्बन्धी कसूर र सम्पत्ति शुद्धीकरणमा को कसको के कस्तो संलग्नता छ र को कुन प्रतिवादी उपर के कुन सजायको मागदाबी लिई अभियोजन गर्ने भन्ने सम्बन्धमा मिसिल संलग्न तथ्य तथा उपस्थित प्रतिवादीहरुको मौकाको बयान बुझिएका व्यक्तिहरुको घटना विवरण कागज समेतको आधारमा प्रतिव्यक्ति कसूरमा भूमिकाका आधारमा देहाय बमोजिम प्रतिव्यक्ति अभियोग र सजायको मागदाबी गरिएको छ ।

**१. प्रतिवादी दिपक भट्टको हकमाः**

प्रतिवादी दिपक भट्टका नाममा रहेको सिद्धार्थ बैंक खाताको कारोबार विवरण (bank statement), transaction analysis report, fund flow statement तथा सम्बन्धित बैंकबाट प्राप्त अभिलेखहरूको परीक्षण गर्दा सन् २०११ देखि सन् २०२२ सम्मको अवधिमा प्रजुनी बज्राचार्य, मनिस श्रेष्ठ, विकास जंगबहादुर राणा लगायत विभिन्न व्यक्तिहरूबाट निजको खातामा जम्मा रु.१७,९१,५२,१३४।– रकम जम्मा भएको तथा सोही अवधिमा निजले खाताबाट जम्मा रु. १६,३०,२३,०००।– बराबर रकम झिकेको देखिन्छ । उक्त रकमहरूको जम्मा हुने समय, रकमको प्रकृति, कारोबारको आवृत्ति, रकम जम्मा गर्ने व्यक्तिहरूको आर्थिक सम्बन्ध, तथा रकम झिकिएको प्रयोजन विश्लेषण गर्दा कारोबारहरू सामान्य व्यक्तिगत बैंकिङ गतिविधिभन्दा फरक प्रकृतिका, संरचित (structured transactions) तथा स्रोत अस्पष्ट रहेको देखिन्छ ।

निजको घोषित आय, कर विवरण, व्यवसायिक गतिविधि तथा वैधानिक आर्थिक स्रोतसँग तुलना गर्दा उक्त अवधिमा खातामा जम्मा भएको रकमको परिमाण अस्वाभाविक देखिन आएको छ । रकम जम्मा गर्ने व्यक्तिहरूसँग निजको कुनै सम्बन्ध एवं कारोबार भएको तथ्ययुक्त प्रमाणहरु प्रतिवादी दिपक भट्टले पेश गर्न सकेको देखिदैन । प्रतिवादी दिपक भट्टले मौकामा बयान गर्दा एलियण्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि.सँग कुनै सम्बन्ध नभएको, आफ्नो सासु सञ्चालक रहेको, आफ्नो खातामा जम्मा हुन आएको रकम निजको सासु अन्जना नेपालले आफ्नो छोरी आयुष्मा भट्ट नेपाललाई दिएको रकम नै आफ्नो खातामा जम्मा हुन आएको भन्ने समेतका व्यहोरा लेखाई दिएको देखिन्छ । विवादको एलियण्ट इन्स्योरेन्सको स्थापना नै प्रतिवादी दिपक भट्टले सम्पत्ति शुद्धीकरणको लागि प्लेसमेन्ट र लेयरिङ समेतको लागि आफ्नो सासुका नाउँमा गरी आफू बास्तविक धनी भई लाभ आफूमा केन्द्रीत गर्ने मनसायले

गरी आफ्नै प्रभावमा रहेको बीमक हिमालयन रिईन्स्योरेन्सको आर्थिक दुरुपयोग एवं हिनामिना गरी रकम लिनेखाने समेतका उद्देश्यले कसुरबाट प्राप्त रकमको दीर्घकालीन रुपान्तरण मार्फत् सम्पत्ति शुद्धीकरण गर्ने इच्छित मनसाय भएको देखिन्छ।

बीमक हिमालयन रिइन्स्योरेन्स लिमिटेड र एलियण्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि. बीच भएको Reinsurance Brokering Service Agreement बमोजिम हिमालयन रिइन्स्योरेन्स लि.बाट Technical and Logistic Support का लागि एलियण्ट इन्स्योरेन्स ब्रोकर्स प्रा. लि.ले विभिन्न मितिमा लिएको पेश्की दुरुपयोग तथा व्यवसायसँग असम्बन्धित अन्य कारोबार गरी हिमालयन रिइन्स्योरेन्स लिमिटेडलाई हानिनोक्सानी पुऱ्याई एलियण्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि. का शेयरधनीलाई लाभ पुऱ्याउने गरी कार्य गरेको देखिन आएकोले उक्त कार्य बीमा ऐन, २०७९ को दफा १४० बमोजिमको कसूर गरी सो कसुरबाट सम्पत्ति आर्जन गरी सोबाट प्राप्त लाभ प्रतिवादी दिपक भट्ट समेतले अन्तिम हिताधिकारीको रुपमा लिएको देखिन आयो।

हिमालयन रिइन्स्योरेन्स लिमिटेडले एलियण्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि.मार्फत् जीवन बीमा कम्पनीहरुबाट व्यवसाय प्राप्त गरेको भनी रु.२३,९२,०५,०६४/०१ ब्रोकेज रकम खर्च लेखांकन गरेको देखिन्छ। यस सम्बन्धमा जीवन बीमा कम्पनीहरुले एलियन्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि.संग सम्झौता वा कारोबार नगरेको भनी जानकारी उपलव्ध गराएको हुँदा उक्त ब्रोकर कम्पनीका लागि पुनर्बिमा कम्पनीले ब्रोकेज शीर्षकमा गरेको खर्च रकम नै कसुरबाट प्राप्त रहेको देखिन आयो। यसरी गैरकानुनी कारोबार गरी हिमालयन रिइन्स्योरेन्स लि. लाई हानिनोक्सानी एवं एलियण्ट इन्स्योरेन्स ब्रोकर्स प्रा. लि.लाई लाभ पुऱ्याएको देखिँदा उक्त कार्यमा संलग्न हिमालयन रिइन्स्योरेन्स लि. का उच्च व्यवस्थापन र एलियण्ट इन्स्योरेन्स ब्रोकर्स प्रा. लि.का मुख्य शेयरधनी तथा प्रमुख कार्यकारी अधिकृत समेतले सम्पत्ति शुद्धीकरणको कसुर गरेको तथ्य स्थापित हुन आयो। उक्त प्रतिवेदनको निश्कर्ष खण्डमा एलियण्ट इन्स्योरेन्स ब्रोकर प्रा. लि. ले विभिन्न व्यक्ति तथा संस्थासँग शंकास्पद कारोबार गरेको हुँदा उक्त कम्पनी special purpose Vehicle को रुपमा प्रयोग भएको हुन सक्ने देखिएको तथा गैर कानुनी रुपमा ब्रोकेज रकम एलियन्ट इन्स्योरेन्स ब्रोकर प्रा. लि. को आय व्यय हिसावमा आम्दानी देखाई शेयरधनीलाई लाभांश वाडेको देखिएकोले एलियण्ट इन्स्योरेन्स ब्रोकर प्रा. लि.को शेयरधनी र प्रमुख कार्यकारी अधिकृतलाई बीमा ऐन, २०७९ को दफा १४० बमोजिम कसूर सम्बन्धमा अनुसन्धानको लागि लेखी आएको देखिन्छ। नेपाल बीमा प्राधिकरणको च. नं. ७५०६ मिति २०८३/०२/११ को प्राविधिक प्रतिवेदन साथ पेश गरेको कागजात अनुसार सन् ०१/१२/२०२३ मा भौचर नं. JV7980000003195 बाट रु.१३,३४,६२,६८१। १४ समायोजन गरेको देखिन्छ। उक्त भौचरको कैफियतमा Advance settlement against Brokerage exp. for life business FY 2079/80 (17.09.2022-16.07.2023) उक्त भौचरमा All life insurance case approved by ED Manish Kumar उल्लेख गरी समायोजन गरेको देखियो। त्यसै गरी २०२४/०७/१५ मा रु. १०,५७,४२,३८२। ८६ रकम समायोजन गरेको उल्लेख गरिएको प्रतिवेदन प्राप्त भएको छ।

अनुसन्धानका क्रममा प्राप्त तथ्य एवं प्रमाणहरुको विश्लेषण गर्दा द.नं. २८५३८३ मा आर्थिक वर्ष २०७८/७९ मा मा दर्ता भएको एलियन्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि., नेपाल बीमा प्राधिकरण (साबिकको बीमा समिति) को निर्णय अनुसार पुनर्बिमा दलालको इजाजतपत्र नं. ०६/२०७८/७९ इजाजतपत्र लिई व्यवसाय सञ्चालन भएको देखिन्छ। यस कम्पनीको कुल अधिकृत पूँजी १० करोड र चुक्ता पूँजी ५ करोड रहेको देखिन्छ। यस कम्पनीको नियमन नेपाल बीमा प्राधिकरणबाट हुने देखिन्छ। प्राधिकरणले समय समयमा जारी गरेको निर्देशन, बीमा ऐन तथा अन्य प्रचलित

कानूनको व्यवस्था अनुसार सञ्चालित भई आफ्नो उद्देश्य अनुसार यस कम्पनीले काम गर्नु पर्ने देखिन्छ। उक्त कम्पनी स्थापना हुँदाका बखत अञ्जना नेपालका नाममा रहेको २,४०,०००।- कित्ता शेयर प्रति कित्ता शेयर रु. १००।-, मृदुला सरियाका नामको २,४०,०००।- कित्ता प्रति कित्ता शेयर रु. १००।- र नीता अग्रवालका नामको २०,०००।- कित्ता शेयर प्रति कित्ता शेयर रु. १००।- दरले लगानी भई कुल रु. ५ करोड चुक्ता पूँजी रहेको देखिन आयो। मितिः २०८०/०१/०२ मा मृदुला सरियाका नामको २,४०,०००।- कित्ता शेयर प्रति कित्ता रु. १००।- का दरले अञ्जना नेपालले खरिद गरेको देखिन्छ। सो शेयर कम्पनी रजिष्ट्रारको कार्यालयमा मितिः २०८०/४/११ अभिलेखीकरण भएको देखिन्छ। तत्पश्चात कसुर हुँदाका वखत अञ्जना नेपाल ४ वर्षका लागि अध्यक्ष रहने गरी सञ्चालक लगत समेत अभिलेखीकरण भएको देखिन्छ ।

हिमालयन रिइन्स्योरेन्स लिमिटेडले एलिण्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि. मार्फत जीवन बीमा कम्पनीहरुबाट व्यवसाय प्राप्त गरेको भनी रु.२३,९२,०५,०६४/०१ ब्रोकेज रकम खर्च लेखांकन गरेको पाइयो। यस सम्बन्धमा जीवन बीमा कम्पनीहरुले एलियन्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि.संग सम्झौता वा कारोबार नगरेको भनी जानकारी उपलब्ध गराएको हुँदा उक्त ब्रोकर कम्पनी र पुनःर्बिमा कम्पनीले ब्रोकेज शीर्षकमा गरेको लेनादेना कारोबार गैर कानुनी देखिन्छ भन्ने व्यहोरा उल्लेख भएको देखिन्छ। यसरी गैरकानुनी कारोबार गरी हिमालयन रिइन्स्योरेन्स लि. लाई हानि नोक्सानी पुर्‍याई एलिण्ट इन्स्योरेन्स ब्रोकर्स प्रा. लि.लाई लाभ पुर्‍याउने गरी कार्य गरेको देखिन्छ। नेपाल बीमा प्राधिकरणको च. नं. ७५०६ मितिः २०८३/०२/११ को प्राविधिक प्रतिवेदन साथ पेश गरेको कागजात अनुसार सन् ०१/१२/२०२३ मा भौचर नं. JV 7980000003195बाट हिमालयन रिइन्स्योरेन्सले एलियण्टलाई दिएको रकममध्येको रु. १३,३४,६२,६८१।१४ भौचरको कैफियतमा Advance settlement against Brokerage exp. for life business FY 2079/80 (17.09.2022-16.07.2023) भन्ने व्यहोरा जनाई समायोजन गरेको देखिन्छ। सोही भौचरमा All life insurance case approved by ED Manish Kumar भन्ने समेत उल्लेख भएको देखिन्छ। यसै गरी सन् २०२४/०७/१५ मा रु. १०,५७,४२,३८२।८६ रकम समायोजन गरेको प्राप्त मिसिल संलग्न प्रतिवेदनबाट देखिन्छ।

बीमक हिमालयन रिईन्स्योरेन्स लि.को कोषलाई अपचलन गर्न योजना निर्माण गर्ने, आफ्नो अपराधिक उद्देश्य बमोजिम फर्जी र झुठ्ठा विवरणहरु खडा गरी बीमक हिमालयन रिईन्स्योरेन्सको कोषको दुरुपयोग गरेको देखिन्छ। वास्तविक धनी छल्न आफ्नो सासुको नाम प्रयोग गरी एलियन्ट इन्स्योरेन्स ब्रोकर्स स्थापना गरी उक्त कम्पनी समेत प्रयोग गरी बीमा कसूरबाट प्राप्त  रकम हो भनी थाहा हुँदाहुँदै त्यसको प्रकृति बदल्ने, स्वरुप परिवर्तन गर्ने समेतका निषेधित कार्यहरु गरी कसुरबाट प्राप्त गरेको रकमलाई जटिलता सिर्जना गरी त्यस्तो रकमको सही प्रकृति र स्रोत लुकाउने एवं बदल्ने समेतका कार्यहरु गरी गराई सम्पत्ति शुद्धीकरणको कसुर गर्ने मनसायलले कसुर गरेको देखिन्छ।

हिमालयन रिइन्स्योरेन्स लि.बाट एलियन्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि.लाई दिएको पेश्की रकम रु. २८ करोड मध्ये रु. ४ करोड एलियन्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि.बाट हिमालयन रिइन्स्योरेन्स लि.मा फिर्ता भएको देखिन्छ। सो रकममध्ये वाँकी रकम रु.२४ करोड आर्थिक वर्ष २०७९/८० मा रु. १३,३४,६२,६८१।१४ र आर्थिक वर्ष २०८०/८१ मा रु. १०,५७,४२,३८२।८६ समेत गरी रु. २३,९२,०५,०६४।१० समायोजन गरेको देखिन्छ। उक्त रकमहरु आर्थिक वर्ष समाप्त भएको मिति सन् १६/०७/२०२३ समाप्त भएको ५ महिना पश्चात लेखा प्रणाली बन्द गरिसकेको अवस्थामा सन् ०१/१२/२०२३ मा पुरानो मिति कायम गरी अर्थात सन् ०१/१२/२०२३ मा लेखांकन गरी दुई पक्षवीच हिसाव

समायोजन भएको कागजात खडा गरी संस्थाको रकम हिनामिना गरेको देखिन्छ। ब्रोकर कमिशन खर्च भनी लेखांकन गरिएको उक्त रकम हिमालयन रिइन्स्योरेन्स लि.बाट आर्थिक अनियमितता गरी प्रतिवादी दिपक भट्टको लाभका लागि बीमा कोषको रकम दुरुपयोग गरेको देखिन्छ । लेखा विवरण अनुसार आर्थिक वर्ष २०७९/८० मा रु.१३,३४,६२,६८१।१४ तथा आर्थिक वर्ष २०८०/०८१ मा रु.१०,५७,४२,३८२।८६ गरी जम्मा रु.२३,९२,०५,०६४।१० पुनर्बिमा ब्रोकर कमिशन खर्च लेखांकन गरेको देखिन्छ। उक्त रकम विभिन्न जीवन बीमा कम्पनीहरूको व्यवसाय एलियन्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि. मार्फत आएको भन्ने समेतका झुठा दाबी गरी लेखांकन गरेको तथ्य अनुसन्धानका क्रममा कागज गर्ने सम्बन्धित जीवन बीमा कम्पनीहरूका प्रमुख कार्यकारी अधिकृतहरूले आफ्नो कम्पनीले एलियन्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि. सँग कुनै पुनर्बिमा सम्झौता नगरेको, जीवन बीमा पुनर्बिमाका लागि कुनै ब्रोकर आवश्यक नरहेको तथा आफ्नो कम्पनीको नाम प्रयोग गरी गरिएको Brokerage लेखाङ्कन गैरकानुनी भएको भन्ने समेतका व्यहोरा खुलाई लेखाई दिएबाट पुष्टि हुन आएको देखिन्छ। सम्बन्धित बीमा कम्पनीहरुले विभागमा गरेको पत्राचारबाट समेत प्रमुख कार्यकारी अधिकृतहरुको कागजको व्यहोरा समर्थित भईरहेको देखिँदा हिमालयन रिइन्स्योरेन्सको रकम हिनामिना एवं दुरुपयोग गरी लाभ लिने मनसायले एलियण्ट नामको विवादको कम्पनी नै खडा गरी झुठा व्यहोराका कागजातहरु खडा गरी कसुर गरेको देखिन आयो।

बीमा कम्पनीहरु Asian Life Insurance, Citizen Life Insurance, IME Life Insurance, Nepal Life Insurance, Sunlife Insurance, Union Life Insurance लगायत विभिन्न जीवन बीमा कम्पनीहरूको नाम प्रयोग गरी भएको हिसावको Brokerage लेखाङ्कन वास्तविक पुनर्बिमा कारोबारमा आधारित नभई कृत्रिम तथा काल्पनिक/झुठा वित्तीय प्रविष्टि (Fictitious Accounting Entry) को रूपमा रहेको देखिन आयो। वास्तविक Arrangement, Placement Slip, Risk Transfer Evidence, Invoice, Brokerage Agreement पुष्टि गर्ने कागजातको नरहेको तथा सम्बन्धित कम्पनीहरूले नै उक्त कारोबार अस्वीकार गरिसकेको अवस्थामा Brokerage Expense शीर्षकमा लेखांकन भएको समग्र कारोबार नै झुठा लेखांकन (False Accounting) भएकाले सो विधि अवलम्बन गरी बीमकको कोष दुरुपयोग तथा आर्थिक हिनामिना गरी सम्पत्ति शुद्धीकरणको कसुर गरेको देखिन्छ।

अनुसन्धानबाट एलियन्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि.को कानुनी संरचना अन्य व्यक्तिको नाममा रहेको देखिए तापनि यसको वास्तविक नियन्त्रण, आर्थिक हित, सञ्चालन तथा अन्तिम हिताधिकारी प्रतिवादी दिपक भट्ट रहेको देखिन आएको छ। कम्पनीको कानुनी शेयरधनी वा सञ्चालकको रूपमा अञ्जना नेपालको नाम देखिए पनि कम्पनीको वास्तविक नियन्त्रण दिपक भट्टकै प्रभाव तथा निर्देशनमा सञ्चालन भइरहेको तथ्य विभिन्न वित्तीय कारोबार, लाभांश वितरणको संरचना समेतबाट पुष्टि हुन आएको देखिन्छ। यसरी दिपक भट्ट Ultimate Beneficial Owner को रूपमा रहेको तथा एलियन्ट मार्फत् कसुरजन्य रकम अन्ततः निजकै स्वामित्वमा गएको अवस्था देखिन्छ। एलियण्ट ब्रोकर्सले हिमालयन रिइन्स्योरेन्स लिमिटेडबाट पेश्की लिएको रु. २८ करोड रकम फछ्यौंट् तथा समायोजन गर्ने उद्देश्यले योजनाबद्ध रूपमा कृत्रिम पुनर्बिमा Brokerage कारोबार सिर्जना गरेको देखिन्छ। जीवन बीमा कम्पनीहरूको नाम प्रयोग गरी गैरकानूनी खर्च लेखांकन गरी उक्त माध्यमबाट प्रतिवादी दिपक भट्टलाई आर्थिक लाभ पुऱ्याउने उद्देश्यले संस्थागत रकम दुरुपयोग गरी सम्पत्ति शुद्धीकरणको कसुर गरेको तथ्य पुष्टि हुन आयो।

अतः प्रतिवादी दिपक भट्टले रु.२३,९२,०५,०६४।१० कसुरबाट प्राप्त सम्पत्ति हो भन्ने जानीजानी माथि उल्लेखित विभिन्न बीमा कम्पनीहरुको नामबाट ब्रोकेज कमीशन भनी खर्च लेखांकन गरी गराई झुठा कारोबार खडा गरी रकम लिने खाने कार्य गरी बीमा ऐन अन्तर्गतको कसुर र सम्पत्ति शुद्धीकरणको कसुर समानान्तर रुपमा गरेको तथ्य स्थापित हुन आएबाट निज प्रतिवादीले बीमा ऐन, २०७९ को दफा १४० को उपदफा (१) को देहाय खण्ड (छ) को कसुर समेत गरी सो कसुरबाट प्राप्त रकमको गैरकानुनी स्रोत छल्ने, लुकाउने, स्वरुप परिवर्तन, अधिकार र स्वामित्व समेत परिवर्तन गरी गराई सम्पत्ति शुद्धीकरणको कसुर गरेको देखिँदा र सम्बद्ध कसुरमा कही कतै कारवाही चलेको अवस्था देखिन नआएकोले सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ (तेस्रो संशोधन अध्यादेश, २०८३) को दफा २९ को उपदफा (१क) तथा समेतका आधारमा प्रतिवादी दिपक भट्ट उपर बीमा ऐन, २०७९ को दफा १४० को उपदफा (१) को देहाय खण्ड (छ) बमोजिमको कसुर गरेको तथ्य पुष्टि हुन आएको देखिँदा प्रतिवादी दिपक भट्टलाई बिगो रु. २३,९२,०५,०६४।१० कायम गरी प्रतिवादीहरुलाई ऐ. ऐनको दफा १४१ को उपदफा (३) बमोजिम बिगो जफत गरी ऐ.ऐ.को खण्ड (घ) बमोजिम सजाय हुन साथै सम्पत्ति शुद्धीकरणतर्फ प्रतिवादी दिपक भट्टले लाभ लिएको रकम रु.२१,१५,००,०००।– (अक्षरेपी एक्काईस करोड पन्ध्र लाख रुपैंया) कायम गरी सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३ को उपदफा (१) को देहाय खण्ड (क), खण्ड (ख) र खण्ड (ग) ले निषेधित कार्यहरु गरी गराई ऐ. उपदफा (३) को सम्पत्ति शुद्धीकरणको कसुर गरेकोमा निज प्रतिवादी दिपक भट्टलाई सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३० को उपदफा (१) बमोजिम सजायको मागदावी लिईएको छ।

**२. प्रतिवादीहरु हिमालयन रिईन्स्योरेन्सका तत्कालीन प्रमुख कार्यकारी अधिकृतहरु चन्द्रशेखरन रामामूर्ति (फरार) र उपासना पौडेल र कार्यकारी निर्देशक मनिष कुमारको हकमाः**

प्रतिवादी चन्द्रशेखरन रामामूर्ति भारतीय नागरिक रहेको देखिन्छ। अनुसन्धानका क्रममा निजलाई विभागमा हाजिर हुन आउन सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ४१ को व्यवस्था बमोजिम राष्ट्रिय स्तरको अंग्रेजी दैनिक पत्रिका द राइजिङ नेपालमा १६ जुन २०२६ मा सूचना प्रकाशित गर्दा समेत तोकिएको म्यादभित्र निज हाजिर हुन नआई अनुपस्थित रहेको देखिन्छ। यी प्रतिवादी हिमालयन रिईन्स्योरेन्सको प्रमुख कार्यकारी अधिकृत रहेका बखत अन्तिम हिताधिकारी प्रतिवादी दिपक भट्ट रही निजकी सासु अन्जना नेपाल समेतका नाउँमा दर्ता भएको विवादको एलियण्ट ब्रोकर्स इन्स्योरेन्स प्रा.लि.लाई मितिः२०८०/०३/०४ देखि मितिः २०८०/०७/२० सम्मको अवधिमा विभिन्न मितिमा माथि तालिकामा उल्लेख भए अनुसार हिमालयन रिइन्स्योरेन्स लि.ले कुल रकम रु. २८ करोड पेश्की दिएको देखिन्छ। कुनै कार्य गर्नु पुर्व अग्रिम रुपमा मात्र पेश्की दिनु पर्नेमा विवादको एलियण्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि. लाई कुनै बस्तु तथा सेवा नियमित रुपमा आपूर्ति गर्ने सेवाप्रदायक समेत नदेखिएको अवस्थामा भविष्यमा के कुन बीमा कम्पनीको के कति जोखिमको प्लेसमेन्ट यस कम्पनी मार्फत् हुने हो वा होइन? उक्त कम्पनी मार्फत् जोखिमको प्लेसमेन्ट हुने हो वा होइन भन्ने कुरालाई मापन गर्न सकिने कुनै बस्तुगत र विश्वस्त आधार नै नदेखिएको, पेश्की दिने कार्य निश्चित एवं कार्यान्वयन योग्य विषयमा मात्र पेश्की दिन सकिनेमा हिमालयन रिईन्स्योरेन्स लि. को कोष दुरुपयोग गरी प्रतिवादी दिपक भट्टलाई लाभ पुऱ्याउने षडयन्त्र बमोजिम यी प्रतिवादीहरुले रु. २८ करोड एलियण्टलाई उपलब्ध गराएको देखिन्छ। एलियण्ट कमिशन अंकमा काम गर्ने पुनर्बिमाको दलाल कम्पनीको रुपमा इजाजत प्राप्त गरेको देखिन्छ। पेश्की दिएको रकमले नखाम्ने गरी जोखिमको प्लेसमेन्ट नै हुन

नआएमा सो रकम के कसरी राफसाफ गर्ने भन्ने कहि कतै खुलेको देखिदैन । जीवन बीमा तर्फको पुनर्बिमा व्यवसाय सम्बन्धमा कम्पनीहरुको पत्र तथा कार्यकारी प्रमुखहरुको कागजातबाट विवादको एलियण्ट मार्फत कुनै जोखिमको प्लेसमेन्ट गरेको छैन भन्ने व्यहोरा खुल्न आएको देखिँदा ती कम्पनीहरुले सोझै प्लेसमेन्ट गरेको रकमलाई नै एलियण्ट मार्फत् गरेको प्लेसमेन्ट हो भन्ने अर्थ गरी कमिशन दिएको भनी फर्जी लेखांकन गरी हिसाव समायोजन एवं मिलान गरी सोही रकमलाई प्रतिवादी दिपक भट्टको दीर्घकालीन लाभ र आयमा रुपान्तरण गरी लाभांश एवं कर समेत चुक्ता गरी आपसी मिलेमत्तोमा बीमा कोषको रकम दुरुपयोग तथा सम्पत्ति शुद्धीकरणको कसुर गरेको तथ्य स्थापित हुन आयो ।

| | | |
|---|---|---|
| प्रमुख कार्यकारी अधिकृत | चन्द्रशेखरन रामामूर्ति | २०८०/६/०९ देखि राजीनामा गरेको (पेश्की दिएको बखत प्रमुख कार्यकारी अधिकृत रहेको) |
| | उपसाना पौडेल | २०८०/६/०९ देखि हाल निलम्बित (प्रमुख कार्यकारी अधिकृत रहँदा पेश्की फर्छ्यौट भएको) |
| कार्यकारी निर्देशक | मनिष कुमार | हाल निलम्बित (ब्रोकेज खर्च लेखांकन गर्न आदेश दिएको/स्वीकृत गरेको) |

**विमा ऐन, २०७९ को दफा ५८ मा कार्यकारी प्रमुखको काम, कर्तव्य र अधिकार निम्न बमोजिम उल्लेख भएको पाइन्छ:**

- सञ्चालक समितिबाट स्वीकृत नीति प्राधिकरणबाट दिईएको निर्देशन र प्रचलित कानून बमोजिम बीमकको दैनिक व्यावसायिक एंव प्रशासनिक कार्य गर्नु कार्यकारी प्रमुखको हुनेछ ।
- बीमकको कार्यकारी प्रमुखको काम कर्तव्य अधिकार सञ्चालक समितिबाट प्रत्यायोजित अधिकारको अधिनमा रही देहाय बमोजिम हुनेछ ।
- प्रबन्धपत्र र नियमावलीको अधिनमा रही सञ्चालक समितिबाट प्रदत्त अधिकार प्रयोग गर्ने र सञ्चालक समितिको निर्णय लागु गर्ने र बीमकको काम कारवाही तथा कारोबारको रेखदेख तथा नियन्त्रण गर्ने बीमकको बार्षिक बजेट र कार्ययोजना तयार गरी स्वीकृतिको लागि सञ्चालक समितिमा पेश गर्ने,
- यो ऐन वा प्राधिकरणको निर्देशन अनुरुप संस्था सञ्चालन गर्ने र संस्थाको प्रभावकारी आन्तरिक नियन्त्रण गर्ने ।

अनुसन्धानको क्रममा बयान गर्दा प्रतिवादी उपासना पौडेलले गलत नियतले व्यक्तिको समृद्धिका लागि कम्पनीको रकम प्रयोग भएको छैन । गलत मनसाय र कार्यको अभावमा कम्पनीले आफ्नो लगानी नीति अनुरुप नै लगानी गरेको छ । त्यसैले मैले कोही कसैलाई सम्पत्ति शुद्धीकरणको कसूर गर्न गराउन व्यक्तिगत र संस्थागत रुपमा सहयोग र सहजीकरण गरेको छैन भन्ने समेतका व्यहोराको बयान गरेको देखिएता पनि यी आरोपीको जिम्मेवारीभित्र सञ्चालक समिति तथा अन्य समितिबाट भए गरेको निर्णयहरु कार्यान्वयन गर्ने गराउने समेतका जिम्मेवारीमा रहेको व्यक्ति आरोपीले संस्था तथा आम शेयरधनी र सर्वसाधारणको हित विपरीत कार्य गरी कसुर गरेको तथ्य मिसिल संलग्न प्रमाण, अभियोजित कसुर मुद्दामा भएको निजको बयान तथा नेपाल बीमा प्राधिकरणबाट एलियण्टका हकमा प्राप्त छानबिन प्रतिवेदन समेतका आधारबाट समष्टिगतरुपमा विश्लेषण गर्दा यी आरोपी हिमालयन रिईन्स्योरेन्स लि.को प्रमुख कार्यकारी अधिकृत (CEO) को रुपमा मासिक ३०,००,००० ।– तलव पाउने गरी नियुक्ति भएको देखिन्छ । प्रमुख कार्यकारी अधिकृतको जिम्मेवारी एवं भूमिका केवल प्रशासनिक

कार्यमा सीमित नरही संस्थागत नियन्त्रण, सुशासन तथा वित्तीय अनुशासन सुनिश्चित गर्ने गराउने समेतका जिम्मेवारीहरु कानुनतः निर्वाह गर्नु पर्ने देखिन्छ । बीमा ऐन, २०७९ को दफा ५८ मा उल्लेख भए अनुसार सञ्चालक समितिको निर्णय कार्यान्वयन गर्ने, संस्थाको सम्पूर्ण कारोबारको रेखदेख तथा नियन्त्रण गर्ने, आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउने तथा प्रचलित कानून र प्राधिकरणका निर्देशन अनुरूप संस्था सञ्चालन गर्ने समेतका जिम्मेवारीहरु कार्यकारी प्रमुखले गर्ने गरी प्रष्ट किटानी गरेको पाइन्छ । उपरोक्त बमोजिम बीमकको संस्थागत सुशासन कायम गर्नका लागि कार्यकारी प्रमुखले "due diligence", "fiduciary duty" तथा "duty of care" को उच्चतम मापदण्ड अपनाउनु पर्नेमा प्रतिवादीहरुबाट उपरोक्त कार्यहरु भए गरेको देखिदैंन ।

हिमालय रिईन्स्योरेन्स लि.का तत्कालीन प्रमुख कार्यकारी अधिकृत चन्द्रशेखरन राममूर्ती र उपासना पौडेल समेतले क्रमशः हिमालयन रिईन्स्योरेन्स कोषबाट पेश्की स्वरुप अग्रीम रुपमा एलियन्ट ईन्स्योरेन्स ब्रोकर प्रा. लि. को खातामा रु.२८ करोड ट्रान्सफर गरी गराई प्रमुख कार्यकारीको हैसियतमा आफ्नो पदीय जिम्मेवारी पुरा नगरी बिमा ऐन, २०७९ को दफा ५८ बमोजिमका काम कर्तव्य अधिकारको पालना नगरी फर्जी र झुठ्ठा विवरणहरु देखाई हिमालयन रिईन्स्योरेन्सको कोषको आर्थिक दुरुपयोग एवं हिनामिना गर्ने कार्यमा प्रत्यक्ष संलग्न भई एवं तत्कालीन कार्यकारी निर्देशक मनिष कुमारका हकमा विचार गर्दा यी आरोपी हिमालयन रिइन्सुरेनस लि. को जीवन बीमा हेर्ने कार्यकारी निर्देशको पदमा रही फर्जी र झुठ्ठा विवरणहरु देखाई लेखा समायोजन गर्न निर्णय गरी पठाई हिमालयन रिईन्स्योरेन्सको आर्थिक हिनामिना र दुरुपयोगमा प्रत्यक्ष संलग्न रहेको तथ्य स्थापित हुन आएको देखिन्छ ।

अनुसन्धानका क्रममा बुझिएका दिप बहादुर वि.सी. ले Citizen life insurance ले पुर्नबीमा ब्रोकर एलियन्ट इन्स्योरेन्स ब्रोकर्ससँग कुनै सम्झौता वा कारोबार नगरेको, जीवन बीमाको व्यवसायको reinsurance गर्न कुनै पनि ब्रोकेजको आवश्यकता नपर्ने भन्ने समेतका व्यहोरा खुलाई लेखाई दिई कागज गरिदिएको र अन्य बुझिएका बीमकहरुका कार्यकारीहरु पवन कुमार खड्का, सन्तोष प्रसाई, सुरेश प्रसाद खत्री, दिपेश बाबु तिवारी, कवि फुयाल, प्रकाश विक्रम खत्री, शिवनाथ पाण्डे, र सुन्दर पन्थी समेतले एकै मिलानका व्यहोराको कागज गरिदिएको देखिँदा हिमालयन रिईन्स्योरेन्सले हुँदै नभएको कारोबारलाई सद्दे बनाई पेश्की वापत रकम दिई, पेश्की के कुन कामका लागि दिने हो भन्ने समेत कुनै थाहा जानकारी विना अनिश्चित कामका लागि पेश्की शीषर्कमा एलियण्टलाई रकम दिई पछि सिटिजन लाइफ समेतका बीमकको पुनर्बिमाको जोखिमको प्लेसमेन्ट गरेको भन्ने झुठा व्यहोरा खडा गरी गराएको तथ्य मिसिल संलग्न नेपाल बीमा प्राधिकरणको छानवीन प्रतिवेदन समेतबाट पुष्टि हुन आएको देखिँदा निजहरुले बीमक हिमालयन रिइन्स्योन्सको रकम दुरुपयोग गरी गराई बीमा ऐन, २०७९ को दफा १४० को उपदफा (१) को देहाय खण्ड (छ) को कसुर समेत गरी सो कसुरबाट प्राप्त रकमको गैरकानुनी स्रोत छल्ने, लुकाउने, स्वरुप परिवर्तन, अधिकार र स्वामित्व समेत परिवर्तन गरी गराई सम्पत्ति शुद्धीकरणको कसुर गरेको देखिँदा र सम्बद्ध कसुरमा कहीँ कतै कारवाही चलेको अवस्था देखिन नआएकोले उल्लेखित प्रतिवादीहरु **चन्द्रशेखरन रामामूर्ति र उपासना पौडेल र मनिष कुमार** उपर बीमा ऐन, २०७९ को दफा १४० को उपदफा (१) को देहाय खण्ड (छ) बमोजिमको कसुर गरेको तथ्य पुष्टि हुन आएको देखिँदा उल्लेखित **प्रतिवादीहरु चन्द्रशेखरन रामामूर्ति र उपासना पौडेल र मनिष कुमारलाई बिगो रु.२३,९२,०५,०६४।१०** कायम गरी ऐ.

ऐनको दफा १४१ को उपदफा (३) बमोजिम बिगो जफत गरी ऐ.ऐ.को खण्ड (घ) बमोजिम जनही सजाय हुन मागदावी लिईएको छ।

प्रस्तुत सम्बद्ध कसुरका रोहबाट **प्रतिवादीहरु चन्द्रशेखरन रामामूर्ति र उपासना पौडेल र मनिष कुमारको हकमा** सम्पत्ति शुद्धीकरणको कसुरतर्फ लिनु पर्ने दावीतर्फ हेर्दा, बीमकको रकम दुरुपयोग एवं आर्थिक हिनामिना गर्ने उद्देश्यले दिपक भट्टको योजनामा विवादको एलियण्ट इन्स्योरेन्स ब्रोकर्समा बीमकको रकम दुरुपयोग गरी प्राप्त गरेको रकमलाई अर्थात कसुरबाट प्राप्त रकम हो भन्ने जानीजानी त्यस्तो रकमलाई कम्पनीको आवरणमा ब्रोकरको कमिशन शुल्क भनी प्रतिवादी दिपक भट्टको लाभका लागि हुँदै नभएको झुठा व्यहोरा खडा गरी गराई हिमालयन रिइन्स्योरेन्सको जीवन बीमातर्फको पुनर्बिमा कमिशन भनी रु.२३,९२,०५,०६४।१०फर्जी लेखांकन गरी आवरणमा ब्रोकर कमिशन देखाई सो रकमको स्रोत, स्वरुप र प्रकृति, अधिकार, स्वामित्व परिवर्तन गरी गराई माथि विश्लेषण खण्डमा तालिकामा उल्लेखित चरणहरु बमोजिम प्रतिवादीहरु **चन्द्रशेखरन रामामूर्ति र उपासना पौडेल र मनिष कुमारले** सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३ को उपदफा (१) को खण्ड (क), खण्ड (ख) र खण्ड (ग) ले निषेधित कार्यहरु गरी गराई ऐ.उपदफा (३) को सम्पत्ति शुद्धीकरणको कसुर गरेको तथ्य पुष्टि हुन आएकाले प्रतिवादीहरुलाई कुल बिगो रु.**२३,९२,०५,०६४।१०** कायम गरी सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३० को उपदफा (१) बमोजिम जनही सजाय हुनका साथै प्रतिवादीहरु कसुर गर्दाका बखत सुचक संस्थाको कर्मचारी रहेको देखिँदा निजहरुलाई उपरोक्त बमोजिम हुने सजायमा ऐ. उपदफा (७) बमोजिमको थप सजायको समेत मागदाबी लिईएको छ।

**३. हिमालयन रिइन्सुरेन्सका तत्कालीन सञ्चालक समितिका शेखर गोल्छा, सदस्यहरु रोहित गुप्ता, साहिल अग्रवाल, अमित मोर, सुभाष कुमार झुनझुनवाला, शुभेच्छा खरेल, राजिव मोर र साक्षी बंशल गुप्ताको हकमा**

प्रतिवादीहरुले हिमालयन रिइन्सुरेन्स कम्पनी लि. को कोषको रकम दुरुपयोग गर्न भृकुटी स्टक ब्रोकिङ कम्पनी प्रा.लि. (ब्रोकर नं. ५५) लाई प्रयोग गरेको सम्बन्धी कसुर मुद्दाकै निरन्तर श्रृंखलाको रुपमा प्रतिवादीहरुले प्रस्तुत कारोबार समेत गरेको देखिन्छ। सोही बमोजिम हिमालयन रिइन्सुरेन्सको स्थापना भएदेखि नै बीमकको कोषको रकम दुरुपयोग गरी लगानी गर्ने एवं विभिन्न आफू अनुकुलका उपायहरु अवलम्बन गरी कसुरबाट प्राप्त रकम शुद्धीकरण गर्ने समेतका कार्य कसुर प्रतिवादीहरुले गरेको देखिन्छ। मौकामा बयानका क्रममा प्रतिवादी सुभाष कुमार झुनझुनवालाले हिमालयन रिइन्सुरेन्स र एलियण्ट ब्रोकर्स प्रा.लि र उल्लेखित विभिन्न जीवन बीमा कम्पनीले गरेका कारोबारको सन्दर्भमा सम्पूर्ण जिम्मेवारी प्रमुख कार्यकारी तथा व्यवस्थापनको हो। म सो व्यवस्थापनमा संलग्न नरहेको, अन्तिम हिताधिकारी दिपक भट्ट रहने गरी स्थापित एलियण्ट इन्स्योन्स ब्रोकर्स प्रा.लि. लाई हुँदै नभएको जीवनबीमा पुनर्बीमा कम्पनीको कारोबारको कमिशन शीर्षकमा रु. २३ करोड ९२ लाख भुक्तानी गरिएको विषयमा मलाई जानकारी थिएन भन्ने समेतका व्यहोरा लेखाएको देखिन्छ। प्रतिवादीहरुले सञ्चालक समितिको कुनै पनि भूमिका एवं जिम्मेवारी नै नभएको जिकीर लिएतापनि बीमा ऐन, २०७९ को दफा ५३ को उपदफा (१) मा बीमकको साधारण सभाबाट हुने काम वाहेक यो ऐन र यस ऐन अन्तर्गत बनेका नियम वा विनिमय, जारी भएका निर्देशन, आदेश, प्रबन्धपत्र, नियमावली र अन्य प्रचलित कानूनको अधिनमा रही बीमकको सम्पूर्ण काम, कर्तव्य र अधिकार सञ्चालक समितिमा निहित रहनेछ भन्ने व्यवस्था भएको देखिँदा सञ्चालक

समितिका पदाधिकारीहरुले रकम हिनामिना भएको भन्ने थाहा जानकारी नभएको भनी कसूरबाट उन्मुक्ति मिल्ने अवस्था देखिंदैन।

सारभूत कानुनमा नै सञ्चालक समितिको काम, कर्तव्य र जिम्मेवारी निर्धारण भए बमोजिमका कार्यहरु नगरी जिम्मेवारी नभएको भन्ने व्यहोराको बयान गरेको अवस्था देखिन्छ । सञ्चालक समितिका पदाधिकारीहरुको समितिले हिमालयन रिइन्स्योरेन्सबाट भएका सबै आर्थिक एवं प्रशासनिक कार्यहरुलाई एकमुष्ट रुपमा अनुमोदन गरी बैठक नं. ३८ मितिः २०८०/५/१२ गतेको बैठकबाट आ.व.२०७९/८० को वित्तीय विवरण स्वीकृत गर्ने, बैठक संख्या ५६ मितिः २०८०/१०/२६ को बैठकबाट बार्षिक प्रतिवेदन स्वीकृत गर्ने, बैँठक संख्या ७२ मितिः २०८२/२/१ बाट आ.व. २०८०/८१ को बार्षिक प्रतिवेदन र सञ्चालक समितिको प्रतिवेदन समेत स्वीकृत गर्ने भन्ने निर्णय भएको देखिँदा र प्रतिवादी दिपक भट्टको लाभका लागि हुँदै नभएको झुठा व्यहोरा खडा गरी हिमालयन रिइन्स्योरेन्सको जीवन बीमा तर्फको पुनर्बिमा कमिशन भनी रु. २३,९२,०५,०६४।१० फर्जी लेखांकन गरी बीमकको कोष दुरुपयोग गरी भएको खर्च समेत उल्लेखित बैँठकका निर्णयहरुबाटै अनुमोदित भई कसुरलाई ढाकछोप गर्ने अवस्था र परिस्थिति समेत यीनै प्रतिवादीहरुको कार्यबाट भएको देखिएबाट प्रतिवादीहरु शेखर गोल्छा, सदस्य रोहित गुप्ता, साहिल अग्रवाल, अमित मोर, सुभाष कुमार झुनझुनवाला, शुभेच्छा खरेल, राजिव मोर र साक्षी बंशल गुप्ताले बीमा ऐन, २०७९ को दफा १४० को उपदफा (१) को देहाय खण्ड (छ) बमोजिमको कसुर गरी सो कसुरबाट प्राप्त रकमको गैरकानुनी स्रोत छल्ने, लुकाउने, स्वरुप परिवर्तन, अधिकार र स्वामित्व समेत परिवर्तन गरी गराई सम्पत्ति शुद्धीकरणको कसुर गरेको देखिँदा उल्लेखित प्रतिवादीहरु उपर बीमा ऐन, २०७९ को दफा १४० को उपदफा (१) को देहाय खण्ड (छ) बमोजिमको कसुर गरेको तथ्य पुष्टि हुन आएको देखिँदा प्रतिवादीहरुलाई बिगो रु.२३,९२,०५,०६४।१० कायम गरी ऐ. ऐनको दफा १४१ को उपदफा (३) बमोजिम बिगो जफत गरी ऐ.ऐ.को खण्ड (घ) बमोजिम जनही सजाय हुन मागदावी लिईएको छ।

प्रस्तुत सम्बद्ध कसुरका रोहबाट **प्रतिवादीहरु शेखर गोल्छा, सदस्यहरु रोहित गुप्ता, साहिल अग्रवाल, अमित मोर, सुभाष कुमार झुनझुनवाला, शुभेच्छा खरेल, राजिव मोर र साक्षी बंशल गुप्ताको हकमा** सम्पत्ति शुद्धीकरणको कसुरतर्फ लिनु पर्ने दावीतर्फ हेर्दा, बीमकको रकम दुरुपयोग एवं आर्थिक हिनामिना गर्ने उद्देश्यले प्रतिवादी दिपक भट्टको योजनामा विवादको एलियण्ट इन्स्योरेन्स ब्रोकर्समा बीमकको रकम दुरुपयोग गरी प्राप्त गरेको रकमलाई अर्थात कसुरबाट प्राप्त रकम हो भन्ने जानीजानी त्यस्तो रकमलाई कम्पनीको आवरणमा ब्रोकरको कमिशन शुल्क भनी प्रतिवादी दिपक भट्टको लाभका लागि हुँदै नभएको झुठा व्यहोरा खडा गरी गराई हिमालयन रिइन्स्योरेन्सको जीवन बीमातर्फको पुनर्बिमा कमिशन भनी रु.२३,९२,०५,०६४।१०फर्जी लेखांकन गरी आवरणमा ब्रोकर कमिशन देखाई सो रकमको स्रोत, स्वरुप र प्रकृति, अधिकार, स्वामित्व परिवर्तन गरी गराई माथि विश्लेषण खण्डमा तालिकामा उल्लेखित चरणहरु बमोजिम सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३ को उपदफा (१) को देहाय खण्ड (क), खण्ड (ख) र खण्ड (ग) ले निषेधित कार्यहरु गरी गराई ऐ.उपदफा (३) को सम्पत्ति शुद्धीकरणको कसुर गरेको तथ्य पुष्टि हुन आएको देखिँदा प्रतिवादीहरु शेखर गोल्छा, सदस्यहरु रोहित गुप्ता, साहिल अग्रवाल, अमित मोर, सुभाष कुमार झुनझुनवाला, शुभेच्छा खरेल, राजिव मोर र साक्षी बंशल गुप्तालाई रु. २३,९२,०५,०६४।१० बिगो कायम गरी सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३० को उपदफा (१) बमोजिमको सजाय हुनका साथै प्रतिवादीहरु कसुर गर्दाका बखत सुचक

संस्थाको पदाधिकारी रहेको देखिँदा निजहरुलाई उपरोक्त बमोजिम हुने सजायमा ऐ. ऐनको दफा ३० को उपदफा (७) बमोजिमको थप सजायको समेत मागदाबी लिईएको छ।

४. **प्रतिवादीहरु अन्जना नेपाल, एलियण्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि.का प्रमुख कार्यकारी अधिकृत सुधीर कुमार मल्लिक, आयुष्मा नेपाल भट्टको हकमाः**

प्रतिवादी दिपक भट्टको योजनामा आरोपीमध्येका प्रतिवादी अन्जना नेपालले बीमकको रकम दुरुपयोग एवं आर्थिक हिनामिना गर्ने उद्देश्यले एलियण्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि. भन्ने विवादित संस्था स्थापना गरी सो संस्थाको सञ्चालक भई प्रतिवादी दिपक भट्ट एकल संचालक रहेको कम्पनी ईन्फिनिटी होल्डिङ्स हिमालयन रिईन्स्योरेन्सको आधारभूत शेयरधनी समेत रहेकोमा सोही बीमकको रकम दुरुपयोग गरी प्राप्त गरेको रकम अर्थात कसुरबाट प्राप्त रकम हो भन्ने जानीजानी त्यस्तो रकमलाई कम्पनीको आवरणमा ब्रोकरको कमिशन शुल्कमा रुपान्तरण गरी गराई प्रतिवादी दिपक भट्टको लाभका लागि कार्य गरेको देखिन आएकोमा प्रतिवादीहरु अन्जना नेपाल, एलियण्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि.का प्रमुख कार्यकारी अधिकृत सुधीर कुमार मल्लिक र आयुष्मा नेपाल भट्ट समेतको संलग्नतामा एलियण्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि. को आय विवरण दाखिला गरी उक्त कसुरबाट प्राप्त रकमबाट अन्जना नेपालले लाभांश पाउने घोषणा गर्न लगाई क्रमिक रुपमा अन्जना नेपाल, आयुष्मा नेपाल भट्ट र दिपक भट्ट समेतको खातामा रकम ट्रान्सफर गरी गराई यस कार्यका लागि हुँदै नभएको झुठा व्यहोरा खडा गरी हिमालयन रिइन्स्योरेन्सको जीवन बीमा तर्फको पुनर्बिमा कमिशन भनी रु. २३,९२,०५,०६४।१० फर्जी लेखांकन गरी आवरणमा ब्रोकर कमिशन देखाई सो रकमको स्रोत, स्वरुप र प्रकृति, अधिकार, स्वामित्व परिवर्तन गरी गराई माथि विश्लेषण खण्डमा तालिकामा उल्लेखित चरणहरु बमोजिम समेत गरेको देखिएबाट निज प्रतिवादीहरु **अन्जना नेपाल, सुधीर कुमार मल्लिक र आयुष्मा नेपाल भट्ट**ले बीमा ऐन, २०७९ को दफा १४० को उपदफा (१) को देहाय खण्ड (छ) को कसुर समेत गरी सो कसुरबाट प्राप्त रकमको गैरकानुनी स्रोत छल्ने, लुकाउने, स्वरुप परिवर्तन, अधिकार र स्वामित्व समेत परिवर्तन गरी गराई सम्पत्ति शुद्धीकरणको कसुर गरेको देखिँदा सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ बमोजिमको समेत कसूर गरेकोमा निज प्रतिवादीहरु **अन्जना नेपाल, सुधीर कुमार मल्लिक र आयुष्मा नेपाल भट्ट** उपर बीमा ऐन, २०७९ को दफा १४० को उपदफा (१) को खण्ड (छ) बमोजिमको कसुर गरेको तथ्य पुष्टि हुन आएको देखिँदा निज प्रतिवादीहरुलाई बिगो रु.२३,९२,०५,०६४।१० कायम गरी ऐ. ऐनको दफा १४१ को उपदफा (३) बमोजिम बिगो जफत गरी ऐ. ऐनको दफा १४१ को उपदफा (३) को खण्ड (घ) बमोजिम सजाय हुन मागदावी लिईएको छ।

प्रस्तुत सम्बद्ध कसुरका रोहबाट सम्पत्ति शुद्धीकरणको कसुरतर्फ लिनु पर्ने दाबीतर्फ हेर्दा, आरोपीमध्येका अन्जना नेपाल बीमकको रकम दुरुपयोग एवं आर्थिक हिनामिना गर्ने उद्देश्यले आफ्नो ज्वाई दिपक भट्टको योजनामा विवादको एलियण्ट इन्स्योरेन्स ब्रोकर्सको सञ्चालक भई बीमकको रकम हिनामिना गरी प्राप्त गरेको रकम कसुरबाट प्राप्त रकम हो भन्ने जानीजानी त्यस्तो रकमलाई कम्पनीको आवरणमा ब्रोकरको कमिशन शुल्कमा रुपान्तरण गरी गराई अन्ततः प्रतिवादी दिपक भट्टको लाभका लागि कार्य गरेको देखिन आएको, आरोपीहरुले यस कार्यका लागि हुदै नभएको झुठा व्यहोरा खडा गरी हिमालयन रिइन्स्योरेन्सको जीवन बीमा तर्फको पुनर्बिमा कमिशन भनी रु. २३,९२,०५,०६४।१० फर्जी लेखांकन गरी आवरणमा ब्रोकर कमिशन देखाई सो रकमको स्रोत, स्वरुप र प्रकृति, अधिकार, स्वामित्व परिवर्तन गरी गराई माथि विश्लेषण खण्डमा तालिकामा उल्लेखित चरणहरु बमोजिम समेत

सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३ को उपदफा (१) को देहाय खण्ड (क), खण्ड (ख) र खण्ड (ग) ले निषेधित कार्यहरु गरी गराई ऐ. उपदफा (३) बमोजिमको सम्पत्ति शुद्धीकरणको कसुर गरेको तथ्य पुष्टि हुन आएको देखिँदा प्रतिवादीहरु **अन्जना नेपाल, सुधीर कुमार मल्लिक र आयुष्मा नेपाल भट्ट**लाई रु. २३,९२,०५,०६४।१० सम्पत्ति बिगो कायम गरी शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३० को उपदफा (१) बमोजिमको सजाय हुन मागदाबी लिईएको छ।

५. **प्रतिवादी मनोज कुमार अग्रवालका हकमाः**

आरोपी अञ्जना नेपालले एलियन्ट इन्स्योरेन्स ब्रोकर्स प्रा. लि.मा पुँजी लगानी गर्ने समयमा कम्पनीको नाउँमा कुनै रकम जम्मा गरेको देखिदैन। कम्पनीको नाँउमा आएको रकमको स्रोत समेत यकिन नगरी पुँजी कायम गरी दिई कम्पनीलाई कसुरमा प्रयोग हुन सक्ने वातावरण बनाई दिएको देखिन्छ। आरोपी मनोज कुमार अग्रवालले एलियण्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि. को नाममा नेपाल इन्भेष्टमेन्ट बैंकमा रहेको नम्बर ००१०१०१०३४३०७७ को खातामा मिति २०७८/१२/२२ जम्मा गरेको रु. २,४०,००,००० । – बाट नै निज अञ्जना नेपाल आफ्नो शेयर पूँजीको स्रोत खुलाउन नसक्ने कुरा निजलाई थाहा हुँदाहुँदै यिनै आरोपीले एलियण्टको खातामा जम्मा गरेको रकमबाटै अन्जना नेपालका नाउँमा शेयरपूँजी कायम भएको देखिन्छ । निज अञ्जना नेपालले यी आरोपीलाई कुनै रकम फिर्ता गरेको समेत देखिदैन । विवादको एलियण्टको स्थापना नै हिमालयन रिइन्स्योरेन्स लि. को रकम दुरुपयोग गरी सोबाट प्राप्त लाभ दिपक भट्टसम्म पुऱ्याउने दुषित मनसायले रकम दुरुपयोग गरेको देखिन्छ । यसरी कसुरमा प्रयोग हुन सक्ने वा नसक्ने तर्फ इजाजत दिंदाका बखत नै यकिन गर्नु पर्नेमा सो भए गरेको नदेखिँदा नियामक निकायले समेत कसुर गर्ने अवस्था र परिस्थिति निर्माण गरी यी आरोपीले विवादको एलियण्टको खातामा जम्मा गरेको रु. २,४०,००,०००।– जम्मा गरेको सोही रकम नै अन्जना नेपालले पुनः कसुरजन्य कार्यमा प्रयोग गरी सम्पत्ति शुद्धीकरणको कसुर गरेको देखिँदा यी आरोपी मनोज कुमार अग्रवालले सम्पत्तिको गैरकानुनी स्रोत लुकाउन एवं कसुरमा संलग्न पक्षलाई कानुनी कारवाहीबाट बचाउन सहयोग गर्ने उद्देश्यले कसुरबाट प्राप्त सम्पत्तिको सही प्रकृति, स्रोत र स्वरुप लुकाउन छल्न रकम नै लगानी गरी सहभागी भएको तथ्य स्थापित हुन आयो।

अञ्जना नेपालले एलियन्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि.मा पुँजी लगानी गर्ने समयमा कम्पनीको नाउँमा कुनै रकम जम्मा गरेको देखिदैन। कम्पनीको नाँउमा आएको रकमको स्रोत समेत यकिन नगरी पुँजी कायम गरी दिई कम्पनीलाई कसुरमा प्रयोग हुन सक्ने वातावरण बनाई दिएको देखिन्छ। आरोपी मनोज कुमार अग्रवालले एलियण्ट इन्स्योरेन्सको खातामा जम्मा गरेको रु.२,४०,००,०००।–का हकमा बयान गर्दा मैले मृदुला सरियासँग रकम लिएकोमा पछि निजले रकम एलियण्ट इन्स्योरेन्स ब्रोकर्सको खातामा जम्मा गरी दिनु भनी भनेकाले मैले त्यो रकम एलियण्टको खातामा जम्मा गरी दिएको हुँ। त्यसपछिको कारोबार मलाई थाहा छैन भन्ने समेतका व्यहोरा खुलाई लेखाई दिएको देखिन्छ । निज मनोज कुमार अग्रवाल आफूले मृदुला सरियासँग के कुन मितिमा के कस्तो प्रयोजनका लागि के कुन माध्यमबाट रकम लिएको हो भन्ने कुराको तथ्ययुक्त प्रमाण पेश गरी आफ्नो कारोबारको विश्वस्तता स्थापित गराई बयानलाई थप समर्थित गराउन सकेको देखिदैन। अनुसन्धानका क्रममा निज मनोज कुमार अग्रवाल र मृदुला सरीया समेतका बैंक खाताको विवरण अध्ययन गर्दा निजहरु वीच उक्त विवादको रु. २,४०,००,०००।– लेनादेना भएको समेत देखिदैन।

आरोपी मनोज कुमार अग्रवालले जम्मा गरेको रकमबाटै आरोपी अञ्जना नेपालको नाममा विवादको एलियन्ट ईन्स्योरेन्स ब्रोकर्स प्रा.लि. मा शुरु शेयरपूँजी कायम भएको देखिन्छ । निज अञ्जना नेपालले यी आरोपीलाई उक्त रकम फिर्ता गरेको समेत देखिदैन। विवादको एलियण्टको स्थापना नै हिमालयन रिइन्स्योरेन्स लि. को रकम दुरुपयोग गरी सोबाट प्राप्त लाभ दिपक भट्टसम्म पुऱ्याउने दुषित मनसायले गरेको देखिन्छ। यसरी कसुरमा प्रयोग हुन सक्ने वा नसक्ने तर्फ इजाजत दिँदाका बखत नै यकिन गर्नु पर्नेमा सो भए गरेको नदेखिँदा नियामक निकायले समेत कसुर गर्ने अवस्था र परिस्थिति निर्माण गरिदिएको देखिन्छ ।

उक्त एलियण्ट ब्रोकर्स प्रा.लि.लाई व्यावसायिक इजाजत दिने कानुनी जिम्मेवारी नेपाल बीमा प्राधिकरणको रहे भएको देखिन्छ। उक्त प्राधिकरणले नियमनकारी निकायको हैसियतले बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका तथा सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को व्यवस्था विपरीत उपयुक्तताको परीक्षण र मापन गरेको देखिदैन। निज मनोज कुमार अग्रवालले एलियण्टको खातामा जम्मा गरेको रकमको विवरण यसप्रकार रहेको देखिन्छ।

**Account no** **00101010343077( NPR)**

**Name:** **ALLIANT INSURANCE BROKERS PVT.LTD**

| **Tran Date** | **Particulars** | **Debit** | **Credit** |
|---|---|---|---|
| 3/27/2022 | TRF FRM MRIDULA SARIA- | | 2,40,00,000.00 |
| 3/28/2022 | OWCLG CHQ#46967584 FROM EVEREST BANK LTD- | | 20,00,000.00 |
| 4/5/2022 | MANOJ KUMAR AGRAWAL CHQNO#3017453167- | | 2,40,00,000.00 |

यी प्रतिवादीले विवादको एलियण्टको खातामा जम्मा गरेको रु. २,४०,००,०००।– सोही रकम नै अन्जना नेपालले पुनः कसुरजन्य कार्यमा प्रयोग गरी सम्पत्ति शुद्धीकरणको कसुर गरेको देखिँदा यी आरोपी मनोज कुमार अग्रवालले सम्पत्तिको गैरकानुनी स्रोत लुकाउन एवं कसुरमा संलग्न पक्षलाई कानुनी कारवाहीबाट बचाउन सहयोग गर्ने उद्देश्यले कसुरबाट प्राप्त सम्पत्तिको सही प्रकृति, स्रोत र स्वरुप लुकाउन छल्न सहयोग र सहजीकरण गरी रकम लगानी समेत गरी सहभागी भएको साथै कसूरमा संलग्न प्रतिवादी दिपक भट्टको लगानीलाई लुकाउन प्रतिवादी दिपक भट्टको रकमबाट आफ्नो कम्पनी फक्स ट्राभल एण्ड टुर्स प्रा.लि.को नाममा गाडी किनी सो गाडी भने प्रतिवादी दिपक भट्टलाई नै प्रयोग गर्न दिई सहजीकरण गरेको तथ्य स्थापित भई सम्पत्ति शुद्धीकरणको कसुरको मतियार भई कसूर गरेको तथ्य स्थापित हुन आएको देखिँदा निजलाई बिगो रु.२,४०,००,०००।-(दुई करोड चालिस लाख रुपैंया) कायम गरी सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३ को उपदफा (१) को खण्ड (क), खण्ड (ख) र खण्ड (ग) बमोजिमको कसूर गर्नको लागि मद्दत तथा सहजीकरण गरी ऐ. ऐनको दफा (३) को उपदफा (२) बमोजिमको कसूर गरेको देखिंदा ऐ. ऐनको दफा ३० को उपदफा (२) बमोजिम मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुन मागदाबी लिईएको छ।

**६. प्रतिवादी मृदुला सरियाका हकमा**

अनुसन्धानका क्रममा निज प्रतिवादी मृदुला सरियाको घटना विवरण कागज गरेको देखिएकोमा निय यस बिमा सम्बन्धी कसूर र सम्पत्ति शुद्धीकरण कसूरमा संलग्न देखिएबाट निजलाई अनुसन्धानको क्रममा प्रतिवादी

कायम गरेको देखिन्छ।  निजले म एलियण्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि. स्थापना हुँदाका बखतको सञ्चालक हुँ। उक्त कम्पनीमा मेरो रु. २ करोड ४० लाख रुपैया लगानी रहेकोमा मैले २०७९/१२/३० मा उक्त मेरो नामको सम्पूर्ण शेयर सोही कम्पनीका अर्का शेयरधनी एवं सञ्चालक अन्जना नेपाललाई रु. २ करोड ४० लाख मा नै विक्री गरी उक्त कम्पनीबाट म अलग भएको हो। हिमालयन रिइन्स्योरेन्सबाट वीमा व्यावसाय तर्फको कमिशन वापत रकम आउने गरेको सम्म थाहा छाके कति रकम आयो भन्ने बारेमा मलाई सबै विवरण थाहा छैन। मैले माथि खुलाए बमोजिम मिति २०७९/१२/३० बाट कम्पनी नै छाडेकाले सबै विवरण थाहा नभएको हो भन्ने समेतका व्यहोरा खुलाई लेखाई दिएको देखिएता पनि मिसिल संलग्न नेपाल इन्भेष्टमेन्ट मेगा बैंकको मिति २०८३/३/४ गतेको पत्रबाट एलियण्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि.को खाता नं. ००१०१०१०३४३०७७ को खाता सुचारु भएदेखि हालसम्म मृदुला सरीयाको एकल हस्ताक्षरबाट सञ्चालन भएको भन्ने समेतका व्यहोरा लेखिआएको देखिँदा निजले आफुले कम्पनी छाडेको भन्ने व्यहोरा झुठा देखिन आयो।

यी प्रतिवादीको कसुरमा संलग्नतातर्फ हेर्दा एलियण्ट इन्स्योरेन्सका नाउँको खाता सञ्चालन गरी विवादको हिमालयन रिइन्सुरेन्स कम्पनी लि. को कोषको रकम दुरुपयोग गर्न भृकुटी स्टक ब्रोकिङ कम्पनी प्रा.लि. (ब्रोकर नं. ५५) लाई प्रयोग गरेको सम्बन्धी कसुर मुद्दाकै निरन्तर श्रृंखलाको रुपमा प्रतिवादीहरुले प्रस्तुत कारोबार समेत गरेको देखिन्छ। सोही बमोजिम वीमकको कोषको रकम दुरुपयोग गरी लगानी गर्ने एवं विभिन्न आफु अनुकुलका उपायहरु अवलम्बन गरी कसुरबाट प्राप्त रकम शुद्धीकरण गर्ने कार्यका लागि एलियण्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि. समेत प्रयोग भएको अबस्था देखिन्छ। यसरी कसुरबाट प्राप्त सम्पत्तिको दीर्घकालीन रुपान्तरण एवं व्यवस्थापनका लागि प्रतिवादी दिपक भट्ट वास्तविक धनी भई संस्थापित यस कम्पनीमा यी प्रतिवादी मृदुला सरीया सञ्चालकको रुपमा रही खाता समेत सञ्चालन गरी उक्त एलियण्टबाट आफ्नै नाउँको खातामा विभिन्न मितिमा यी प्रतिवादीले रु. २२,०३,९८,८२०।- रकम समेत लगी पछि पुनः सो रकम एलियण्टलाई नै फिर्ता गरेको देखिएको समेतका तथ्यगत अवस्था एवं आधार र कारणबाट यी प्रतिवादीले बीमक हिमालयन रिइन्स्योन्सको रकम दुरुपयोग गरी गराई बीमा ऐन, २०७९ को दफा १४० को उपदफा (१) को देहाय खण्ड (छ) को कसुर गरेको देखिँदा निज प्रतिवादी मृदुला सरियालाई बिगो रु.२१,१५,००,०००।– कायम गरी ऐ. ऐनको दफा १४१ को उपदफा (३) बमोजिम बिगो जफत गरी ऐ. ऐनको दफा १४१ को उपदफा (३)को  खण्ड (घ) बमोजिम सजाय हुनका मागदाबी लिईएको छ।

साथै, सम्पत्ति शुद्धीकरणतर्फ हेर्दा उल्लेखित रकम रु.२१,१५,००,०००।– प्रतिवादी अन्जना नेपालले लिएको चेकमा यी नै प्रतिवादीले दस्तखत गरेको देखिन्छ। वित्तीय कारोबारमा संलग्न भई सो रकमको उत्पत्ति कसुरबाट प्राप्त भएको देखिएको साथै तह-तह हस्तान्तण गर्दा समेत निजको संलग्नता रहेको देखिएबाट यी प्रतिवादीले समेत कसुरबाट प्राप्त रकमलाई कमिशनको आवरणमा फर्जी लेखांकन समेतको परिपञ्च मिलाई सो रकमलाई एलियण्टले प्रतिवादी अन्जना नेपाललाई दिएको लाभांश भन्ने समेतका झुठा व्यहोरा खडा गरी कसुरबाट प्राप्त सम्पत्ति हो भन्ने जानीजानी एवं तह-तह त्यस्तो रकमको गैरकानुनी स्रोतको रुपान्तरण मार्फत सम्पत्तिको गैरकानुनी स्रोत छल्ने, लुकाउने, स्वरुप परिवर्तन, अधिकार र स्वामित्व समेत परिवर्तन गरी गराई सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३ को उपदफा (१) को देहाय खण्ड (क), खण्ड (ख) र खण्ड (ग) ले निषेधित कार्यहरु गरी गराई ऐ. उपदफा (३) बमोजिमको सम्पत्ति शुद्धीकरणको कसुरको कसुर गरेको तथ्य पुष्टि भएकाले प्रतिवादी मृदुला सरियालाई कुल बिगो रु.२१,१५,००,०००।– कायम गरी सम्पत्ति शुद्धीकरण (मनी

लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३० को उपदफा (१) बमोजिम बिगोको दोब्बर जरिवाना र कसुरको मात्रा अनुसार कैद सजाय हुन मागदाबी लिईएको छ।

**७. प्रतिवादी एलियन्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि.का हकमा हेर्दा**

एलियण्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि. का सञ्चालक अध्यक्ष अन्जना नेपाल र प्रमुख कार्यकारी अधिकृत सुधिर कुमार मल्लिक समेतको संलग्नतामा एलियण्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि.को आय विवरण दाखिला गरी गराई उक्त कसुरबाट प्राप्त रकमबाट अन्जना नेपालले लाभांश पाउने घोषणा गर्न लगाई क्रमिक रुपमा अन्जना नेपाल, आयुष्मा नेपाल भट्ट र दिपक भट्ट समेतको खातामा रकम ट्रान्सफर गरी गराई बीमकको आर्थिक दुरुपयोग एवं हिनामिना भएको देखिन्छ।

अनुसन्धानका क्रममा बुझ्दा पुर्नबीमा ब्रोकर एलियन्ट इन्स्योरेन्स ब्रोकर्ससँग कुनै सम्झौता वा कारोबार नगरेको, जीवन बीमाको व्यवसायको reinsurance गर्न कुनै पनि ब्रोकेजको आवश्यकता नपर्ने भन्ने समेतका व्यहोरा खुलाई लेखाई दिई बुझिएका बीमकहरुका कार्यकारीहरु पवन कुमार खड्का, सन्तोष प्रसाई, सुरेश प्रसाद खत्री, दिपेश बाबु तिवारी, कवि फुयाल, प्रकाश विक्रम खत्री, शिवनाथ पाण्डे, र सुन्दर पन्थी समेतले एकै मिलानका व्यहोराको कागज गरिदिएको देखिँदा हिमालयन रिईन्स्योरेन्सले हुँदै नभएको कारोबारलाई सद्दे बनाई पेश्की वापत रकम दिई, पेश्की के कुन कामका लागि दिने हो भन्ने समेत कुनै थाहा जानकारी विना अनिश्चित कामका लागि पेश्की शीषर्कमा एलियण्टलाई रकम दिई पछि सिटिजन लाइफ समेतका बीमकको पुनर्बिमाको जोखिमको प्लेसमेन्ट गरेको भन्ने झुठा व्यहोरा खडा गरी गराएको तथ्य मिसिल संलग्न नेपाल बीमा प्राधिकरणको छानबीन प्रतिवेदन समेतबाट पुष्टि हुन आएको देखिँदा निजहरुले बीमक हिमालयन रिइन्स्योन्सको रकम दुरुपयोग गरी गराई बीमा ऐन, २०७९ को दफा १४० को उपदफा (१) को देहाय खण्ड (छ) को कसुर समेत गरी सो कसुरबाट प्राप्त रकमको कारोबार नै यसै कानुनी व्यक्ति मार्फत भई धुलाई मेसिन (Laundromat) को रुपमा प्रयोग गरी त्यस्तो कसुरबाट प्राप्त रकममा लाभकर एवं अन्य कर समेत चुक्ता गरी प्रतिवादी अन्जना नेपाल मार्फत आयुष्मा भट्ट नेपाल र तत्पश्चात प्रतिवादी दिपक भट्टले नै आफ्नो खाता मार्फत प्राप्त गरी सम्पत्तिको गैरकानुनी स्रोत छल्ने, लुकाउने, स्वरुप परिवर्तन, अधिकार र स्वामित्व समेत परिवर्तन गरी गराई सम्पत्ति शुद्धीकरणको कसुर गरेको तथ्य पुष्टि भएकाले प्रतिवादीलाई कुल बिगो रु.२१,१५,००,०००।– कायम गरी सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३० को उपदफा (८) को खण्ड (क) बमोजिम सजाय हुन मागदावी लिईएको छ।

**८. प्रतिवादी सुर्यप्रसाद सिलवालका हकमाः**

यी आरोपीले अनुसन्धानका क्रममा बयान गर्दा नेपाल बीमा प्राधिकरणको अध्यक्षको हैसियतले पेश भएको व्यहोरा सदर गरी, नेपालमा पुर्नबीमाको ब्रोकरको काम गर्ने कम्पनी नभएकाले स्वीकृति दिएको हो। इजाजतपत्र दिनु अघि Fit and proper test अनिवार्य रुपमा गरिन्छ। सोका लागि सम्बन्धित शाखाले सम्पुर्ण विवरण भिडाई तह, तह हुँदै इजाजत पत्र दिनको लागि पेस भएपछि निर्णय हुने हुन्छ। प्रस्तुत विषयमा इजाजत पत्र प्राप्त कर्ताको बैंक स्टेटमेन्ट र सम्बन्धित विवरण आवश्यक हुन्छ। यी सबै Screening हरु सम्बन्धित शाखाबाट सम्पन्न हुन्छ र तदनुरुपको काम सम्पन्न भई पेश भएपछि निर्णय हुन्छ। यीनै चरणहरु पार गरी पेश भएपछि अन्तिम निर्णय भएको हो। कम्पनी दर्ता कम्पनी रजिष्टारको कार्यालयमा भएपछि मात्र कम्पनीको नाममा इजाजतपत्र जारी हुन्छ। इजाजतको लागि आवश्यक रकम प्राप्त भएको हेरेर शाखाबाट तहतह हुँदै निर्णयमा पुगेको हुँदा अन्यथा केही गरेको

छैन भन्ने समेतका व्यहोराको बयान गरेको देखिएता पनि यी आरोपीको प्रस्तुत कसुर हुँदाका बखतको कानुनी हैसियत हेर्दा नियामक नेपाल बीमा प्राधिकरणको कार्यकारी अध्यक्षमा रहेको देखिन्छ।

पुनर्बीमा दलाल (ब्रोकर) सम्बन्धी निर्देशिका, २०७८ को दफा ६ को देहाय खण्ड (ङ) मा दफा ३ बमोजिमको पुँजी बैँक खातामा जम्मा गरेको पुष्टि गर्ने निस्सा इजाजत दिँदाका बखत नेपाल बीमा प्राधिकरणले हेरी यकीन गरी ठिक दुरुस्त रहे वा नरहेको तर्फ विचार गर्नु पर्नेमा अन्जना नेपालका नाउँबाट रकम जम्मा भएको कुनै निस्सा नै पेश नभई उद्देश्य र प्रयोजन समेत नखुलाई आरोपी मनोज कुमार अग्रवालले एलियण्टको खातामा जम्मा गरेको रकम रु. २ करोड ४० लाख नै अन्जना नेपालको रकम हो भन्ने अर्थ गरी बैँक वित्तीय संस्था सरह ग्राहक पहिचान गर्ने वा उपयुक्तताको मापन गर्ने अख्तियारी आफ्नो होइन भन्ने सरह अर्थ गरी को कस्का नाउँबाट कम्पनीको खातामा के कस्तो प्रयोजनका लागि रकम जम्मा भएको भन्ने तर्फ कुनै यकिन नगरी सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ७प. र ७फ. बमोजिम नियामकको हैसियतले गर्नु पर्ने काम नगरी विवादको एलियण्टलाई इजाजत दिने कार्य गरी सो कम्पनी कसुरमा प्रयोग भएको देखिन आएको एवं उक्त कार्य गर्ने क्रममा पुनर्बीमा दलाल (ब्रोकर) सम्बन्धि निर्देशिका, २०७८ को दफा १६ को उपदफा (२) को देहाय खण्ड (ग) ले पुनर्बीमा दलाललाई सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) ऐन, २०६४ विपरीत कुनै काम गर्न निषेध गरेको अबस्थामा नियामक निकायको कार्यकारी अध्यक्ष पदमा रहेको व्यक्तिले तहगत रुपमा पेश भई आएको टिप्पणी सदर गरी इजाजत दिएको हुँ भन्ने व्यहोरा वयानमा खुलाई लेखाई आफ्नो कुनै जिम्मेवारी नै नभए सरह जिकीर लिई झुठा व्यहोराको वयान गरी यी आरोपीको कार्यबाटै विवादको एलियण्टको अपराधिक यात्राको प्रारम्भ विन्दु तय भएको देखिँदा नियामकीय कमजोरीको संमिश्रण समेत प्रस्तुत कसुरमा रहे भएको देखिँदा यी आरोपीका हकमा बिगो रु. २,४०,००,०००।– कायम गरी यी आरोपी सुर्य प्रसाद सिलवाललाई सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३० को उपदफा (९) बमोजिमको सजायको मागदाबी लिईएको छ।

९. <u>फक्स टुर्स एण्ड ट्राभल्स प्रा.लि. का हकमा</u>

सिद्धार्थ बैंक लि. ऋणी फक्स ट्राभल एण्ड टुर्स प्रा. लि. (२४७७७/२०६८/६९) का नाउँमा दर्ता रहेको बा १९ च ३४०६ (६५१९२१३४३९२१०५) च्यासिस नं.**WDC**2539032**F**362286) को सवारी साधन **Mercedes-Benz** मितिः २०८३/१/२ मा प्रतिवादी दिपक भट्टको इन्फिनिटी होल्डिङ्सको कार्यालयबाट बरामद भई आएकोमा उक्त सवारी प्रतिवादी दिपक भट्टको लगानीलाई लुकाउन प्रतिवादी दिपक भट्टको रकमबाट आफ्नो कम्पनी फक्स ट्राभल एण्ड टुर्स प्रा.लि.को नाममा गाडी किनी सो गाडी भने प्रतिवादी दिपक भट्टलाई नै प्रयोग गर्न दिई सहजीकरण गरेबाट उक्त सवारी साधन कसुरसँग सम्बन्धित रहेको देखिँदा उक्त सवारी साधन जफत प्रयोजनार्थ मनोज कुमार अग्रवाल एकल सञ्चालक रहेको फक्स ट्राभल एण्ड टुर्स प्रा.लि.लाई प्रतिवादी कायम गरिएको छ।

अतः उक्त बा १९ च ३४०६ (६५१९२१३४३९२१०५) च्यासिस नं.**WDC**2539032**F**362286) को सवारी सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ (संशोधन सहित) को दफा ३४ को उपदफा (१) र उपदफा (२) बमोजिम जफत हुन मागदाबी गरिएको छ।

**बिगोको एकमुष्ट गणना तालिकाः**

| व्यक्ति तथा संस्था | विवरण | सम्बद्ध कसूर तर्फ रु. | सम्पत्ति शुद्धीकरण तर्फ |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| दिपक भट्ट | बीमा कसूरबाट प्राप्त रकम | २३,९२,०५,०६४।१० | |
| | बीमा कसूरबाट प्राप्त रकमलाई शुद्धीकरण गर्ने चरणबद्ध कार्य गरेको। | | २१,१५,००,०००।- |
| हिमालयन रिइन्सुरेन्स लिको सञ्चालक समिति | बीमा कसूर गर्ने कार्यमा संलग्न रहेको | २३,९२,०५,०६४।१० | २१,१५,००,०००।- |
| शेखर गोल्छा | | | |
| अमित मोर | | | |
| साहिल अग्रवाल | | | |
| सुवास कुमार झुनझुनवाला | | | |
| साक्षी बंशल गुप्ता | | | |
| रोहित गुप्ता | | | |
| राजीव मोर | | | |
| शुभेच्छा खरेल | | | |
| हिमालय रिइन्सुरेन्स लिका तत्कालिन प्रमुख कार्यकारी अधिकृतहरु उपासना पौडेल र चन्द्रशेखर राममूर्ती तत्कालिन कार्यकारी निर्देशक मनिष कुमार | बीमा कसूर गर्ने कार्यमा संलग्न रहेको | २३,९२,०५,०६४।१० | २१,१५,००,०००।- |
| एलियन्ट इन्सुरेन्स ब्रोकर्स प्रा. लि. को सञ्चालक अध्यक्ष अञ्जना नेपाल | बीमा ऐन अन्तर्गतको कसुर गर्ने कार्यमा प्रत्यक्ष संलग्न रहेको। | २३,९२,०५,०६४।१० | |
| | सम्पत्ति शुद्धीकरण गर्ने कार्यमा संलग्न रहको। | | २१,१५,००,०००।- |
| एलियन्ट इन्सुरेन्स ब्रोकर्स प्रा. लि. | बीमा कसुर गर्ने कार्यमा प्रत्यक्ष संलग्न रहेको। | २३,९२,०५,०६४।१० | |
| | सम्पत्ति शुद्धीकरण गर्ने कार्यमा संलग्न रहको। | | २१,१५,००,०००।- |

| | | | |
|---|---|---|---|
| एलियन्ट इन्सुरेन्स ब्रोकर्स प्रा लिको प्रमुख कार्यकारी अधिकृत सुधिर कुमार मल्लिक | बीमा कसुर गर्ने कार्यमा प्रत्यक्ष संलग्न रहेको । | २३,९२,०५,०६४।१० | |
| | सम्पत्ति शुद्धीकरण गर्ने कार्यमा संलग्न रहको । | | २१,१५,००,०००।- |
| आयुष्मा नेपाल भट्ट | दिपक भट्टलाई सम्पत्ति शुद्धीकरण गर्ने कार्यमा प्रत्यक्ष संलग्न रहेको। | | २१,१५,००,०००।- |
| मनोज कुमार अग्रवाल | दिपक भट्टलाई सम्पत्ति शुद्धीकरण गर्न सहयोग गरेको । | | २,४०,००,०००।- |
| सुर्य प्रसाद सिलवाल | सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ७प. र ७फ. बमोजिम नियामकको हैसियतले गर्नुपर्ने कार्य नगरी दिपक भट्टलाई सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी ऐन/नियमका वाध्यकारी प्रावधानहरु उल्लंघन गरेको । | | २,४०,००,०००।- |
| फक्स ट्राभल एण्ड टुर्स प्रा.लि. | बीमकको रकम दुरुपयोग एवं आर्थिक हिनामिना गरेको । | २,४०,००,०००।०० | २,४०,००,०००।- |
| मृदुला सरीया | बीमकको रकम दुरुपयोग एवं आर्थिक हिनामिना गरेको । | २३,९२,०५,०६४।१० | २१,१५,००,०००।- |

**प्रतिवादीहरुको जफत हुने सम्पत्तिको एकिकृत विवरण :-**

सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ (संशोधन सहित) को दफा ३४ को उपदफा (१) र उपदफा (२) तथा कसूरजन्य सम्पत्ति (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० को दफा ११ बमोजिम जफतको मागदावी लिइएको छ ।

सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा १८ को उपदफा (२) मा उल्लेख भए अनुसार प्रतिवादीले कसुरबाट प्राप्त गरेको सम्पत्ति निःसर्ग गरेको देखिएमा कसुरदारको अन्य सम्पत्तिबाट सोही मुल्य बराबरको सम्पत्ति रोक्का राख्नु पर्ने भन्ने र ऐ. दफा ३४ को उपदफा (२) मा सोही अनुसार अन्य सम्पत्तिबाट जफत गर्नु पर्नेछ भन्ने कानुनी व्यवस्था उल्लेख भए बमोजिम प्रतिवादीहरुले कसुरबाट प्राप्त गरेको सम्पत्ति निःसर्ग गरी हाल सो सम्पत्तिको अवस्था र स्थिति अज्ञात बनाई सकेको देखिँदा निम्न सम्पत्तिहरु दफा ३४ को उपदफा (२) बमोजिम जफतको दावी लिन मनासिव देखिन्छ ।

**क. प्रतिवादी मनोज कुमार अग्रवालको हकमा**

यी प्रतिवादी एकल सञ्चालक रहेको फक्स ट्राभल एण्ड टुर्स प्रा.लि.का नाउँमा दर्ता रहेको देखिएको बा १९ च ३४०६ (६५१९२१३४३९२१०५) च्यासिस नं.**WDC**2539032**F**362286) को सवारी सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ (संशोधन सहित) को दफा ३४ को उपदफा (१) र उपदफा (२) बमोजिम जफत हुन मागदाबी गरिएको छ।

| कम्पनीको नाम | कम्पनी दर्ता नं. | सवारी दर्ता नं. | सवारी इन्जिन नं. | मूल्य | सवारीको किसिम |
|---|---|---|---|---|---|
| सिद्धार्थ बैंक लि. ऋणी फक्स ट्राभल एण्ड टुर्स प्रा. लि. | २४७७७/२०६८/६९ | वा १९ च ३४०६ | ६५१९२१३४ ३९२१०५ | सिद्धार्थ बैंक लि. ऋणी फक्स ट्राभल एण्ड टुर्स प्रा. लि. | २४७७७/२०६८/६९ |

**ख. प्रतिवादी आयुष्मा भट्ट नेपालको हकमाः**

यी प्रतिवादीले कसुरबाट प्राप्त एवं कसुरसँग सम्बन्धित सम्पत्ति निःसर्ग गरेकाले सोही सम्पत्ति जफत गर्न सकिने अबस्था नरहेको हुँदा यी प्रतिवादीका नाउँबाट सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३४ बमोजिम निम्न रोक्का सम्पत्ति जफत हुन मागदाबी लिईएको छ।

| | | |
|---|---|---|
| सिद्धार्थ बैंक लि. | 00121025910 | रु. १,२४,४९,०४१।६७ |

सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३४ (२) बमोजिम निम्न शेयर जफत हुन मागदाबी लिईएको छ।

| कम्पनीको नाम | कम्पनी दर्ता नं. | कित्ता | रकम रु. |
|---|---|---|---|
| हिमालयन इन्भेष्टमेन्ट बैंकर लि. | ३२८६९२ | १६५००० | १,६५,००,०००।- |

**ग. अञ्जना नेपालका हकमाः-**

यी प्रतिवादीले कसुरबाट प्राप्त एवं कसुरसँग सम्बन्धित सम्पत्ति निःसर्ग गरेकाले सोही सम्पत्ति जफत गर्न सकिने अबस्था नरहेको हुँदा यी प्रतिवादीका नाउँबाट सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३४ बमोजिम निम्न रोक्का सम्पत्ति जफत हुन मागदाबी लिईएको छ।

**निम्न शेयर**

| कम्पनीको नाम | कम्पनी दर्ता नं. | कित्ता | रकम रु. |
|---|---|---|---|
| एलियन्ट इन्स्योरेन्स ब्रोकर्स प्रा. लि. | प्रा. लि. दर्ता नं.२८५३८३ | ४८०००० | ४,८०,००,०००।- |

**निम्न बैक मौज्दात**

| बैंकको नाम | खाता नं. | मौज्दात रकम रु. |
|---|---|---|
| महालक्ष्मी विकास बैंक | ०४२००८००२५३८७८००००००१ | ४९७५९।१२ |

**घ. एलियन्ट इन्स्योरेन्स ब्रोकर्स प्रा. लि. को हकमा**

यस कम्पनीका खातामा रहेको निम्न रकम सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३४ बमोजिम जफत हुन मागदाबी लिईएको छ।

**निम्न बैंक खाता**

| बैंकको नाम | खाता नं. | मौज्दात रकम रु. | कैफियत |
|---|---|---|---|
| हिमालयन वैंक लि. | १२०२२१९४१३००१४ | ९०८०००० | नीता अग्रवालबाट फिर्ता रकम। |
| नेपाल इन्भेष्टमेन्ट मेघा वैक | ००१०१०१०३४३०७७ | ७२०१७०९।४७ | |
| हिमालयन वैक लि. | १२०२२१९४१३००१४ | ८५५६६०१७।१३ | नीता अग्रवालबाट जम्मा गरेको बाहेकको रकम। |
| जम्मा | | **१०१८४७७२६।६०** | |

**<u>सजाय कम वा सजायमा छुटको मागदावी र आधारः ×</u>**

**<u>क्षतिपूर्तिको मागदावीः</u>**

हिमालयन रि-इन्स्योरेन्स लि.ले एलियन्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि.को खातामा जम्मा गरिदिएको रु. २३,९२,००,०००।– (तेईस करोड बयानब्बे लाख रुपैंया) हिमालयन रि-इन्स्योरेन्स लि.लाई प्रतिवादीहरु दिपक भट्ट, शेखर गोल्छा, अमित मोर, साहिल अग्रवाल, सुवास कुमार झुनझुनवाला, साक्षी वंशल गुप्ता, रोहित गुप्ता, राजिव मोर, सुभेच्छा खरेल, उपासना पौडेल, चन्द्रशेखरन रामामूर्ति, मनिष कुमार, अन्जना नेपाल, सुधिर कुमार मल्लिक, मृदुला सरिया, आयुष्मा नेपाल भट्टबाट फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ४१ समेत बमोजिम क्षतिपूर्ति दिलाई भराई पाउँ। साथै, अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम कसुरदारहरुबाट पीडित राहत कोषमा क्षतिपुर्ति शुल्क जम्मा गराई पाउँ ।

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट दायर भएको सम्पत्ति शुद्धीकरणको मुद्दाको आरोपी दिपक भट्ट र रोहित गुप्ता सम्पत्ति शुद्धीकरण समेतको विशेष अदालतमा दायर मुद्दा समेततको रोहमा पुर्पक्षको क्रममा हाल कारागारमा थुनामा रहेकोले निज प्रतिवादीहरुलाई यस मुद्धामा झिकाई बयान गराई पाउँ।

मौकामा बयान भई हाल अनुपस्थित रहेका तथा मौकामा समेत फरार रहेका प्रतिवादीहरुको हकमा मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ५७, दफा ६४ तथा सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ को दफा ४० बमोजिम म्याद जारी गरी पाउँ ।

**<u>अभियोग दावीसँग सम्बन्धित कानूनी व्यवस्थाः</u>**

**बीमा ऐन, २०७९ मा रहेको सञ्चालक समितिको काम, कर्तव्य, अधिकार**

बीमा ऐन, २०७९ को दफा ५३ मा बीमकको सञ्चालक समितिको काम, कर्तव्य र अधिकार निम्न बमोजिम उल्लेख भएको पाइन्छः

**<u>दफा ५३ को उपदफा (१) मा</u>** बीमकको साधारण सभाबाट हुने काम बाहेक यो ऐन र यस ऐन अन्तर्गत बनेका नियम वा विनिमय,जारी भएका निर्देशन, आदेश, प्रबन्धपत्र, नियमावली र अन्य प्रचलित कानूनको अधिनमा रही बीमकको सम्पूर्ण काम, कर्तव्य र अधिकार सञ्चालक समितिमा निहित रहनेछ भन्ने व्यवस्था रहेको देखिन्छ। साथै सोही दफाको उपदफा (२) मा बीमकको समग्र जोखिम व्यवस्थापन गरी बीमित तथा सर्वसाधारण शेयरधनीको हितमा बीमा व्यवसाय सञ्चालन गर्नु, संस्थागत सुशासन कायम गर्नु र दैनिक काम कारबाहीमा हस्तक्षेप नगर्ने कुराको प्रत्याभूति गर्नु सञ्चालक समितिको कर्तव्य हुनेछ भन्ने व्यवस्था रहेको। यसै गरी सोही दफाको उपदफा (३) मा सञ्चालक समितिको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ भन्ने व्यवस्था रहेको:-

(क) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, विनियम, निर्देशन, आदेश, प्रबन्धपत्र, नियमावली र प्रचलित कानूनको अधिनमा रही आवश्यक विनियम, निर्देशिका र कार्यविधि बनाई लागू गर्ने,

(ख) बीमकको जोखिमाङ्कन, व्यवस्थापन बीमा दावी भुक्तानी, सम्पत्ति तथा दायित्व व्यवस्थापन, वजेट, योजना, तथा अन्य आवश्यक विषयमा नीति तथा योजना तर्जुमा गरी लागू गर्ने, गराउने,

(ग) बीमा व्यावसाय सञ्चालन सम्बन्धमा प्राधिकरणको निर्देशन बमोजिम आवश्यक नीति तथा मापदण्ड स्वीकृत गरी लागू गर्ने गराउने,

(घ) बीमकको चुक्ता पूँजी, बीमा कोष र अन्य चल तथा स्थिर सम्पत्ति प्राधिकरणले निर्धारण गरे बमोजिम कायम राख्न लगाउने,

(ङ) बीमकले अवलम्बन गरेको नीतिको नियमित रुपमा अनुगमन तथा विश्लेषण गरी व्यवस्थापनलाई आवश्यक निर्देशन दिने,

(च) बीमकको बार्षिक प्रतिवेदन सहितको लेखापरीक्षण प्रतिवेदन साधारण सभामा पेश गर्ने,

(छ) प्राधिकरणले समय समयमा तोके बमोजिमका कार्यहरु गर्ने, गराउने।

यसरी सारभूत कानूनले निर्धारण गरेको जिम्मेवारी एवं संस्थाको हित अनुकुल सञ्चालक समितिबाट हुनु पर्ने कामहरु नभएकै कारण हिमालयन रि इन्स्योरेन्स कम्पनी लिमिटेडको रकम दुरुपयोग भई व्यक्तिले प्रयोग गरेको हो भन्ने कुरामा विवाद सञ्चालक कोषको रकम व्यावसायिक उद्देश्य विपरीतका कार्यमा प्रयोग भई व्यक्तिगत हितका लागि सो रकम प्रयोग भएको र यसरी प्रयोग भएको रकमको कानुनी हैसियत प्रस्तुत अनुसन्धानका रोहमा नेपाल बीमा प्राधिकरणको छानबिन प्रतिवेदन समेतबाट कसूरबाट प्राप्त सम्पत्तिमा रुपान्तरण भएको देखियो।

**कार्यकारी प्रमुखको काम, कर्तव्य र अधिकार**

बीमा ऐन, २०७९ को दफा ५८ उपदफा (१) मा सञ्चालक समितिबाट स्वीकृत नीति प्राधिकरणबाट दिईएको निर्देशन र प्रचलित कानून बमोजिम बीमकको दैनिक व्यवसायिक एंव प्रशासनिक कार्य गर्नु कार्यकारी प्रमुखको हुनेछ भन्ने व्यवस्था रहेको। साथै सोही दफाको उपदफा (२) देहायका खण्डमा बीमकको कार्यकारी प्रमुखको काम कर्तव्य अधिकार सञ्चालक समितिबाट प्रत्यायोजित अधिकारको अधिनमा रही हुनेछ भन्ने व्यवस्था रहेको:-

(क) प्रबन्धपत्र र नियमावलीको अधिनमा रही सञ्चालक समितिबाट प्रदत्त अधिकार प्रयोग गर्ने, सञ्चालक समितिको निर्णय लागु गर्ने र बीमकको काम कारवाही तथा कारोबारको रेखदेख तथा नियन्त्रण गर्ने,

(ख) बीमकको बार्षिक बजेट र कार्ययोजना तयार गरी स्वीकृतिको लागि सञ्चालक समितिमा पेश गर्ने,

(ग) बीमकको कर्मचारी विनियमावलीको अधीनमा रही आवश्यक जनशक्ति व्यवस्थापन गर्ने,

(घ) साधारण सभा तथा सञ्चालक समितिबाट गरिएका निर्णय कार्यान्वयन गर्ने गराउने,

(ङ) यो ऐन वा प्राधिकरणको निर्देशन अनुरूप संस्था सञ्चालन गर्ने र संस्थाको प्रभावकारी आन्तरिक नियन्त्रण एवं जोखिम व्यवस्थापन गर्ने,

(च) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, विनियम, निर्देशन वा आदेश, प्रबन्धपत्र र नियमावलीको अधीनमा रही बीमकले प्राधिकरण वा अन्य निकायमा पेश गर्नु पर्ने प्रतिवेदन, विवरण, कागजात, निर्णय यथासमयमा पेश गर्ने।

(३) कार्यकारी प्रमुख आफ्नो कामको निमित्त सञ्चालक समिति समक्ष उत्तरदायी हुनेछ।

**बीमा ऐन, २०७९ को दफा १४० मा रहेको बीमा कसूर सम्बन्धी व्यवस्था**

ऐनको दफा १४० को उपदफा (१) को खण्ड (छ) र (झ) बमोजिम देहायका काम कारवाहीलाई बीमा कसूर गरेको मानिनेछ भन्ने व्यवस्था रहेकोः-

(छ) बीमकको कर्मचारी पदाधिकारी वा अन्य कसैले बीमालेख जारी गर्दा, बीमा गरिएको सम्पत्ति तथा दायित्वको क्षति मूल्यांकन गर्दा, बीमा दाबी भुक्तानी गर्दा वा बीमा व्यवसाय सञ्चालनको क्रममा कुनै अनियमितता गरेमा वा आर्थिक दुरुपयोग गरेमा,

(झ) कसैले खण्ड (क) देखि (ज) सम्मको कसुर गर्ने उद्योग गरेमा वा त्यस्तो कसुर गर्न कुनै किसिमले मद्दत पुऱ्याएमा।

**बीमा ऐन, २०७९ को दफा १४१ मा रहेको दण्ड सजाय सम्बन्धी व्यवस्था**

ऐनको दफा १४१ को उपदफा (३) मा कसैले दफा १४० को उपदफा (१) खण्ड (ङ), (च), (छ) र (ज) बमोजिमको कसूर गरेमा बिगो जफत गरी देहाय बमोजिमको सजाय हुनेछ भन्ने कानुनी व्यवस्था रहेको छः-

(क) दशलाख रुपैया विगो भए एक वर्ष सम्म कैद,

(ख) दशलाख रुपैया भन्दा बढी पचासलाख सम्म विगो भए दुई वर्ष सम्म कैद,

(ग) पचासलाख रुपैया भन्दा बढीको एक करोड रुपयासम्म विगो भए तीन वर्ष सम्म कैद,

(घ) **एक करोड रुपैया भन्दा बढी जति सुकै विगो भए पनि तीन वर्ष देखि पाच वर्ष सम्म कैद ।**

ऐ. ऐनको दफा १४१ को उपदफा (४) मा दफा १४० को उपदफा (१) को खण्ड (झ) बमोजिमको कसूर गर्ने व्यक्तिलाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजायको आधा हुनेछ भन्ने व्यवस्था रहेको।

पुनर्बिमा दलाल (ब्रोकर) सम्बन्धी निर्देशिका, २०७८ को दफा ६ मा पुनर्बिमा दलालको इजाजत पत्र लिनका लागि निम्न कागजातरु पेश गर्नु पर्ने देखिन्छः

क. संगठित संस्था दर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

ख. प्रबन्धपत्र र नियमावली,

ग. संभाव्यता अध्ययन प्रतिवेदन,

घ. संगठित संस्थाको प्रमुख कार्यकारी अधिकृत वा प्रमुख व्यवस्थापकको व्यक्तिगत विवरण,

ङ. पूँजी बैंक खातामा जम्मा गरेको पुष्टि हुने हिस्सा,

च प्राधिकरणले आवश्यक देखेका अन्य कागजात तथा विवरण।

**सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कृयाकलापमा वित्तीय लगानी सम्बन्धी कसूर**

**सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग ) निवारण ऐन, २०६४ :**

**दफा ३. सम्पत्ति शुद्धीकरण गर्न नहुनेः**

(१) कुनै व्यक्तिले देहायको कुनै कार्य गर्न वा गराउन हुँदैन

क. सम्पत्तिको गैरकानूनी स्रोत (इलिसिट अरिजिन) लुकाउने वा छल्ने वा कसूरमा संलग्न व्यक्तिलाई कानूनी कारबाहीबाट बचाउन सहयोग गर्ने उद्देश्यले कसूरबाट प्राप्त सम्पत्ति हो भन्ने थाहा पाउँदा पाउँदै वा विश्वास गर्नु पर्ने मनासिब आधार हुँदा हुँदै त्यस्तो सम्पत्ति कुनै पनि प्रकारले रूपान्तरण वा हस्तान्तरण गर्ने,

ख. कसूरबाट प्राप्त सम्पत्ति हो भन्ने थाहा पाउँदा पाउँदै वा विश्वास गर्नु पर्ने मनासिब आधार हुँदा हुँदै त्यस्तो सम्पत्तिको सही प्रकृति, स्रोत, स्थान, निःसर्ग (डिस्पोजिसन), कारोबार (मुभमेण्ट), स्वामित्व वा सो सम्पत्ति उपरको अधिकार लुकाउने, छल्ने वा बदल्ने, वा

ग. कसूरबाट प्राप्त सम्पत्ति हो भन्ने जानी जानी वा विश्वास गर्नु पर्ने मनासिब आधार हुँदा हुँदै त्यस्तो सम्पत्ति प्राप्त गर्ने, प्रयोग गर्ने वा धारण गर्ने।

(२) कुनै व्यक्तिले उपदफा (१) बमोजिमको कुनै कार्यको षडयन्त्र, मद्दत, दुरुत्साहन, सहजीकरण, मतसल्लाह वा उद्योग गर्न वा सम्बद्धता वा सहभागिता जनाउन वा मतियार हुन हुँदैन।

(३) कसैले उपदफा (१) वा (२) मा उल्लिखित कुनै कार्य गरेमा त्यस्तो कार्य सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूर हुनेछ।

**दफा ३०. सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कृयाकलापमा वित्तीय लगानी गर्नेलाई सजायः**

१. दफा ३ को उपदफा (१) मा उल्लिखित सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूर गर्ने व्यक्तिलाई बिगोको दोब्बर जरिवाना र कसूरको गाम्भीर्यता हेरी दुई वर्षदेखि पन्ध्र वर्षसम्म कैद हुनेछ ।

२. दफा ३ को उपदफा (२) मा उल्लिखित सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूर मध्ये षडयन्त्र गर्ने व्यक्तिलाई उपदफा (१) बमोजिम र अन्य कसूर गर्ने व्यक्तिलाई उपदफा (१) मा उल्लिखित सजायको आधा सजाय हुनेछ ।

**दफा ३४ सम्पत्ति वा साधन जफत हुने :**

१. सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी सम्बन्धी कसूर प्रमाणित भएमा कसूरसँग सम्बन्धित जो सुकैको नाम, भोग, स्वामित्व वा कुनै पनि प्रकारको स्वार्थ रहे भएको देहायको सम्पत्ति वा साधन जफत हुनेछ

(क) शुद्धीकरण गरिएको सम्पत्ति,

(ख) सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूर गर्न प्रयोग गरिएको वा प्रयोग गर्न खोजिएको कसूरसँग सम्बन्धित साधन,

(ग) आतंकवादी कृयाकलापमा वित्तीय लगानी सम्बन्धी कसूरबाट प्राप्त सम्पत्ति,

(घ) आतंकवादी कार्यमा वित्तीय लगानीको लागि वा आतंककारी कार्य वा आतंककारी व्यक्ति, आतंककारी संगठनले प्रयोग गरेको वा प्रयोग गर्न छुट्याइएको वा प्रयोग गर्न खोजिएको सम्पत्ति, र

(ङ) आतंकवादी कृयाकलापमा वित्तीय लगानी सम्बन्धी कसूर गर्न प्रयोग गरिएको वा प्रयोग गर्न खोजिएको साधन ।

(२) उपदफा (१) मा उल्लिखित सम्पत्ति वा साधन लुकाएको, उपभोग गरेको, निःसर्ग गरेको, निर्दोष व्यक्तिको सम्पत्ति वा साधन भएको वा अन्य कुनै कारणले जफत गर्न नसकिने भएमा कसूरदारको सो मूल्य बराबरको अन्य सम्पत्ति जफत हुनेछ।

**अन्य कुरा खुलाउनुपर्ने भए सो कुराहरुः**

(क) सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा १४क. को उपदफा (३) बमोजिम सम्पत्ति शुद्धीकरण सम्बन्धि कसूरका अतिरिक्त दुई वा सो भन्दा बढी सम्बद्ध कसूरमा अनुसन्धान गर्नु पर्ने देखिएको र कसूर गम्भिर वा जटिल प्रकृतिको देखिएको वा त्यस्तो सम्बद्ध कसूरको अनुसन्धान अधिकारी फरक फरक निकाय रहेको

वा कसूरको प्रकृतिको आधारमा दुई वा सो भन्दा बढी निकाय वा सार्वजनिक संस्था समेतको सहभागितामा अनुसन्धान गर्नुपर्ने देखिएमा विभागका प्रमुखले आवश्यकता अनुसार सम्बन्धित निकाय वा सार्वजनिक संस्थाको प्रमुखसंग परामर्श गरी विभाग त्यस्तो निकाय वा सार्वजनिक संस्थाको प्रतिनिधि रहने गरि संयुक्त अनुसन्धान टोली गठन गर्न सक्ने व्यवस्था बमोजिम प्रस्तुत अनुसन्धानमा सम्पत्ति शुद्धीकरण कसूरका बीमा सम्बन्धी कसूर समेत देखिएकोले बीमा प्राधिकरण, नेपाल प्रहरी केन्द्रीय अनुसन्धान व्युरो र विभाग समेतको सहभागितामा संयुक्त अनुसन्धान टोली गठन भई सोही दफाको उपदफा (५) बमोजिम सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूर र सम्बद्ध कसूर समेतलाई समावेश गरी प्रस्तुत एकीकृत अनुसन्धान प्रतिवेदनको आधारमा अभियोजन सम्बन्धी निर्णय गरिएको ।

(ख) साथै, अनुसन्धानको क्रममा पत्राचार भई प्राप्त हुन बाँकी रहेका पत्र जवाफहरु, रोक्का राखिएका बैंक खाता, जग्गा जमिन, शेयर लगायतका विवरण प्राप्त हुने क्रममा नै रहेको हुँदा प्राप्त भए पश्चात पठाईने छ ।

(ग) प्रस्तुत वारदात घटनाको सम्बन्धमा अन्य कोही कसैको संलग्नता रहे/भएको खुल्न आएका तथा हाल कायम प्रतिवादीहरु उपर थप दाबी लिनुपर्ने तथ्य खुली आएमा सोही बखत मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३५ बमोजिम थप दाबी लिईने छ।

**सबुद/प्रमाण** :

**दशी प्रमाण तथा कसुरसँग सम्बन्धी चिज वस्तु:**

**मनोज कुमार अग्रवालसँग सम्बन्धित**

प्रतिवादी दिपक भट्टको कार्यालय र घरबाट बरामद भएको फक्स ट्राभल एण्ड टुर्स प्रा.लि.को नाममा रहेको वा १९ च ३४०६ च्यासिस नं.WDC2539032F362286 सवारी इन्जिन नं. ६५१९२१३४३९२१०५ रहेको Mercedes-Benz सवारी साधन थान-१ ।

**गवाह** : विमा प्राधिकरणको छानविन प्रतिवेदनका प्रतिवेदक

**देख्ने/सुन्ने** : बुझिएका मानिस : दिप बहादुर बि.सी.,पवन कुमार खड्का, सन्तोष प्रसाईं, सुरेश प्रसाद खत्री, दिपेश बाबु तिवारी, कवि फुँयाल, प्रकाश विक्रम खत्री, शिवनाथ पाण्डे, सुन्दर पन्थी, निता अग्रवाल, सुलभ पाण्डे, कपिल कुमार दाहाल, दिनेश लाल श्रेष्ठ, प्रविण रमण पराजुली, सिताराम वाग्ले, प्रियंक पोखरेल।

**प्रस्तुत कागजातहरु:**

**तपसिल :-**

| सि.नं. | कागजातको विवरण | पाना संख्या |
|---|---|---|
| १ | हिमालयन रि ईन्सुरेन्स लि.महाराजगंज, काठमाडौंको जानकारी सम्बन्धमा पत्र सहितको कागजातहरु च.नं.७५५ मिति २०८३/०१/०५ | १४१ |
| २ | लाईफ इन्स्योरेन्स कर्पोरेशन(नेपाल) लिमिटेडको च.नं.३२९ को जानकारी उपलब्ध गराईएको सम्बन्धमा पत्र च.नं.८९५ मिति २०८३/०२/०५ | ४ |
| ३ | एसिएन लाईफ इन्स्योरेन्स कं.लि.को जानकारी उपलब्ध गराईएको सम्बन्धमा पत्र च.नं.६४७९ मिति २०८३/०२/०४ | १ |

| | | |
|---|---|---|
| ४ | राष्ट्रिय बीमा कम्पनी लि.को जानकारी उपलब्ध गराईएको सम्बन्धमा पत्र च.नं.१०४९ मिति २०८३/०२/०५ | १ |
| ५ | नेपाल पुनर्बीमा कम्पनी लि.को जानकारी उपलब्ध गराईएको सम्बन्धमा पत्र च.नं.१३६२ मिति २०८३/०२/०६ | १ |
| ६ | प्रोटेक्टीभ माइक्रो इन्स्योरेन्स लि.को माग भए बमोजिमको जानकारी उपलब्ध गराइएको सम्बन्धमा पत्र च.नं.१०४९ मिति २०८३/०२/०५ | १ |
| ७ | आइएमई लाइफ इन्स्योरेन्स लि.को जानकारी उपलब्ध गराईएको सम्बन्धमा पत्र च.नं.२६०४ मिति २०८३/०२/०४ | १ |
| ८ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लि.को जानकारी सम्बन्धमा पत्र च.नं.१८७५ मिति २०८३/०२/०४ | १ |
| ९ | सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स लि.को विवरण पेश गरेको सम्बन्धमा पत्र च.नं.८७० मिति २०८३/०२/०४ | १ |
| १० | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका अनुसन्धान अधिकृत समक्ष सम्पत्ति शुद्धीकरण कसुरको अनुसन्धानको क्रममा शिवनाथ पाण्डेले गरेको कागज | ३ |
| ११ | हिमालयन लाइफ इन्स्योरेन्स लि.को जानकारी उपलब्ध गराइएको सम्बन्धमा पत्र च.नं.४०६१ मिति २०८३/०२/०५ | १ |
| १२ | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका अनुसन्धान अधिकृत समक्ष सम्पत्ति शुद्धीकरण कसुरको अनुसन्धानको क्रममा कपिल कुमार दाहालले गरेको कागज | ३ |
| १३ | नेपाल बीमा प्राधिकरणको छानविन गरी प्रतिवेदन पेश गरिएको बारे पत्र च.नं.७१०८ मिति २०८३/०२/०७ | १ |
| १४ | एनएलजी इन्स्योरेन्स कम्पनी लि.को एलिएन्ट इन्स्योरेन्स ब्रोकर प्रा.लि.संग आर्थिक वर्ष २०८२/२०८३ को तेश्रो त्रैमासिक सम्मको हिसाव विवरण सम्बन्धमा पत्र च.नं.२९१० मिति २०८३/०२/०७ | २७ |
| १५ | राष्ट्रिय जीवन बीमा कम्पनी लि.को जानकारी उपलब्ध गराईएको सम्बन्धमा पत्र च.नं.२० मिति २०८३/०२/०७ | १ |
| १६ | दिनेशलाल श्रेष्ठको सवारीचालक अनुमति पत्रको प्रतिलिपी | १ |
| १७ | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका अनुसन्धान अधिकृत समक्ष सम्पत्ति शुद्धीकरण कसुरको अनुसन्धानको क्रममा दिनेशलाल श्रेष्ठले गरेको कागज | ३ |
| १८ | सन्तोष प्रसाईको सवारीचालक अनुमति पत्रको प्रतिलिपी | १ |

| | | |
|---|---|---|
| १९ | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका अनुसन्धान अधिकृत समक्ष सम्पत्ति शुद्धीकरण कसुरको अनुसन्धानको क्रममा सन्तोष प्रसाईले गरेको कागज | ३ |
| २० | प्रविण रमण पराजुलीको सवारीचालक अनुमति पत्रको प्रतिलिपी | १ |
| २१ | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका अनुसन्धान अधिकृत समक्ष सम्पत्ति शुद्धीकरण कसुरको अनुसन्धानको क्रममा प्रविण रमण पराजुलीले गरेको कागज | ३ |
| २२ | सुरेश प्रसाद खत्रीको परिचयपत्रको प्रतिलिपी | १ |
| २३ | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका अनुसन्धान अधिकृत समक्ष सम्पत्ति शुद्धीकरण कसुरको अनुसन्धानको क्रममा सुरेश प्रसाद खत्रीले गरेको कागज | ३ |
| २४ | दिप बहादुर बि.सीको परिचयपत्रको प्रतिलिपी | १ |
| २५ | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका अनुसन्धान अधिकृत समक्ष सम्पत्ति शुद्धीकरण कसुरको अनुसन्धानको क्रममा  दिप बहादुर बि.सीले गरेको कागज | ३ |
| २६ | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका अनुसन्धान अधिकृत समक्ष सम्पत्ति शुद्धीकरण कसुरको अनुसन्धानको क्रममा कवि फुयालले गरेको कागज | ३ |
| २७ | प्रकाश बिक्रम खत्रीको नागरिकताको प्रतिलिपी | १ |
| २८ | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका अनुसन्धान अधिकृत समक्ष सम्पत्ति शुद्धीकरण कसुरको अनुसन्धानको क्रममा प्रकाश बिक्रम खत्रीले गरेको कागज | ३ |
| २९ | दिपेश बाबु तिवारीको परिचयपत्रको प्रतिलिपी | १ |
| ३० | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका अनुसन्धान अधिकृत समक्ष सम्पत्ति शुद्धीकरण कसुरको अनुसन्धानको क्रममा दिपेश बाबु तिवारीले गरेको कागज | ३ |
| ३१ | पवन कुमार खड्काको स्थायी लेखा नं. परिचयपत्र | १ |
| ३२ | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका अनुसन्धान अधिकृत समक्ष सम्पत्ति शुद्धीकरण कसुरको अनुसन्धानको क्रममा प्रविण पवन कुमार खड्काले गरेको कागज | ३ |
| ३३ | सुन्दर पन्थीको मतदाता परिचय पत्रको प्रतिलिपी | १ |
| ३४ | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका अनुसन्धान अधिकृत समक्ष सम्पत्ति शुद्धीकरण कसुरको अनुसन्धानको क्रममा सुन्दर पन्थीले गरेको कागज | ३ |
| ३५ | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका संयुक्त अनुसन्धान टोलीका संयोजक समक्ष अनुसन्धानको क्रममा दिपक भट्टले  गरेको थप बयान | ८ |
| ३६ | नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि.को  खुलाई पठाइएको सम्बन्धमा पत्र मिति २०८३/०३/०४ | १ |

| | | |
|---|---|---|
| ३७ | मुकेश कुमार कपुरको सवारी चालक अनुमति पत्र प्रतिलिपी | १ |
| ३८ | मुकेश कुमार कपुरको अंग्रेजीमा लेखेको कागज | १ |
| ३९ | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका संयुक्त अनुसन्धान टोलीका संयोजक समक्ष अनुसन्धानको क्रममा मुकेश कुमार कपुरले गरेको कागज | ६ |
| ४० | सिताराम वाग्लेको नागरिकताको प्रतिलिपी | १ |
| ४१ | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका संयुक्त अनुसन्धान टोलीका संयोजक समक्ष अनुसन्धानको क्रममा सिताराम वाग्लेले गरेको कागज | ६ |
| ४२ | सिताराम वाग्लेले कागजमा सोधनी भएका सवालको प्रमाण तथा कागजातहरु भनी पेश भएका कागजातहरु | ३१ |
| ४३ | हिमालयन रि-इन्सोरेन्स लि.र एलिएन्ट इन्स्योरेन्स ब्रोकर्स प्रा.लि.को सम्झेतापत्र सहितको कागजातहरु | २० |
| ४४ | हिमालयन रि-इन्स्योरेन्स लि.को विवरण खुलाई पठाईएको सम्बन्धमा पत्र च.नं.५४३ मिति २०८२/११/२५ | २ |
| ४५ | एलिएन्ट इन्स्योरेन्स ब्रोकरको एडभान्स दिएको विवरन मिति १० जुलाई २०२४ | ६ |
| ४६ | सुलभ पाण्डेको मतदाता परिचय पत्रप्रतिलिपी | १ |
| ४७ | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका संयुक्त अनुसन्धान टोलीका संयोजक समक्ष अनुसन्धानको क्रममासुलभ पाण्डेले गरेको कागज | ६ |
| ४८ | प्रियङ्क पोखरेलको सवारी चालक अनुमति पत्रको प्रतिलिपी | १ |
| ४९ | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका संयुक्त अनुसन्धान टोलीका संयोजक समक्ष अनुसन्धानको क्रममा प्रियङ्क पोखरेलले गरेको कागज | ८ |
| ५० | प्रियङ्क एण्ड एसोसेट्सको Independent Auditor's Report | २२ |
| ५१ | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट नेपाल बीमा प्राधिकरण, ललितपुरलाई लेखिएको पत्र च.नं.४२९ मिति २०८३/०२/१४ | १ |
| ५२ | नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि.को खाता रोक्का राखि विवरण पठाइएको सम्बन्धमा पत्र च.नं.१०६ मिति २०८३/०२/११ | ३ |
| ५३ | अन्जना नेपालको बैंक स्टेटमेन्ट | ५ |
| ५४ | सिद्धार्थ बैंक लि.को विवरन पठाईएको सम्बन्धमा पत्र च.नं.४०३८ मिति २०८३/०१/२१ | २८ |
| ५५ | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट कम्पनी रजिष्टारको कार्यालय, नेपाल बीमा प्राधिकरणलाई लेखिएको पत्र क्रमस..च.नं.४३१, ३३३ मिति २०८३/०२/१७, २०८३/०१/१७ | ३ |

| | | |
|---|---|---|
| ५६ | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका संयुक्त अनुसन्धान टोलीका संयोजक समक्ष अनुसन्धानको क्रममा निता अग्रवालले  गरेको कागज | ४ |
| ५७ | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका संयुक्त अनुसन्धान टोलीका संयोजक समक्ष अनुसन्धानको क्रममा सुभाष कुमार झुनझुनवालाले  गरेको थप बयान | १० |
| ५८ | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट प्रहरी सुरक्षा एकाई सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागलाई लेखिएको पत्र च.नं.४५४,४५५,४५६ र ४५७ मिति २०८३/०२/२० | ४ |
| ५९ | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट सिद्धार्थ बैंक, कुमारी बैंक र महालक्ष्मी बैंकलाई लेखिएको पत्र क्रमस..च.नं.४४९, ४५० र ४५१ मिति २०८३/०२/१९ | ३ |
| ६० | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट नेपाल बीमा प्राधीकरण ललितपुरलाई लेखिएको पत्र च.नं.५२५  मिति २०८३/०३/०३ | २ |
| ६१ | चन्द्रसेकरण राममुर्तीको निवेदन | २ |
| ६२ | हिमालयन रि-इन्स्योरेन्स लि.को Organizational Hierarchy, Functional responsibilities, and Territory allocation  लगायतका कागजातहरु | ४७ |
| ६३ | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका प्रहरी निरीक्षक रीता पैडेलले संयुक्त अनुसन्थान टोलीका संयोजकलाई लेखिएको पत्र च.नं.११-० मिति २०८३/०३/०८ | २ |
| ६४ | नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि., दरबारमार्ग, काठमाडौंको खुलाई पठाईएको सम्बन्धमा पत्र च.नं.१४० मिति २०८३/०३/०४ | १ |
| ६५ | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट कारागार कार्यालय, डिल्लीबजार, काठमाडौंलाई लेखिएको पत्र च.नं.१११ मितिः २०८३/०३/०८ | १ |
| ६६ | विशेष अदालत, काठमाडौं इजलास नं.१ को आदेश मिति २०८३/०५/०४ | १ |
| ६७ | कारागार कार्यालय डिल्लीबजार, काठमाडौंको उपस्थित गराईएको सम्बन्धमा पत्र च.नं.९९४ मिति २०८३/०५/०५ | १ |
| ६८ | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट नेपाल प्रहरी प्रधान कार्यालय, केन्द्रीय अनुसन्धान व्यूरो, लाजिम्पाट, काठमाडौंलाई लेखिएको पत्र च.नं.१०१ मिति २०८३/०४/२२ | १ |
| ६९ | नेपाल प्रहरी प्रधान कार्यालय, केन्द्रीय अनुसन्धान व्यूरो, लाजिम्पाट, काठमाडौंको सदस्य तोकी पठाएको सम्बन्धमा पत्र च.नं. २०२२  मिति २०८३/०५/०५ | १ |
| ७० | हिमालयन रि इन्स्योरेन्स लिमिटेड र एलिएन्ट इन्स्योरेन्स ब्रोकर प्रा.लि.का संकलित कागजातहरु | ३१६ |

| | | |
|---|---|---|
| ७१ | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट नेपाल बीमा प्राधिकरणलाई छानविन गरी प्रतिवेदन पेश गर्ने सम्बन्धमा लेखिएको पत्र | १ |
| ७२ | नेपाल बीमा प्राधिकरणले हिमालयन रि-इन्स्योरेन्स लिमिटेड र एलिएण्ट इन्स्योरेन्स ब्रोकर प्रा.लि.को प्रतिवेदन तयार गरिएको पत्र सहितको कागजातहरु | १९ |
| ७३ | यातायात व्यवस्था कार्यालय, साना/ठुला सवारी, एकान्तकुना, ललितपुरको रोक्का राखिएको सम्बन्धमा पत्र च.नं.२०२७ मितिः २०८३/०३/१५ | १ |
| ७४ | महालक्ष्मी विकास बैंक लि. ले च.नं. 2495 मिति 2082/12/18 मा जानकारी पठाइएको पत्र र साथमा संलग्न कागजात | २५ |
| ७५ | हिमालयन रिइन्स्यारेन्स लिमिटेड को मित 2080 असोज 9 गतेको संचालक समितिको बैठक नं42 को संलग्न कागजात | २ |
| ७६ | Citizen Life Insurance ले च.नं 3924 मिति 2083/02/04 मा जानकारी उपलब्ध गराईएको सम्बन्धमा पत्र | १ |
| ७७ | गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेडले च.नं 2193 मिति 2083/02/04 मा जानकारी उपलब्ध गराईएको सम्बन्धमा पत्र | १ |
| ७८ | नेपाल लाइफ इन्स्योरेन्सले च.नं H-2375 मिति 2083/02/04 मा जानकारी उपलब्ध गराईएको सम्बन्धमा पत्र | १ |
| ७९ | Citizen Life Insurance ले च.नं 3924 मिति 2083/02/04 मा जानकारी उपलब्ध गराईएको सम्बन्धमा पत्र | १ |
| ८० | Liberty Micro Life ले च.नं 1368 मिति 2083/02/04 मा जानकारी उपलब्ध गराईएको सम्बन्धमा पत्र | १ |
| ८१ | सन नेपाल लाइफ इन्स्योरेन्स कं.लि.ले च.नं 22 मिति 2083/02/04 मा जानकारी उपलब्ध गराईएको सम्बन्धमा पत्र | १ |
| ८२ | MetLife ले च.नं CN RI6/2026 मिति 2083/02/04 मा जानकारी उपलब्ध गराईएको सम्बन्धमा पत्र | १ |
| ८३ | IMELiFE Ensuring Future च.नं 2604 मिति 2083/02/04 मा जानकारी उपलब्ध गराईएको सम्बन्धमा | १ |
| ८४ | सानिमा जिआईसी इन्स्योरेन्स लि. ले च.नं1035 मिति 2083/02/04 मा जानकारी गराईएको बारे पत्र र साथमा संलग्न कागजात | ३ |
| ८५ | कम्पनी रजिष्ट्रारको कार्यालयले च.नं. 77511 मिति 2081/02/06 मा संचालक लगत तथा शेयर लगत अभिलेख सम्बन्धमा पठाएको पत्र र साथमा संलग्न कागजात | ६ |

| | | |
|---|---|---|
| ८६ | Department of Money Laundering Investigation को A.D.June 16, 2026 NOTICE TO APPEAR | १ |
| ८७ | The Rising Nepal को संलग्न पत्रिका | २ |
| ८८ | महालक्ष्मी विकास बैंक लि.को च.नं. 2947 मिति 2083/02/27 जानकारी पठाइएको बारे पत्र र साथमा संलग्न कागजात | १२ |
| ८९ | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागद्धारा श्री नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेड , काठमाडौं लाई च.नं407 मिति 2083/02/08 मा सम्पत्ति/खाता रोक्का आदेश बारे पठाएको पत्र | १ |
| ९० | हिमालयन बैंक लिमिटेड ले च.नं30394 मिति 2083/02/13 मा बैक खाता रोक्का गरिएको सम्बन्धमा पठाएको पत्र | १ |
| ९१ | Alliant Insurance Broker ले A.D.10.05.2023 मा Himalayan RE Insurance Company मा पठाएको पत्र, साथमा रु.75000000।00 संलग्न कागजात | ३ |
| ९२ | Alliant Insurance Broker ले A.D.19.06.2023 मा Himalayan RE Insurance Company मा पठाएको पत्र, साथमा रु.60000000।00 र जनरल भौचर | ३ |
| ९३ | नेपाल बीमा प्राधिकरण ले च.नं 7506 मिति 2083/02/21 मा प्राविधिक विवरण र. कागजात पेश गरिएको सम्बन्धमा पठाएको पत्र संलग्न कागजात र यस विभागले पठाएको पत्रलाई तोक लगाई पठाएको प्रतिलिपि सहित | ३९ |
| ९४ | एभरेष्ट बैंक लिमिटेडमा Nita Agrawal को चेक बाट A.D.2026/06/23 मा Alliant Insurance Brokers Pvt. Ltd. मा जम्मा गरेको रु.9080000।00 को भौचर | १ |
| ९५ | Siddhartha Bank ले च.नं. 4613मिति 2083/02/19 मा विवरण पठाईएको सम्बन्धमा पत्र र साथमा संलग्न कागजात | १६ |
| ९६ | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले च.नं. 586 मिति 2083/02/28 मा श्री यातायात व्यवस्था कार्यालय, साना/ठुला सवारी साधनको कार्यालय एकान्तकुना, ललितपुर लाई रोक्का आदेश सम्बन्धमा लेखिएको पत्र | १ |
| ९७ | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले च.नं. 523 मिति 2083/03/04 मा श्री एनआईबि बैंक दरबारमार्ग, काठमाडौंलाई विवरण उपलब्ध गराई दिने बारे लेखिएको पत्र | १ |
| ९८ | मनोज कुमार अग्रवालको नागरिकताको प्रतिलिपि | १ |
| ९९ | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागसमक्ष मनोज कुमार अग्रवालले गरेको बयान। | ८ |

| | | |
|---|---|---|
| १०० | NIMB बैंकले मिति 2083/02/11, 2083/02/18 मा खाता रोक्का राखि विवरण पठाईएका सम्बन्धमा पत्र | ३ |
| १०१ | हिमालयन बैंक लिमिटेडले च.नं. 3843 मिति 2083/03/08 मा विवरण उपलब्ध गराईएको सम्बन्धमा पत्र सहित संलग्न कागजात | ४ |
| १०२ | कम्पनी रजिष्ट्रारको कार्यालयले च.नं.2787 मिति 2083/02/19 मा विवरण उपलब्ध गराईएको सम्बन्धमा पत्र सहित संलग्न कागजात | २७ |
| १०३ | कम्पनी रजिष्ट्रारको कार्यालयले च.नं.2974 मिति 2083/03/03 मा रोक्का राखी जानकारी पठाइएको सम्बन्धमा पत्र | १ |
| १०४ | कम्पनी रजिष्ट्रारको कार्यालयले च.नं.2986 मिति 2083/03/03 मा रोक्का राखी जानकारी पठाइएको सम्बन्धमा पत्र | १ |
| १०५ | The Rising Nepal को पत्रिका | १ |
| १०६ | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट हिमालयन बैंक लि.,काठमाडौंमा लेखिएको पत्र च.नं.५२४ मिति २०८३/०३/०४ | १ |
| १०७ | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको च.नं.५२ मिति २०८३/०३/ ०४ गतेको पत्र र यातायात व्यवस्था कार्यालय, साना/ठुला सवारी एकान्तकुना, ललितपुर ले च.नं 1755 मिति 2083/02/07 मा विवरण पठाएको बारेमा पत्र र साथमा संलग्न अन्य कागजात | ८ |
| १०८ | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले च.नं. 400 मिति 2083/03/07 मा खुलाई पठाई दिनु हुन श्री दिपक गौतम एण्ड प्रा.ली. काठमाडौं लाई लेखेको पत्र | १ |
| १०९ | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले च.नं. 402 मिति 2083/02 /07 मा यातायात व्यवस्था कार्यालय, साना/ठुला सवारी एकान्तकुना, ललितपुरलाई खुलाई पठाई दिन लेखेको पत्र | १ |
| ११० | यातायात व्यवस्था कार्यालय, साना/ठुला सवारी एकान्तकुना, ललितपुर, नेपालले च.नं. 1753 मिति 2083/02/07 मा खुलाई पठाईएको बारे पत्र | ११ |
| १११ | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग समक्ष अनुसन्धानको क्रममा सुर्य प्रसाद सिलवालले गरेको बयान मिति २०८३/०३/११ | ४ |
| ११२ | सम्पत्ति शुद्धीकरण आनुसन्धान विभागमा गठित संयुक्त अनुसन्धान टोलीका संयोजक/सदस्य समक्ष अनुसन्धानको क्रममा अमित मोरले गरेको बयान मिति २०८२/१२/०८ | ६ |

| | | |
|---|---|---|
| ११३ | सम्पत्ति शुद्धीकरण आनुसन्धान विभागमा गठित संयुक्त अनुसन्धान टोलीका संयोजक/सदस्य समक्ष अनुसन्धानको क्रममा राजिब मोरले गरेको बयान मिति २०८२/१२/०९ | ६ |
| ११४ | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले च.नं. 583 मिति 2083/03/12 मा श्री यातायात व्यवस्था कार्यालय, साना/ठुला सवारी साधनको कार्यालय एकान्तकुना, ललितपुर लाई रोक्का आदेश सम्बन्धमा लेखिएको पत्र | १ |
| ११५ | दिपक भट्टको नाउँको बैंक स्टेटमेन्ट | ७ |
| ११६ | आयुष्मा नेपाल भट्टको नाउँको सिद्धार्थ बैंक लि.को बैंक स्टेटमेन्ट | १५ |
| ११७ | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले च.नं. 584 मिति 2083/03/12 मा श्री सानिमा बैंक लिमिटेडलाई रोक्का आदेश सम्बन्धमा लेखिएको पत्र | १ |
| ११८ | श्री यातायात व्यवस्था कार्यालय, साना/ठुला सवारी साधनको कार्यालय एकान्तकुना, ललितपुरको रोक्का राखिएको सम्बन्धमा पत्र च.नं.२०२७ मिति २०८३/०३/१५ | १ |
| ११९ | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट सिडिएस एण्ड क्लियरिङ्ग लि., काठमाडौंलाई लेकिएको पत्र च.नं.६०३ मिति 2083/0३/१५ | २ |
| १२० | सम्पत्ति शुद्धीकरण आनुसन्धान विभागमा गठित संयुक्त अनुसन्धान टोलीका संयोजक/सदस्य समक्ष अनुसन्धानको क्रममा उपासना पौडेलले गरेको बयान मिति २०८२/१२/०९ | ८ |
| १२१ | सिडिएस एण्ड क्लियरिङ्ग लि., काठमाडौंको शेयर रोक्का सम्बन्धमा पत्र च.नं.३५१६ मिति २०८३।०३।१५ | २ |
| १२२ | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट कम्पनी रजिष्टारको कार्यालय, काठमाडौंलाई लेखिएको पत्र च.नं.६२० मिति २०८३/०३/१७ | १ |
| १२३ | सम्पत्ति शुद्धीकरण आनुसन्धान विभागमा गठित संयुक्त अनुसन्धान टोलीका संयोजक/सदस्य समक्ष अनुसन्धानको क्रममा साहिल अग्रवालले गरेको बयान मिति २०८२/१२/०८ | ८ |
| १२४ | सम्पत्ति शुद्धीकरण आनुसन्धान विभागमा गठित संयुक्त अनुसन्धान टोलीका संयोजक/सदस्य समक्ष अनुसन्धानको क्रममा रोहित गुप्ताले गरेको बयान मिति २०८२/१२/०५ | ८ |
| १२५ | सम्पत्ति शुद्धीकरण आनुसन्धान विभागमा गठित संयुक्त अनुसन्धान टोलीका संयोजक/सदस्य समक्ष अनुसन्धानको क्रममा सुभेच्छा खरेलले गरेको बयान मिति २०८२/१२/०८ | ५ |

| | | |
|---|---|---|
| १२६ | सम्पत्ति शुद्धीकरण आनुसन्धान विभागमा गठित संयुक्त अनुसन्धान टोलीका संयोजक/सदस्य समक्ष अनुसन्धानको क्रममा शेखर गोल्छाले गरेको बयान मिति २०८२/१२/०८ | ७ |
| १२७ | सम्पत्ति शुद्धीकरण आनुसन्धान विभागमा गठित संयुक्त अनुसन्धान टोलीका संयोजक/सदस्य समक्ष अनुसन्धानको क्रममा मनिष कुमारले गरेको बयान मिति २०८२/१२/११ | ३ |
| १२८ | मृदुला सरियाको एलिएन्ट इन्स्योरेन्स ब्रोकर प्रा.लि.को Transaction | १ |
| १२९ | सम्पत्ति शुद्धीकरण आनुसन्धान विभागमा गठित संयुक्त अनुसन्धान टोलीका संयोजक/सदस्य समक्ष अनुसन्धानको क्रममा मृदुला सरियाले गरेको कागज मिति २०८३/०४/२८ | ३ |
| १३० | सम्पत्ति शुद्धीकरण आनुसन्धान विभागमा गठित संयुक्त अनुसन्धान टोलीका संयोजक/सदस्य समक्ष अनुसन्धानको क्रममा शेखर गोल्छाले गरेको बयान मिति २०८३/०४/२९ | १० |
| १३१ | सम्पत्ति शुद्धीकरण आनुसन्धान विभागमा गठित संयुक्त अनुसन्धान टोलीका संयोजक/सदस्य समक्ष अनुसन्धानको क्रममा सुभेच्छा खरेलले गरेको बयान मिति २०८३/०५/०१ | १० |
| १३२ | सम्पत्ति शुद्धीकरण आनुसन्धान विभागबाट विशेष अदालत, काठमाडौंलाई लेखिएको पत्र च.नं.१०८ मिति २०८३/०५/०३ | १ |
| १३३ | सम्पत्ति शुद्धीकरण आनुसन्धान विभागबाट प्रहरी सुरक्षा एकाईलाई लेखिएको पत्र च.नं.१०९ मिति २०८३/०५/०३ | १ |
| १३४ | सम्पत्ति शुद्धीकरण आनुसन्धान विभागमा गठित संयुक्त अनुसन्धान टोलीका संयोजक/सदस्य समक्ष अनुसन्धानको क्रममा रोहित गुप्ताले गरेकोबयान मिति २०८३/०५/०५ | १० |
| १३५ | बीमा समितिको कागजात विवरथ पेश गर्ने सम्बन्धमा पत्र सहितको कागजातहरु च.नं. ३८२ मिति २०७८।०४।२५ | २९ |
| १३६ | एलियन्ट इन्सुरेन्स ब्रोकस प्रा.लि.को Feasibility Report साग सम्बन्धी कागजातहरु | २९ |
| १३७ | एलियन्ट इन्सुरेन्स ब्रोकसको शर्तहरु पुरा गरिएको सम्बन्धमा पत्र सहितको कागजातहरु मिति २०७९।०५।०६ | १४ |
| १३८ | मृदुला सरियाको नागरिकताको प्रतिलिपि | १ |
| १३९ | ज्योति कुमार नेपालको नागरिकताको प्रतिलिपि | १ |

| | | |
|---|---|---|
| १४० | सुश्री निता अग्रवालको नागरिकताको प्रतिलिपि | १ |
| १४१ | सम्प्रिति राज कडेलसँग सम्वन्धित कागजातहरु | ३ |
| १४२ | कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचीमा समावेश नभएको बारे सहितको पत्र मिति २०७८।०५।११,२०७७।०९।०३ | २ |
| १४३ | पुनर्बिमा दलाल कम्पनिको कागजात पेशी सम्वन्धमा पत्र सहितको कागजातहरु मिति २०७८।०५।१३ | ३० |
| १४४ | बीमा समितिको सैद्धान्तिक सहमति सम्वन्धमा पत्र सहितको कागजातहरु च.नं. २२४८ मिति २०७८।०८।२६ | ३ |
| १४५ | बीमा समितिको पुनर्बिमा दलाल दर्ता गरी प्रमाणपत्र जारी गरिएको पत्र सहितको कागजातहरु च.नं.४७८९ मिति २०७८।१२।२४ | १३ |
| १४६ | नेपाल बीमा प्राधिकरणको कागजात उपलब्ध गराइएको पत्र चं.नं. ८१३७ मिति २०८३।०३।१० | १ |
| १४७ | बीमा ऐन अन्तर्गतको कसूर ऐन र सम्पत्ति शुद्धिकरणको कसूर गर्न अपनाईएका चरणहरु | १ |
| १४८ | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको च.नं.१५९ मिति २०८३।०५।०२२ गतेको पत्र साथ प्राप्त संयुक्त अनुसन्धान टोलीका संयोजक समक्ष अनुसन्धानको क्रममा उपासना पौडेलले गरेको बयान | ७ |
| १४९ | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट खडा गरिएको बस्तुस्थिति पाना | १ |
| १५० | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको च.नं. ११-२-५८ मिति २०८२/०२/१२ | १ |
| १५१ | प्रारम्भिक जाँचबुझ गरी पेश गरेको प्रतिवेदन मिति २०८२/०७/१२ गते पाना | १७ |
| १५२ | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट खडा गरिएको बस्तुस्थिति पाना | ४ |
| १५३ | नेपाल बीमा प्राधिकरणको च.नं. ८२८१ मिति २०८३।०३।०५ गते | १ |
| १५४ | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको च.नं. ५२५ मिति २०८३।०३।०३ गतेको | २ |
| १५५ | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको च.नं. २५७,२५८,२५९ मिति २०८३।०७।१३ गतेको | १ |
| १५६ | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका महानिर्देशक निर्मल ढकालले गरेको आदेश एवं निर्णय | २ |
| १५७ | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको च.नं. १०१ मिति २०८३/०४/२२ गतेको पत्र | १ |
| १५८ | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको मिति २०८३/०३/३१ गतेको पत्र | १ |
| १५९ | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागलाई के.अ.ब्यूरोबाट लेखेको पत्र पाना | १ |

यसै अभियोगपत्रबाट प्रस्तुत मुद्दाको शुरु कारवाही र किनारा हुन अनुरोध छ ।

कार्यालयको छापः

सरकारी वकीलकोः-

दस्तखतः.............................

नामः गोविन्द प्रसाद हुमागाईं

दर्जाः जिल्ला न्यायाधिवक्ता

कार्यालयः जिल्ला सरकारी वकील कार्यालय,काठमाडौं

मितिः २०८३।०६।२१।०४